# खोज पत्रकारिता अदालतमा



शिव गाउँले

खोज पत्रकारिता केन्द्र

# खोज पत्रकारिता अदालतमा

शिव गाउँले

खोज पत्रकारिता केन्द्र

# खोज पत्रकारिता : अदालतमा

प्रथम संस्करण, २०६९ मंसीर, १,००० प्रति
खोज पत्रकारिता केन्द्र (खोपके)

लेखक : शिव गाउँले
सम्पादक : शरच्चन्द्र वस्ती
भाषा सम्पादन : धर्मराज दाहाल
टाइप सेटिङ : उमाकान्त नेपाल
लेआउट : इफेक्ट
सर्वाधिकार © : लेखक र खोज पत्रकारिता केन्द्रमा सुरक्षित
मूल्य : रू.१२५/-

ISBN: 978-9937-2-6071-8
**Khoj Patrakarita : Adalatma** (2012)

**खोज पत्रकारिता केन्द्र**
पो.ब.नं. २४८४६, जावलाखेल, ललितपुर, नेपाल
फोनः ५५३१४३४
इमेलः mail@cijnepal.org
www.cijnepal.org

मुद्रणः जगदम्बा प्रेस, ललितपुर

यो पुस्तक लेखन र प्रकाशनका लागि फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डको सहमति छ भन्ने होइन ।

# विषय सूची


प्राक्कथन ङ

लेखकीय झ

---

१. परिचय १

२. रिपोर्टिङका विषयवस्तु ३०

३. अपराध, विवाद र यौन ४०

४. प्रस्तुति शैली ४९

५. अवहेलना, गाली बेइज्जती, सूचनाको हक र गोपनीयता ५९

६. अनुसूची ६८

# प्राक्कथन

स्वतन्त्र प्रेस बिना लोकतन्त्रको कल्पना गर्न नसकिए जस्तै स्वतन्त्र न्यायप्रणाली बिना पनि लोकतन्त्रको कल्पना असम्भव हुन्छ। राम्रो छवि र विश्वसनीयता दुवैका प्राणवायु हुन्, बृहत्तर लोकहित दुवैको ध्येय हो अनि नैतिक मूल्य-मान्यताप्रति संवेदनशील रही समाजलाई अघि बढ्दै जाने बाटो प्रशस्त पारिदिनु दुवैको कर्तव्य हो। त्यसैले राज्यका अन्य दुई अंग कार्यपालिका र व्यवस्थापिका भन्दा न्यायपालिकासँग पत्रकारिताको प्रकृतिले बढी तादात्म्य राख्छ। सत्यको खोज दुवैको काम हो; न्यायपालिका आफ्ना सामु उपस्थित भएका-गराइएका मामिला र तिनको सन्दर्भमा सत्य एवं न्यायको निरूपण गर्न क्रियाशील हुन्छ भने पत्रकारिता आफैं सक्रिय भएर यत्र-तत्र-सर्वत्र अहर्निश सत्यको खोजमा लागेको हुन्छ। राज्यबाट स्रोत-साधन, आधिकारिकता र राजकीय शक्ति प्राप्त गर्ने न्यायपालिका ऐन-कानून-प्रमाणको परिधिभित्र रहेर सत्यको खोज गर्छ भने पेशागत दक्षता, विवेक र विश्वसनीयता नै शक्तिको एकमात्र स्रोत रहेको पत्रकारिताले सत्यको खोजमा कुनै सीमा, कुनै घेरा स्वीकार गर्दैन। अरु खोज पत्रकारिता त लुकेको वा लुकाइएको सत्यको खोज र उद्‌घाटनमै एकात्मभावले केन्द्रित हुन्छ; त्यस्तो सत्य –जो 'धर्म' विरुद्ध उभिएको नहोस्, लोकहितप्रति अभिमुख होस्।

प्रेसले न्यायप्रणालीभित्र हुर्किरहेका दुष्प्रवृत्ति खरो भाषामा सार्वजनिक गर्दा र त्यसबाट रन्थनिएर अदालत प्रेसप्रति कठोर हुँदा यदाकदा दुईबीच 'प्रेम र घृणाको सम्बन्ध' जस्तो देखिए पनि यथार्थमा दुवै एक-अर्काका पूरक हुन् र सहयोगी पनि। दुवैले एक-अर्कालाई बाटो देखाउन

सक्छन् । खासगरी समाजमा देखा पर्ने नयाँ प्रवृत्ति, नूतन आकांक्षा, परिवर्तनशील मनोविज्ञान र बदलिइरहेका मूल्य मान्यताहरूको –जसलाई पुराना तर प्रचलित ऐन-नियमले सम्बोधन गर्न सक्तैनन्– चित्र प्रस्तुत गरेर प्रेसले अदालतलाई समयसापेक्ष बन्न सघाउँछ भने भावना वा आवेशमा बगेर गलत दिशातिर अभिमुख हुनबाट जोगिन प्रेसलाई अदालतले सहयोग पुऱ्याउँछ ।

कुनै पनि किसिमको अधिनायकवादले सर्वप्रथम प्रेस र न्यायालयलाई नै कमजोर बनाउन चाहन्छ । नेपालमा पनि प्रजातन्त्रलाई ब्रह्मनालमा पुऱ्याइएको लामो कालखण्डभरि प्रेस र अदालत टाक्सिइरहे । दुवैले एक-अर्कालाई बुझ्न चाहेनन् र सकेनन् पनि । अदालती रिपोर्टिङ 'हात हाल्न नहुने' विषयका रूपमा रह्यो र न्यायप्रणाली भित्रका विकृतिको उद्घाटनलाई अवाञ्छनीय विषय तथा अदालतको मानहानिका रूपमा लिने मनोवृत्तिले काम गरिरह्यो । अलोकतान्त्रिक व्यवस्थाका निम्ति यस्तो स्थिति नितान्त वाञ्छनीय हुने नै भयो । विडम्बना के भने २०४६ मा प्रजातन्त्रको पुन:स्थापना भएपछि पनि त्यसको छायाले निकै वर्षसम्म लखेटिरह्यो । तर केही वर्ष यता प्रेस र अदालत दुवै त्यसबाट मुक्त हुने उपक्रममा लागेका छन् । दुवैले एक-अर्कालाई बुझ्ने क्रम बढ्दो छ । अदालती रिपोर्टिङ व्यापकता र गहिराइ दुवैतर्फ उन्मुख छ । र, यही क्रममा यसका कमजोरी पनि टड्कारो हुँदै गएका छन् ।

यसै सन्दर्भमा तयार पारिएको हो यो पुस्तक । नेपालमा खोज पत्रकारिताको विकास र विस्तारमा डेढ दशकदेखि क्रियाशील खोज पत्रकारिता केन्द्र (खोपके) ले यही विषयमा यस अघि पनि 'अदालती रिपोर्टिङ' नामक पुस्तक प्रकाशित गरिसकेको छ । दुवैका लेखक एकै भएकाले यस पुस्तकमा अदालती रिपोर्टिङका प्रारम्भिक-प्राविधिक कुराहरूभन्दा माथि उठेर विषयवस्तुको सैद्धान्तिक एवं अवधारणागत पक्षतर्फ डोऱ्याउने विशेष प्रयास गरिएको छ । अदालत र न्यायप्रणाली सम्बन्धी मामिलाहरूमा खोज पत्रकारिताले कसरी काम गर्न सक्छ र अदालतमा पुगेका मुद्दा-मामिलाहरू, उसले दिएका आदेश र फैसलाहरू तथा अँध्यारो कोठामा धूलोले पुरिएर बसेका मिसिलहरूमा देश तथा

समाजका निम्ति उपयोगी –र यदाकदा अविश्वसनीय समेत– 'स्टोरी' हरू कसरी लुकेर बसेका हुन्छन् भन्ने कुरा उदाहरणका साथ स्पष्ट पारिएको छ। खोज रिपोर्टरमा चाहिने धैर्य, लगनशीलता, विषयवस्तुको व्यापक ज्ञान र अध्ययनशीलता अनि सामान्य जस्ता लाग्ने घटना एवं प्रकरणभित्र लुकेका असामान्य कुराहरूलाई सुँघ्न र प्रामाणिकता साथ खोतलेर बाहिर ल्याउन सक्ने क्षमता जस्ता विशिष्ट गुणहरूतर्फ समेत यसले गम्भीर ध्यानाकर्षण गराएको छ। न्यायपालिका/न्यायप्रणालीमा केन्द्रित रही खोज पत्रकारिता गर्ने/गर्न चाहनेहरूलाई दक्ष र जिम्मेवार बनाउन यो पुस्तक सहयोगी हुनेमा खोपके विश्वस्त छ।

नेपालमा अदालती रिपोर्टिङ सशक्त र प्रभावकारी बन्नुपर्छ भनेर लागिपरेका, यस पुस्तकका अध्यवसायी लेखक तथा पत्रकार शिव गाउँलेप्रति खोपके हार्दिक आभार व्यक्त गर्दछ। साथै पुस्तक प्रकाशनार्थ सहयोग उपलब्ध गराउने फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डप्रति पनि धन्यवाद ज्ञापन गर्दछ।

**शरच्चन्द्र वस्ती**
सम्पादक
खोज पत्रकारिता केन्द्र (खोपके)

# लेखकीय

लामो समयसम्म दरबार, सेना र न्यायालय नेपाली प्रेसका लागि हाउगुजीका विषय बने। पञ्चायतकालमा मात्रै होइन बहुदलीय शासन व्यवस्थाको पछिल्लो चरणसम्म पनि यी निकायका बारेमा धेरैजसो पत्रकारहरू कानेखुशीमा सीमित हुने वा अरू कुनै वहाना खोजेर पन्छन रुचाउने गर्थे। 'अवहेलनामा कारबाही नचल्ने भए' न्यायालयको बारेमा समाचार लेख्नबाट उम्कन यस्तो वहाना पर्याप्त थियो।

तर, पछिल्ला केही वर्षयता आएर नेपाली प्रेसले संख्यात्मक रूपमा मात्रै विकास गरेको होइन कि विषयवस्तुको 'कभरेज' का दृष्टिले समेत आफ्नो क्षेत्र व्यापक बनाउँदै लगेको छ। यसक्रममा न्यायालय एउटा आकर्षक 'बिट' भएको छ। यसलाई आफ्नो रिपोर्टिङको क्षेत्र बनाएर नाम कमाएका पत्रकारहरूको संख्या बढ्दो क्रममा छ। यसको स्वाभाविक परिणाम दिनहुँजसो पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरूमा न्यायालय सम्बन्धी समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणीले महत्त्वपूर्ण स्थान पाउन थालेका छन्।

समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणीहरूमा न्यायालयको विषयले प्राधान्य पाउने क्रमसँगै यस क्षेत्रमा उत्तिकै कमजोरीहरू पनि देखिन थालेका छन्। विषयवस्तु बुझ्ने क्षमताको अभाव र त्यस्ता विषयवस्तुको प्रस्तुतिमा गरिने त्रुटिले न्यायालय मामिलाको रिपोर्टिङ बढेकै अनुपातमा यसका कमी-कमजोरी पनि बाहिर आउन थालेका छन्। यस क्षेत्रमा क्रियाशील पत्रकारले गरेको यो अनुभवले पुस्तक तयार पार्न महत्त्वपूर्ण प्रेरणा दिएको छ।

ञ।

न्यायालय सम्बन्धी विषयवस्तुको उपयुक्त छनोट र त्यसको प्रस्तुतिलाई व्यावसायिक बनाउन सघाउ पुऱ्याउने उद्देश्यमा यसको विषयवस्तु केन्द्रित छ। न्यायालय किन राजनीतिक समाचार पाइने थलो हो? यहाँ कसरी नयाँ-नयाँ विधिशास्त्रीय मान्यताहरूको विकास भइरहेको हुन्छ? न्यायालयमा कसरी समाजको तस्वीर देख्न सकिन्छ? मानिसले समाज, परिवार वा आफन्तसँग समेत भन्न नसकेका विभिन्न विषयहरू कसरी न्यायालयमार्फत प्रकट हुन्छन्? समग्रमा भन्दा न्यायालय किन समाचारको खानी हो भन्ने विषय बुझाउन पुस्तक एउटा आधार हुन सक्छ।

त्यसबाहेक; न्यायप्रणाली मामिलासँग सम्बन्धित विषयवस्तुको प्रस्तुतिमा अपनाउनुपर्ने सजगता, सूचनाको प्राप्ति, परीक्षण, पुन:परीक्षण जस्ता विषयवस्तु न्यायिक क्षेत्रको रिपोर्टिङमा किन अझ बढी संवेदनशील छन् भन्ने पुस्तकले स्पष्ट गर्छ। कानून पढेर पत्रकारितामा आएका र न्यायालयलाई बिट बनाएर रिपोर्टिङ गर्न इच्छुक पत्रकारका लागि पुस्तक सहयोगी हुन सक्छ। कमी-कमजोरी औंल्याइदिए आगामी संस्करणमा सुधार गर्नेछौं। पुस्तकको पाण्डुलिपि पढेर सुझाव दिनुहुने सर्वोच्च अदालतका सहायक प्रवक्ता हेमन्त रावल र पत्रकार अनन्तराज लुईंटेललाई धन्यवाद।

**शिव गाउँले**
झापा-गौरादह
shivagaunle@gmail.com

# १. परिचय

## १.१ न्यायप्रणाली

संसारका जुनसुकै खाले शासन प्रणालीमा पनि न्यायालयको अस्तित्व देखिन्छ । बहुदलीय प्रजातन्त्र वा लोकतन्त्रमा मात्र होइन, एकदलीय प्रणाली वा अधिनायकवादी शासन सत्ता भएका मुलुकमा पनि न्यायालय रहेको पाइन्छ । संसारका भिन्न भिन्न राजनीतिक पद्धति भएका मुलुकमा कार्यपालिकाले शासन सत्ता सञ्चालन गर्दा र विधायिकाले विधि निर्माण गर्दा त्यसको कार्यान्वयन र पालनामा सन्तुलन हेर्न अर्को एउटा निकायको आवश्यकता ठानियो । त्यसैले संसारका सबैखाले शासन व्यवस्थाले प्रभावकारी वा नाम मात्रका भए पनि न्यायालयको अस्तित्वलाई स्वीकार गरेका छन् ।

सामान्य अर्थमा न्यायालयको काम न्याय दिनु हो । समाजमा बलियाले निर्धालाई, संगठितले असंगठितलाई, धनीले गरीबलाई, पहुँच हुनेले नहुनेलाई, राज्य वा सरकारले नागरिकलाई अन्याय गर्न नपाओस् भनेर स्वतन्त्र न्यायालयको स्थापना गरिएको हुन्छ, जसले कानून र प्रमाणका आधारमा न्याय सम्पादन गर्छ । समाजमा मलाई कसैले अन्याय गर्न सक्दैन, अन्याय भए म न्यायालयबाट उपचार पाउँछु भन्ने सुनिश्चित भएपछि मात्रै मानिसमा केही गर्ने आत्मविश्वास रहन्छ । त्यही आत्मविश्वासका जगमा हामी समुन्नत र न्यायपूर्ण समाजको परिकल्पना गरिरहेका हुन्छौं । त्यसैले स्वतन्त्र न्यायालय लोकतन्त्रको महत्त्वपूर्ण खम्बा हो भन्नेमा विवाद रहन्न ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्रले सम्पूर्ण मानिसहरू जन्मँदै स्वतन्त्र र अधिकारमा समान छन्[१] भन्ने घोषणा गरेको छ। न्यायमा समान पहुँच तथा निष्पक्ष र प्रभावकारी न्यायप्रणाली हिंसात्मक द्वन्द्वसँग सम्बन्धित खतरा न्यूनीकरण गर्ने उपयुक्त उपाय हुन् ।[२] दण्डहीनताको अन्त्यले थप अपराध गर्न र कानून हातमा लिनबाट व्यक्तिहरूलाई निरुत्साहित गर्दछ ।[३] जब विचारहरूबीच द्वन्द्व हुन्छ, न्यायिक उपचारले त्यसका सम्भावित खतराहरूलाई न्यूनीकरण गर्दछ ।[४]

संसद्ले निर्माण गरेको अथवा देशको परम्परामा आधारित कानूनले प्रजातन्त्रमा अदालतको उपस्थिति सुनिश्चित गरेको छ। न्याय प्रदान गर्ने प्रक्रिया मुलुक अनुसार फरक हुनसक्छ । जहाँ न्यायिक उपचारको व्यवस्था प्रभावकारी छैन त्यहाँ विस्तारै विस्तारै विधिको शासन विनाशको बाटोतिर लाग्छ । यस्तो अवस्थामा कुनै पनि बेला मुलुकमा दण्डहीनताको उदय हुन सक्दछ ।[५] भरपर्दा प्रमाणहरूको अभावमा कतिपय अवस्थामा न्यायिक पद्धति गलत कार्य रोक्न असफल पनि हुन्छ । कतिपय अवस्थामा, राज्यले राजनीतिक अभीष्टका कारण अभियोजनलाई फिर्ता पनि गर्न सक्दछ। नेपालमै यस्ता धेरै उदाहरणहरू छन् । पीडितहरूले जति गम्भीर कष्ट भोग्नु परे पनि पीडकहरूलाई सजाय दिइन्न । यस्तो अवस्थामा पीडकबाट अरू गल्ती वा अपराध

---

[१] सन् १९४८ को डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघीय महासभाबाट पारित मानवअधिकारसम्बन्धी प्रस्ताव २१७ (३) को धारा १ । शिव गाउँले सहित : नेपालमा दण्डहीनता, खोज पत्रकारिता केन्द्र ।

[२] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम २००५ । सबैका लागि न्यायमा पहुँच कार्यक्रम, पेज २

[३] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम २००५ । सबैका लागि न्यायमा पहुँच कार्यक्रम, पेज २–३

[४] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम २००५ । सबैका लागि न्यायमा पहुँच कार्यक्रम, पेज ४

[५] एम्नेष्टी इन्टरनेशनल, २००१: दण्डहीनताको अन्त्य: यातना पीडितको लागि न्याय, एलेन प्रेस युके, पेज नं. ८०

हुनसक्छ। किनकि पीडक निश्चित हुन्छ कि अपराध गरे बापत उसले कुनै सजाय भोग्नुपर्दैन।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (ग) ले भ्रष्टाचार र दण्डहीनताको निराकरण गर्न, सुशासन कायम गर्न र राष्ट्रका अरू उद्देश्य प्राप्तिका लागि राज्यलाई जिम्मेवार बनाएको छ। सो उपधाराले भ्रष्टाचार र दण्डहीनता अन्त्यको लागि त्यस्तो राजनीतिक पद्धति स्वीकार गरिनु आवश्यक मानेको छ जसले पूर्ण रूपले मानव अधिकारका विश्वव्यापी रूपमा स्वीकार गरिएका अवधारणा, बहुदलीय प्रतिस्पर्धात्मक प्रजातान्त्रिक पद्धति, नागरिकमा रहेको सार्वभौम अधिकार र नागरिक सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, न्यायिक स्वतन्त्रता, आवधिक निर्वाचन, नागरिक समाजद्वारा अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता र कर्तव्यबोध, जनताको सहभागिता, तटस्थता, प्रतिस्पर्धी र स्वच्छ प्रशासनलाई अंगीकार गर्नुका साथै भ्रष्टाचार र दण्डहीनताको अन्त्य गरी असल सरकारको स्थापना गर्न सकोस्।[६]

यसैगरी, धारा २४(२) ले न्यायमा स्वच्छ सुनुवाइ तथा कानून व्यवसायीबाट प्रतिरक्षा गर्न पाउने अधिकारलाई मौलिक नागरिकको अधिकारको रूपमा प्रत्याभूत गरेको छ। यसरी न्यायमा पहुँचको ग्यारेण्टी गरिनुका साथै अन्याय र दण्डहीनता अन्त्यका लागि कानून हातमा लिने कार्यलाई निरुत्साहित गरेको छ। त्यसैगरी अन्तरिम संविधानको अर्को धारा १०० ले अदालतलाई न्यायको पहरेदारको रूपमा स्वीकारेको छ।

न्यायमा पहुँच स्थापित गर्न अन्य निकायका[७] अतिरिक्त स्वतन्त्र न्यायपालिकाको प्रभावकारिता महत्त्वपूर्ण हुन्छ। यद्यपि नेपालमा अदालतहरूले न्याय माग गर्नेहरूका लागि गुणस्तरीय सेवा दिनसकेका

---

६ नेपालको अन्तरिम संविधान २०६३ (पृष्ठ ११)

७ अन्यमा प्रहरी, वकिल, मानवअधिकार संगठनहरू रहेका हुन्छन्।

छैनन् ।[८] साथै, सर्वोच्च अदालत बार एसोसिएसनको एउटा अध्ययन अनुसार सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूमा न्याय प्रदान गर्न आवश्यक पर्ने ज्ञान पनि पर्याप्त छैन। सन् २००८ मा गरिएको एक सर्वेक्षणलाई आधार मान्दा ८१.५ प्रतिशत उद्यमीहरू र ६८.४ प्रतिशत सर्वसाधारणले अदालतमा भ्रष्टाचार छ भनेर मान्दा रहेछन् । प्रतिवेदनले सारांशमा, 'अदालत भ्रष्टाचारमुक्त हुने कुनै पनि लक्षण नदेखिएको' भनेको छ । भ्रष्टाचारको मुख्य कारण के हो भन्ने प्रश्नमा बहुसंख्यक (६४ प्रतिशत) ले अदालतप्रतिको विश्वास कमजोर हुँदै जानु हो भनेका थिए ।[९]

## १.२ संरचना : न्यायपालिकाका तह

### जिल्ला अदालत

न्यायपालिकाको शुरू तह जिल्ला अदालत हो। मुद्दा मामिला अदालत प्रवेश गर्ने शुरू निकाय यही हो। सामान्यतया रिट निवेदनहरू, अख्तियारले हेर्ने भ्रष्टाचार र अनुचित कार्यसँग सम्बन्धित मामिला र अर्धन्यायिक निकायको क्षेत्राधिकारमा पर्ने मुद्दा तथा विशेष प्रकृतिका अदालतहरूले हेर्ने विवाद बाहेक बाँकी सबै विवादहरू अदालतमा प्रवेश गर्ने शुरू तह यही हो ।

प्रायश: ठूलठूला माग दावीहरू रहेका, पक्ष विपक्ष प्रभावशाली र शक्तिसम्पन्न भएका मुद्दा मामिलाहरू मात्रै तह-तह भएर माथिल्लो अदालतसम्म पुग्छन्। बाँकी विवादहरू यही तहमा टुङ्गिन सक्ने भएकोले पत्रकारका लागि जिल्ला अदालतमा पुग्ने विवादहरू महत्त्वपूर्ण समाचार सामग्री हुन्। सामान्यतया जिल्ला र पुनरावेदन तहबाटै धेरै विवादहरू टुंगिन्छन् । त्यसकारण न्यायिक उपचार खोज्न अदालत आइपुगेका व्यक्ति र उनीहरुको समाजको आधारभूत समस्या थाहा पाउन पनि जिल्ला अदालतमा पर्ने मुद्दाहरूको मिहिन अध्ययन गर्नै पर्छ ।

---

[८] सर्वोच्च अदालत नेपाल, २००९, नेपालको न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २००९/१०-२०१३/१४ पेज नं. ६१

[९] सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गठित न्यायपालिकामा जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन २०६४, पृष्ठ १४०

## पुनरावेदन अदालत

जिल्ला अदालतले दिएको फैसलामा चित्त नबुझ्ने पक्षले सोभन्दा माथिल्लो तहको अदालतमा पुनः निवेदन दिन सक्छ । यसलाई कानूनी भाषामा पुनरावेदन गर्नु भनिन्छ। कानूनमा पुनरावेदन सम्बन्धी व्यवस्था यस्तो छ :

(क) शुरू फैसलामा चित्त नबुझ्ने हरेक व्यक्तिका लागि एक तहको पुनरावेदन उसलाई अधिकारकै रूपमा कानूनमा व्यवस्था गरिएको हुन्छ ।

(ख) जिल्ला अदालतको फैसला र पुनरावेदन अदालतको फैसलामा तात्विक फरक परेमा पुनरावेदन अदालतको फैसलाबाट असर पर्ने पक्षले मात्र एक तह पुनरावेदनका लागि सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अधिकार रहन्छ ।

(ग) दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी जिल्ला अदालतबाट भएको फैसलामा सजाय भोग्नुपर्ने व्यक्तिले पुनरावेदन गरे पनि नगरे पनि फैसला गर्ने अदालतले आफ्नो पुनरावेदन सुन्ने अदालतमा सो फैसला पठाउनुपर्छ। गम्भीर प्रकृतिका मुद्दामा भएको सजायको पुनरावलोकन हुनसकोस्, सर्वस्व अथवा लामो अवधिको सजायमा अन्यायपूर्ण तवरले जेल सजाय भोग्नु नपरोस् भनेर कानूनले यस्तो व्यवस्था गरेको हो । कानूनमा यसलाई 'साधक जाहेर गर्नु' भनिन्छ ।

तीन तहको अदालत (जिल्ला, पुनरावेदन र सर्वोच्च) को व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ मा गरिएको छ । दोस्रो तहको अदालतको रूपमा रहेको पुनरावेदन अदालतको संख्या र मुकाम न्याय प्रशासन ऐन २०४८ को प्रावधान बमोजिम न्यायपरिषद्को सिफारिसमा मन्त्रिपरिषद्ले निर्धारण गर्दछ । हाल नेपालमा १६ वटा पुनरावेदन अदालत छन् । आवश्यकताको आधारमा न्यायपरिषद्को सिफारिसमा मन्त्रिपरिषद्बाट यो संख्या थपघट हुन सक्दछ ।

प्रमुख जिल्ला अधिकारी, जिल्ला वन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु अधिकारीले गरेको फैसलामा चित्त नबुझ्ने पक्ष पनि

पुनरावेदन अदालत जान पाउँछ । प्रशासनिक वा आफ्नो विषयगत कामभित्रका विवादमा न्यायाधीशको भूमिका पनि निर्वाह गर्ने भएकोले यस्ता पदाधिकारीहरूलाई 'अर्धन्यायिक अधिकारी' पनि भनिन्छ । यस्ता अर्धन्यायिक निकायले गरेको निर्णयमाथिको पुनरावेदन सुन्ने काम पनि पुनरावेदन अदालतको हो। निषेधाज्ञा लगायतका रिट निवेदनको सुनुवाइ पनि पुनरावेदन अदालतमा हुन्छ ।

### सर्वोच्च अदालत

आफ्नो वा आफ्नो मातहतका अदालतको मानहानिसम्बन्धी शुरू मुद्दा हेर्ने बाहेक, मुख्यतया अन्तिम पुनरावेदन सुन्ने यो अदालतले जिल्ला र पुनरावेदन तहका निर्णयहरू माथि विचार गर्छ । यस बाहेक सर्वोच्च अदालतमा व्यक्तिले रिट निवेदनमार्फत सरकार र विभिन्न सरकारी निकाय विरुद्ध पनि चुनौती दिन सक्छन्। यस्ता मुद्दाहरूमार्फत सर्वोच्च अदालतले दिएको फैसलाबाटै नयाँ सरकार बनेका र ढलेका, संसद् पुन:स्थापना भएका, संसद्को पदावधि सकिएका उदाहरणहरू पनि छन्। १४ जेठ २०६९ मा संविधानसभाको म्याद समाप्त हुनुका पछाडि सर्वोच्च अदालतले दिएको ९ मंसीर २०६८ को आदेश महत्त्वपूर्ण आधार थियो ।[१०]

### विशेष प्रकृतिका अदालत

#### क. श्रम अदालत

श्रमिक र व्यवस्थापनसँग सम्बन्धित विवादहरू श्रम अदालतले हेर्छ। सामान्यतया औद्योगिक प्रतिष्ठान र त्यहाँका कामदारबीचको विवाद यस अदालतले हेर्ने गर्छ ।

---

[१०] प्रधानन्यायाधीश खिलराज रेग्मीसहित सर्वोच्च अदालतका पाँच न्यायाधीशको विशेष इजलासले '६ महीनाभित्र संविधान निर्माण गर्न नसके संविधानसभा समाप्त हुने' आदेश दियो। सो विशेष इजलासले त्यसको विकल्पका रूपमा नयाँ चुनाव, जनमत संग्रह र अन्य संवैधानिक विकल्प अवलम्बन गर्न भनेको थियो ।

### ख. राजस्व न्यायाधिकरण

कर र राजस्व मामिलासँग सम्बन्धित विवाद हेर्न सरकारले आवश्यकताअनुसार यस्तो अदालत गठन गर्न सक्छ । हाल यस्ता राजस्व न्यायाधिकरणहरू विराटनगर, काठमाडौं, पोखरा र नेपालगञ्ज चार ठाउँमा छन् ।

### ग. प्रशासकीय अदालत

प्रशासकीय अदालतले निजामती प्रशासनसँग सम्बन्धित विवाद र उनीहरू उपर गरिएका कारबाही विरुद्धका मुद्दा हेर्ने गर्छ ।

### घ. विशेष अदालत

विशेष प्रकृतिका मुद्दा हेर्ने जिम्मा विशेष अदालतलाई दिइएको छ। विशेष अदालतले हाल भ्रष्टाचार, राज्य विरुद्धको कसुर र सजाय, सम्पत्ति शुद्धीकरण सम्बन्धी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानका क्रममा गरेको आदेश वा निर्णय माथिको पुनरावेदन गरी चार प्रकारका विषयहरूको क्षेत्राधिकार ग्रहण गर्दछ।

### ङ. निर्वाचन विशेष अदालत

निर्वाचन मामिलासँग सम्बन्धित विवाद हेर्न सरकारले यस्तो अदालत गठन गर्न सक्छ । हरेक संसदीय निर्वाचनपछि उक्त निर्वाचनसँग सम्बन्धित मुद्दा हेर्ने प्रयोजनका लागि निर्वाचन विशेष अदालत गठन गर्ने कानूनी व्यवस्था छ। यसले निर्वाचनका क्रममा भएका अनियमितता, निर्वाचनको प्रक्रिया र परिणामका सम्बन्धमा विवाद भएमा त्यस सम्बन्धी मुद्दा हेर्छ। निर्वाचित सदस्यको अन्य अयोग्यता सम्बन्धी विषय यसले हेर्दैन । त्यस्तो अयोग्यता संसद् स्वयंले हेर्ने गर्दछ ।

२०५६ सालमा नुवाकोट क्षेत्र नं. १ बाट राजेन्द्र लोहनी निर्वाचित भएको भनिएकोमा १३ असार २०५७ मा निर्वाचन अदालतले डा. प्रकाशचन्द्र लोहनीलाई विजयी घोषणा गरेको थियो। तर, यसमाथि परेको

पुनरावेदनमा सर्वोच्च अदालतले २४ साउन २०५८ मा पुन: राजेन्द्र लोहनी नै विजयी भएको ठहर गऱ्यो। निर्वाचन अदालत निश्चित समयका लागि गठन गरिएको हुन्छ। २०६४ सालमा संविधानसभा निर्वाचन पछि यस सम्बन्धी विवाद हेर्न संविधानसभा अदालत गठन गरिएको थियो।[११]

## अर्धन्यायिक निकाय

स्थानीय प्रशासन ऐन लगायत विभिन्न कानूनले प्रमुख जिल्ला अधिकारीलाई विशेष प्रकृतिका मुद्दामामिला हेर्ने अधिकार दिएको छ। यसको अर्थ सरकारका स्थानीय प्रतिनिधि मानिने प्रमुख जिल्ला अधिकारीहरू कतिपय मामिलामा न्यायाधीश[१२] पनि हुन्। अर्को महत्त्वपूर्ण पक्ष भनेको प्रमुख जिल्ला अधिकारीलाई करीब १०० वटा कानूनले विभिन्न अधिकार दिएको हुन्छ। यति धेरै कानूनले अधिकार दिने एउटै पदाधिकारी प्रमुख जिल्ला अधिकारी मात्रै हो।

## वन अधिकृत

जिल्ला वन कार्यालयको प्रमुखलाई वनसँग सम्बन्धित कतिपय मुद्दा हेर्ने अधिकार दिइएको छ। यस अर्थमा वन अधिकृत आफ्नो क्षेत्रभित्रका वन सम्बन्धी मुद्दा हेर्ने न्यायाधीश पनि हो। दश हजार रुपैयाँसम्मको बिगो भएको वन मुद्दा सम्बन्धित जिल्ला वन अधिकृतले हेर्दछन् भने सो भन्दा बढी मूल्यको बिगो भएको वन सम्बन्धी मुद्दा जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्दछ।

---

[११] सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश अनुपराज शर्माको अध्यक्षतामा संविधानसभा अदालत गठन गरिएको थियो।

[१२] शान्ति सुरक्षा, सार्वजनिक अपराध, हातहतियार तथा खरखजाना, चन्दा, कालोबजारी, गुणस्तरहीन खाद्य मामिला लगायतका विषयको शुरू विवाद हेर्ने क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई छ।

## संरक्षण अधिकृत

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी कानूनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षका संरक्षण अधिकृतलाई वन्यजन्तु सम्बन्धी विषयमा संरक्षित क्षेत्रभित्रका घटनाको मुद्दा हेर्ने अधिकार दिएको छ। यस ऐनले संरक्षण अधिकृतलाई मुद्दा हेरी १५ वर्षसम्म कैद सजाय वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने अधिकार प्रदान गरेको छ । यस्ता मुद्दा निकुञ्ज वा आरक्षका रेन्जरले सरकारी वकिलको सल्लाहमा दायर गर्छन् ।

## मेयर/नगर प्रमुख

स्थानीय स्वायत्त शासनसम्बन्धी ऐनले आफ्नो नगरपालिका भित्रका सम्बन्ध विच्छेद, नक्सा पास, बाटो विवाद लगायतका मुद्दा हेर्ने अधिकार मेयरलाई दिएको छ ।

## गाविस अध्यक्ष

स्थानीय स्वायत्त शासन ऐनले गाउँ विकास समिति (गाविस) अध्यक्षलाई गाविसभित्रका मुद्दा हेर्ने अधिकार दिएको छ । ऐन अनुसार, गाविस उपाध्यक्षको अध्यक्षतामा एउटा न्यायिक समिति गठन हुन्छ, जसले बाटाघाटा, कुलो-पैनी र सानातिना झै-झगडाको सुनुवाइ गर्ने काम गर्छ।

## मालपोत अधिकृत

जिल्लाभरिका जग्गाको दर्ता श्रेस्ता सम्बन्धी विवाद हेर्ने र नामसारी तथा जग्गाधनी वा मोहीको नाम तथा थर सच्याउने लगायतका काममा आउने विवादमा मालपोत अधिकृतले मालपोत ऐनअन्तर्गत न्यायिक अधिकार प्रयोग गर्छ ।

## भूमिसुधार अधिकृत

जग्गाधनीका नामबाट मोहीका नाममा जग्गा नामसारी, जग्गाधनी तथा

मोही विवाद, जग्गा बाँडफाँड सम्बन्धमा स्थानीय भूमिसुधार अधिकारीले न्यायिक अधिकार प्रयोग गर्छ ।

### भन्सार अधिकृत

भन्सार अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको भन्सार महसुल तथा त्यससँग जोडिएका मामिलामा न्यायिक अधिकार प्रयोग गर्छ । चोरी निकासी, चोरी पैठारी तथा वस्तुको मूल्यांकन सम्बन्धी विवादमा भन्सार अधिकृतले आफूमा निहित अधिकारको प्रयोग गरेर विवादको निरूपण गर्दछ ।

## सम्बद्ध अन्य निकाय

### न्यायपरिषद्

न्यायाधीशको नियुक्ति र सरुवा गर्ने तथा गलत काम गरेमा उनीहरूमाथि कारबाही गर्ने काम न्यायपरिषद्को हो । न्यायालयमा अनुशासन र नियन्त्रण कायम गर्ने जिम्मेवारी संविधानले यस निकायलाई दिएको छ। अन्तरिम संविधान अनुसार, न्यायपरिषद्का प्रमुखमा प्रधानन्यायाधीश र सदस्यहरूमा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश, प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत एक वरिष्ठ कानूनविद्, नेपाल बार एसोसिएसनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा २० वर्षको अनुभव प्राप्त अधिवक्ता सदस्य रहने व्यवस्था छ ।[१३]

### न्यायसेवा आयोग

न्यायसेवाका अधिकृतस्तरका कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा र उनीहरूमाथि विभागीय कारबाही गर्ने निकाय न्याय सेवा आयोग हो । न्याय सेवा आयोगको अध्यक्षमा प्रधानन्यायाधीश र कानून मन्त्री,

---

[१३] नेपालको अन्तरिम संविधान, २०६३ धारा ११३

सर्वोच्च अदालतको वरिष्ठ न्यायाधीश, लोकसेवा आयोगका अध्यक्ष र महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था छ।[१४]

### कानून सुधार आयोग

समाजमा आएको परिवर्तन अनुकूल पुराना कानूनमा संशोधन गर्न, नयाँ कानूनको मस्यौदा गर्न सरकारलाई विशेषज्ञ सेवा दिने काम कानून सुधार आयोगको हो । देशलाई कस्तो कानून चाहिएको छ भनेर अनुसन्धान गर्न आधुनिक राज्यव्यवस्थाले निरन्तर चासो दिइरहनुपर्छ । कानूनका विशेषज्ञहरूको संस्थाका रूपमा परिकल्पना गरिएको आयोगको काम अमिल्दा कानून संशोधन तथा नयाँ कानून बनाउन अध्ययन अनुसन्धान गरी सरकारलाई सल्लाह दिनु हो ।

### कानून मन्त्रालय

कानून मन्त्रालय कानून सम्बन्धी विषय हेर्ने सरकारी निकाय हो । कानून र न्याय व्यवस्थाको आधिकारिक जानकारी राख्ने भएका कारण यो सरकारको आधिकारिक कानूनी सल्लाहकार संस्था पनि हो । सामान्यतया कानून मन्त्रालयको स्वीकृतिपछि मात्र सरकारले कुनै कानून बनाउने वा संशोधन गर्ने विधेयक संसद्मा पठाउँछ। कानून मन्त्रालयले मस्यौदा विधेयक संविधानसँग बाझिए/नबाझिएको र अन्य कुनै कानूनमा त्यस्तो व्यवस्था भए नभएको बारे अध्ययन गरी सुझाव पनि दिन्छ।

## १.३ कार्यप्रणाली र कार्यविधि

अदालतले कसरी काम गर्छ भन्ने मामिला पनि पत्रकारले थाहा पाउनुपर्छ । केही अपवाद बाहेक अदालत आफैंले उजुरी हाल्दैन र उजुरी हाल्नु भन्दै हिंड्दैन। मर्का पर्ने पक्षले आफैं उजुरी गर्नुपर्छ। अदालतमा विभिन्न तरिकाबाट विवादहरू प्रवेश गर्छन्। व्यक्तिले आफैं लिएर जान्छन् एकथरी विवाद । अर्कोथरी विवाद सरकारी वकिल र

[१४] नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४

प्रहरीमार्फत अदालतमा प्रवेश हुन्छ । त्यसैगरी विभिन्न अधिकारप्राप्त निकायले पनि उजुरीहरू अदालत लैजान्छन् । सारमा यस्ता विवादलाई व्यक्तिवादी र सरकारवादी भनेर छुट्याइन्छ। न्यायालयले तीन किसिमले मुद्दा सुनुवाइको प्राथमिकता निर्धारण गर्छ- सामान्य कार्यविधि, संक्षिप्त कार्यविधि र विशेष कार्यविधि भनेर। तर व्यवहारमा तिनको पालना भएको पाइँदैन । पत्रकारले यस विषयमा पनि राम्रो समाचार वा सम्पादकीय टिप्पणी अथवा कार्यक्रम निर्माण गर्न सक्छन् ।

देवानी मुद्दा दायर गर्न अरू कुराको अतिरिक्त व्यक्तिलाई त्यस्तो मुद्दा दायर गर्ने हकदैया Locus Standi पनि हुनु आवश्यक हुन्छ । अर्थात् त्यो विषयसँग उसको प्रत्यक्ष स्वार्थ र सरोकार छ/छैन, ऊ न्यायप्राप्तिको हकदार हो होइन भन्ने कुरा पनि फिरादमा उल्लेख हुनु आवश्यक हुन्छ । मुलुकी ऐन अदालती बन्दोबस्तको ८२ नम्बर बमोजिमको हकदैया र २९ नम्बर बमोजिमको अदालतको क्षेत्राधिकार (कुन मुद्दा कुन अदालतमा दायर हुन्छ भनी उल्लेख भएको विषय) पनि उल्लेख गर्नु आवश्यक हुन्छ ।

## मुद्दा चल्ने प्रक्रिया/मुद्दाका प्रकार

अन्यायमा परेकाले न्याय खोज्न जाने ठाउँ अदालत हो। कुनै व्यक्तिले थिचोमिचो गऱ्यो, शारीरिक, मानसिक वा अन्य कुनै किसिमको क्षति पुऱ्यायो अथवा देशको कानूनले नगर्नू भनेको काम गऱ्यो र गर्नु भनेको काम गरेन भने मर्का पर्ने पक्ष वा सरोकारवाला त्यस्तो कामबारे उजुरी गर्न अदालत जान सक्छ ।

अदालतका तह-तह हुने हुँदा एक तहबाट फैसला हुँदैमा मुद्दा छिनिएको मानिंदैन । एउटा तहको अदालतले गरेको फैसला चित्त नबुझ्ने पक्षले त्योभन्दा माथिल्लो तहमा 'अपील' गर्न पाउँछ, जसलाई पुनरावेदन गर्नु भनिन्छ। पुनरावेदन अदालतको फैसलामाथि पनि चित्त नबुझे सर्वोच्च अदालत जान पाइन्छ। तर जिल्ला र पुनरावेदन अदालत दुवैमा मुद्दा हारेमा कतिपय अवस्थामा सर्वोच्च अदालत जान पाइँदैन । पुनरावेदन गर्न नपाइने गरी फैसला भएको मुद्दालाई अन्तिम फैसला

भएको मानिन्छ। त्यसपछि फैसला अनुसार फौजदारी मुद्दामा दण्डसजाय वा जरिवाना र देवानी मुद्दामा आर्थिक वा अन्य क्षतिपूर्ति उपलब्ध गराउने वा वितरण गर्ने प्रक्रिया शुरू हुन्छ। अदालती भाषामा त्यसलाई फैसला कार्यान्वयन भनिन्छ।

## देवानी

मलाई मर्का पऱ्यो न्याय पाऊँ अथवा फलानाले अन्याय गऱ्यो सजाय गरिपाऊँ भनेर उजुरी गर्न लेखिएको कानून बमोजिमको निवेदनलाई अदालती भाषामा नालेस वा फिराद भनिन्छ। सम्पत्ति, लेनदेन हक-बेहक जस्ता मामिलामा कुनै व्यक्तिले गर्ने फिराद र त्यसमाथि अदालतमा पर्ने प्रतिउत्तरलाई कानूनी भाषामा देवानी मुद्दा भनिन्छ। देवानी मुद्दामा मर्का पर्ने पक्षले उजुरी गर्नुपर्छ। यसमा सबुद प्रमाण जुटाउनेदेखि दाबी प्रमाणित गर्ने सम्मको काम सम्बन्धित व्यक्तिले गर्नुपर्छ।

## फौजदारी

व्यक्ति, समाज र राज्य व्यवस्थामा सोझै असर पर्ने गरी भएका कसुर हरूमा राज्य पनि मुद्दाको पक्ष भएर अदालत जान्छ अर्थात् सरकार आफैं वादी भएर मुद्दा लड्छ। व्यक्तिको जीउज्यान र सम्पत्तिको रक्षा अथवा सुरक्षा मामिला वा समाजमा अमनचैन राख्ने काममा राज्य चनाखो भएर बसेको हुन्छ। कसुर ठहऱ्याएका यस्ता अपराधविरुद्ध राज्यले अदालतमा मुद्दा हाल्छ। अदालती भाषामा यसलाई फौजदारी मुद्दा भनिन्छ। यस्ता अपराधमा अनुसन्धान गर्ने, प्रमाण जुटाउने, अदालतमा मुद्दा दर्ता गर्ने, हारेमा माथिल्लो तहमा पुनरावेदन गर्ने काम सरकारी निकायले गर्छन्। विशेष अवस्थामा बाहेक कसुर भएको वा त्यस्तो कसुरदार भएको क्षेत्रको अदालतमा त्यस्तो मुद्दाको सुनुवाइ हुने गर्छ।

## रिट निवेदन

अदालतमा मुद्दा पुग्ने तेस्रो बाटो पनि छ यसलाई 'रिट निवेदन' भनिन्छ। 'संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा

अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा'[१५] मर्का पर्ने पक्ष रिट निवेदन लिएर सोझै सर्वोच्च अदालतमा जान सक्दछ। तर यस सम्बन्धी स्पष्ट कानूनको अभावमा यस्तो काम मूलतः अभ्यासमा निर्भर भइरहेको छ। एकजना सरकारी वकिलका भनाइमा, रिट सम्बन्धी छुट्टै विधायिकी कानून नहुँदा न्यायिक सिद्धान्तका आधारमा रिट सम्बन्धी प्रचलन र अभ्यास भइरहेको छ।[१६]

प्रचलित कानूनमा बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, अधिकार पृच्छा र निषेधाज्ञा जस्ता रिटहरू सर्वोच्च र पुनरावेदन दुवै तहका अदालतलाई सुन्ने अधिकार छ। सर्वोच्च अदालतले संविधानले व्यवस्था गरेका मौलिक हकको प्रचलन र संविधानसँग बाझिएका कानूनलाई अमान्य घोषित गर्ने सन्दर्भमा यी रिट अधिकारहरूको प्रयोग गर्दछ। पुनरावेदन तहका अदालतले नागरिक अधिकार ऐन २०१२ अन्तर्गत यी रिट अधिकारहरूको प्रयोग गर्दछन्। पछिल्लो पटक केही नेपाल ऐनमा भएको संशोधनले गैरकानूनी थुना विरुद्धको बन्दी प्रत्यक्षीकरणको निवेदन र निषेधाज्ञाको निवेदन जिल्ला अदालतले समेत हेर्ने व्यवस्था गरेको छ। समग्रमा हेर्दा संविधानले प्रदान गरेका मौलिक हकको प्रचलन र संविधानसँग बाझिएका कानूनहरू अमान्य घोषित गरिपाउने माग सहितका रिटहरू सर्वोच्च अदालतमा दर्ता हुन्छन्। त्यसैगरी नागरिक अधिकार ऐन २०१२ अन्तर्गतका कानूनी हकको प्रचलनका लागि पुनरावेदन अदालतमा पनि जान सकिन्छ।

प्रहरीले कसैलाई विना कसुर गैरकानूनी रूपले थुनामा राखेको छ भनेर उसको आफन्तले बन्दी प्रत्यक्षीकरणको रिट निवेदन लिएर अदालत जान सक्छ। कसैले गैरकानूनी वा बदनियतले गरेको काम कारबाही बदर गरी पाउन सरोकारवालाले सर्वोच्च अदालतमा रिट

---

[१५] नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ (२)

[१६] धर्मराज पौडेल, महान्यायाधिवक्ताको कार्यालय, रिट निवेदनको क्षेत्राधिकार विस्तारका सन्दर्भमा सरकारी वकिलको भूमिका, विषयक कार्यपत्र पृष्ठ १०

हाल्न सक्छ । कसैले गर्न लागेको काम कानून विपरीत छ सो काम रोकिपाऊँ अथवा निषेधाज्ञा जारी गरिपाऊँ भनेर पर्ने उजुरी पुनरावेदन अदालतमा पनि दर्ता गर्न सकिन्छ । त्यसै गरी सर्वोच्च अदालतले कसैलाई यस्तो काम गर्नू भन्ने परमादेश, गैरकानूनी रूपमा थुनामा राखिएको बन्दीलाई उपस्थित गराउनू भन्ने बन्दी प्रत्यक्षीकरण लगायतका आदेशहरू गर्न सक्छ । यस्ता आदेश माग गरेर परेका निवेदनहरूलाई नै कानूनी भाषामा रिट भनिन्छ । अहिले सर्वोच्च अदालतमा पुनरावेदन अदालतका निर्णयमाथि परेका पुनरावेदनपछि धेरै मुद्दाहरू यस्ता रिट निवेदनसँग सम्बन्धित छन् ।[१७]

## मुद्दाको चक्र

### देवानी

मर्का पर्ने व्यक्तिले तोकिएको हद म्यादभित्र आफ्नो व्यहोरासहित अदालतमा नालिस दिनुपर्छ । यस्तो नालिसलाई फिरादपत्र भनिन्छ । व्यक्ति-व्यक्ति बीचको लेनदेन र जग्गा-जमिनबारे विवाद, गाली-बेइज्जती, कुटपिट आदि देवानी अन्तर्गत पर्दछन् । नालिस प्रचलित ऐन-कानूनमा आधारित भए-नभएको आदि कुरा हेरेर अदालतले मुद्दा दर्ता गर्ने वा नगर्ने निर्णय गर्छ । प्रतिवादी झिकाउने, साक्षी प्रमाण बुझ्ने जस्ता प्रक्रिया पूरा गरेर अदालतले फैसला गर्छ । तल्लो अदालतको फैसला चित्त नबुझे मुद्दाको कुनै पक्ष म्यादभित्र पुनरावेदन गर्न माथिल्लो अदालतमा जान सक्छ ।

### फौजदारी

प्रहरीले आफूकहाँ प्राप्त जाहेरी दरखास्त लिएर वा अन्य प्राप्त सूचनाको आधारमा अपराधको अनुसन्धान गर्छ। प्रमाणहरू संकलन गर्छ। अपराधी को हुनसक्छ विश्लेषण गरेर उसलाई पक्राउ गर्छ। अदालतको अनुमति

[१७] सर्वोच्च अदालतमा परेका १० हजार ४२२ मुद्दामध्ये २ हजार ३५८ रिट निवेदन छन् । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/६८

लिएर अभियुक्तलाई अनुसन्धानका सिलसिलामा हिरासतमा राख्छ । आफूले भेला गरेका सबुदबारे सरकारी वकिलको राय लिन्छ। सरकारी वकिलले अनुसन्धानबाट प्राप्त सबुदको विश्लेषण गरेर अभियुक्तलाई कुन ऐनकानून अन्तर्गत कस्तो मुद्दा दर्ता गर्ने, कति दण्ड सजाय माग गर्ने भन्ने कुराको निर्णय गर्छ ।

सरकारी वकिलको निर्णयका आधारमा अभियुक्तलाई अदालतमा पेश गर्छ । अदालतले साक्षी, प्रमाण बुझ्ने काम गरेर कानून र प्रमाणको विश्लेषण गरेर फैसला सुनाउँछ । फैसला चित्त नबुझेमा सरकारी वकिलले माथिल्लो अदालतमा पुनरावेदन गर्छ ।

## न्याय सम्पादन प्रक्रिया

न्याय सम्पादन गर्ने प्रक्रिया कति छिटोछरितो छ भन्ने आधारमा न्याय कति छिटोछरितो छ भनेर बुझ्न सकिन्छ। न्याय प्रक्रिया झन्झटिलो भयो भने त्यसले न्यायालयप्रति अविश्वास जगाउँछ । न्याय प्रक्रिया झन्झटिलो र लामो भएका खण्डमा त्यसको असर समाजका कमजोर वर्गमा पर्न जान्छ। जस्तै, सन्तानको न्वारान गराइपाऊँ भनेर अदालत गुहार्ने कुनै असहायले न्याय पाउन चार वर्ष पर्खनु पऱ्यो भने त्यसको अवस्था के होला ? यस्ता गम्भीर कुरामा पनि पत्रकारको ध्यान जानु जरुरी छ । ब्रिटिश प्रधानमन्त्री विलियम इवार्ट ग्ल्याडस्टोनको भनाइ प्रसिद्ध छ, “न्याय दिन ढिलो गर्नु भनेको न्याय नदिनु हो ।”[१८]

## फैसला कार्यान्वयन

जुनसुकै तहको अदालतबाट फैसला भए तापनि फैसलाको कार्यान्वयन सम्बन्धित जिल्ला अदालतबाट हुने गर्दछ । कानून अनुसार, फैसला बमोजिम गरिपाऊँ भनी जित्ने पक्षले सम्बन्धित अदालतमा ऐनका म्याद भित्र निवेदन दिएपछि मात्र फैसला कार्यान्वयनको प्रक्रिया शुरू हुन्छ । फैसला कार्यान्वयनका क्रममा पनि मुद्दाका क्रममा जस्तै दुवै पक्ष

---

१८ http://en.wikipedia.org/wiki/Justice_delayed_is_justice_denied

तारेखमा बस्नुपर्छ । त्यसैले अदालतले फैसला सुनाउँदैमा कसैले न्याय पाउँछ भन्ने छैन। त्यस्ता फैसलाको कार्यान्वयन पनि हुनुपर्छ अनि मात्र न्याय पाएको ठहर्छ । नेपालमा कानून र प्रक्रियाका नाममा फैसला कार्यान्वयन नभएका कैयौं उदाहरण छन् । मोरङ जिल्लाकी उमादेवी पोखरेलले २० वर्षपछि (२०३२ सालमा मोरङ जिल्ला अदालतबाट शुरू भएको मुद्दा २०५२ मा सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको थियो) बल्लबल्ल मुद्दा जितेपछि पनि फैसलाको कार्यान्वयन हुन सकेन। मैतिदेवीको एउटा छिंडीमा आफ्नो बुढ्यौली जिन्दगी बिताइरहेकी उमादेवीको पीडा व्यक्तिगत दुःखको मात्र होइन न्याय व्यवस्थामा गम्भीर त्रुटिको पनि कथा हो । यसले अदालतमा पनि शक्ति हुनेहरूको मात्र पहुँच छ भन्ने देखाउँछ ।[१९]

## न्याय सम्पादनसँग सम्बन्धित पक्ष

न्यायप्रणालीका विषयमा रिपोर्टिङ थाल्नुअघि न्याय सम्पादन प्रक्रियामा क-कसले कस्तो भूमिका निर्वाह गरेका हुन्छन् भन्ने थाहा पाउनुपर्छ । यस्ता अंगहरूको भूमिका र त्यसको प्रक्रियाका बारेमा थाहा भएपछि मात्र पत्रकारले त्यस प्रणालीभित्र कस्ता-कस्ता काम हुन सक्छन् र तिनका लागि को-को जिम्मेवार हुन्छन् भन्ने कुरा थाहा पाउन सक्छन् ।

## मुद्दाका पक्ष विपक्ष

सामान्यतया मुद्दामा वादी प्रतिवादी दुई पक्ष हुन्छन् । हरेकलाई मुद्दा जित्ने चाहना हुन्छ । यस क्रममा उसले आफ्नो पक्षमा फैसला गराउन विभिन्न व्यक्तिलाई प्रभावमा पार्ने, विपक्षीका प्रमाण नष्ट गर्ने, साक्षीमाथि दबाब दिने जस्ता काम गरेका छ/छैन भन्ने हेरेर पनि न्याय सम्पादनमा त्रुटि भएको छ/छैन भन्ने कुराको निर्क्योल गर्न सकिन्छ ।

---

[१९] १५ वर्षअघि उनले भनेकी थिइन्, “अब त भगवानको मात्रै सहारा छ।” शिव गाउँले अदालत: खाँचो छ सुधार र सुव्यवस्थाको, *काठमाडौं टुडे* २०५४ पृष्ठ १८ । यो पुस्तक तयार गर्ने क्रममा पनि उनलाई सम्पर्क गर्न खोजियो, फेला पार्न सकिएन ।

न्याय सम्पादनका प्रक्रियामा गडबडी भेटियो भने त्यसलाई पर्दाफास गर्न सकिन्छ। यस्ता समाचारमा धेरैको चासो हुने गर्छ।

## कानून व्यवसायी

न्याय सम्पादनमा कानून व्यवसायीका काम कारबाही र उनीहरूले जुटाएका प्रमाण पत्रकारका लागि समाचारका महत्त्वपूर्ण स्रोतहरू हुन्। पक्ष विपक्षले आफ्ना वकिलमार्फत वा आफैंले अदालतमा दिने बयान र बहसमा आधारित भएर ठूल्ठूला समाचार बनाउन सकिन्छ। आफ्नो पक्षको हितमा माग दाबी पेश गर्ने वा उसको बचाउ गर्ने काम वकिलको हो। बहसका क्रममा वकिलहरूले आफ्नो पक्षको हितमा वकालत मात्र गर्दैनन् यससँगै उनीहरूले संविधान र कानूनको व्याख्या पनि गरिरहेका हुन्छन्। यसले राज्यको न्यायप्रणाली र कानूनी शासनलाई बलियो बनाउन मद्दत पुगिरहेको हुन्छ।

आफ्नो पक्षलाई जिताउन वकिलहरूले व्यावसायिक आचरण विपरीतका काम गरेका उदाहरण पनि छन्। नेपाल बार एसोसिएसन आफैंले गरेको अध्ययनले कतिपय वकिलहरूले विचौलियाको भूमिका निर्वाह गरेको समेत देखाएको छ। प्रतिकूलता महसूस गर्नासाथ वकिलका तर्फबाट ‘बिरामी परेको’ नक्कली कारण देखाएर पेसी सार्ने काम न्याय क्षेत्रमा सामान्य मानिन्छ। त्यसैले ‘नेपालमा सबैभन्दा धेरै बिरामी हुने पेशाकर्मीहरू वकिल हुन्’ भन्ने भनाइमा मजाक मात्रै छैन।

## प्रहरी

प्रहरीको काम कारबाही पनि अदालतसँग जोडिएर आउँछ किनभने न्यायव्यवस्था र प्रहरी कुम जोडेर बसेका हुन्छन्। फौजदारी मुद्दाको अनुसन्धान गर्ने र अभियुक्तलाई अदालतमा उपस्थित गराउने काम प्रहरीको हो। प्रहरीले राम्रो प्रमाण नजुटाएका खण्डमा अदालतले दोषीलाई सजाय गर्न सक्दैन। उदाहरणका लागि कुनै आत्महत्याको मुद्दामा प्रहरीले सो आत्महत्या गर्न यस्तो यस्तो साधन प्रयोग गरिएको थियो भन्ने उल्लेख गर्‍यो तर प्रमाण जुटाइदिएन, लाश प्रकृति मुचुल्का,

घटना प्रकृति मुचुल्कालाई कमजोर बनाइदियो भने त्यो मुद्दाको फैसला सबुत जुटाएका अवस्थाको भन्दा फरक हुन सक्छ ।

कहिलेकाहीं प्रहरी वा मुद्दाका पक्षले राम्रोसँग प्रमाण नजुटाइदिंदा अदालतप्रति जनधारणा नराम्रो बन्छ । जनमानसमा अपराधी ठहरिएको व्यक्तिलाई अदालतमा उपस्थित गराउँदा ऊ दोषी हो भन्ने खालका प्रमाण मुद्दाका पक्ष, प्रहरी र सरकारी वकिलले जुटाएका छैनन् भने उसलाई अदालतले सजाय गर्न सक्दैन । यस्तो बेलामा मानिसले अदालत र न्यायाधीशको सत्तोसराप गर्छन् । यस्तो अवस्थामा कसले त्रुटि गरेको छ भन्ने बुझेर त्यसलाई उचित तवरमा जनसमक्ष प्रस्तुत गर्न सकिएमा भ्रम उत्पन्न हुँदैन । यस्तो रिपोर्टिङबाट मुद्दाको पेसीका दिन अदालत घेराउ गर्ने प्रवृत्ति निरुत्साहित हुनसक्छ । यसले बल वा शक्ति प्रदर्शनबाट मात्रै न्याय पाइन्छ भन्ने भावनामा परिवर्तन ल्याउन सक्छ । पछिल्ला दिनमा पीडितका पक्षबाट मुद्दाको पेसीका दिन अदालत घेराउ गर्ने क्रम बढ्न थालेको छ । २ साउन २०६६ मा ख्याति श्रेष्ठ हत्याकाण्डका अभियुक्तहरू वीरेन शाक्य र मेरिना शाक्यलाई अदालतमा उपस्थित गराउँदा सुरक्षा दिन प्रहरी प्रशासनलाई पनि हम्मेहम्मे परेको थियो । न्यायाधीश भुपेन्द्र राईको इजलासले अभियुक्तहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि मात्रै स्थिति सामान्य भएको थियो । यस्ता उदाहरणहहरू धेरै छन् ।

सरकार वादी भएको मुद्दा बलियो बनाउने वा कमजोर भन्नेमा प्रहरी संगठनको ठूलो हात हुन्छ । राज्य र समाजविरुद्धका अपराधहरूको अनुसन्धान गर्ने जिम्मा प्रहरीको हुन्छ । हत्या, हिंसा, कुटपिट तथा राज्य र समाजविरुद्धका फौजदारी प्रकृतिका घटना भएका ठाउँमा राज्यको पक्षबाट उपस्थित हुने पहिलो व्यक्ति प्रहरी हो ।

प्रहरीले अपराधको अनुसन्धान गर्ने, प्रमाण संकलन गर्ने, प्राप्त प्रमाणका आधारमा अपराधी पक्राउ गरी छानबिन गर्ने, आफूले संकलन गरेका प्रमाण देखाएर क-कसलाई, कुन ऐन अन्तर्गत, कस्तो र कति सजाय माग गरी मुद्दा चलाउने भनेर सरकारी वकिलसँग सल्लाह गर्ने र सरकारी वकिलले तयार गरेको फिरादपत्रका साथमा अभियुक्तलाई अदालतमा उपस्थित गराउने काम गर्छ ।

## सरकारी वकिल

न्याय व्यवस्थामा सरकारी वकिलका कामकारबाहीको महत्त्वपूर्ण भूमिका रहन्छ । सरकारी वकिलको अर्को महत्त्वपूर्ण काम देशको फौजदारी न्याय व्यवस्थाबारे अध्ययन अनुसन्धान गर्नु पनि हो। यस्ता अध्ययन र अनुसन्धानहरू न्याय सम्पादनका दृष्टिले महत्त्वपूर्ण हुन्छन् ।

सरकारी वकिल सरकारको तर्फबाट मुद्दा चलाउने, अदालतमा पैरवी गर्ने र सरकारलाई विपक्षी बनाएर परेको मुद्दामा उसको प्रतिरक्षा गर्ने कानून विशेषज्ञ हो। सरकार वादी हुने मुद्दामा प्रहरी अनुसन्धानबाट देखिएको कसुर र कानूनी व्यवस्थाको अध्ययन गरी अभियुक्तहरूलाई कुन कानून अन्तर्गत कस्तो अभियोग लगाउने, कुन कानून अन्तर्गत मुद्दा चलाउने र कति दण्ड सजाय, जरिवाना वा क्षतिपूर्तिको माग दाबी गर्ने भन्ने काम सरकारी वकिलले गर्छ, त्यसैले सरकारी वकिललाई अभियोजनकर्ता भनिन्छ । फौजदारी मुद्दामा अपराधको वर्गीकरण गर्ने, प्रहरीले पक्राउ गरेको व्यक्तिमाथि मुद्दा चलाउने वा नचलाउने भन्नेमा सरकारी वकिलको भूमिका निर्णायक हुन्छ ।

## कर्मचारी

न्याय सम्पादन मामिलाको व्यवस्थापन गर्न अदालतका कर्मचारीको भूमिका महत्त्वपूर्ण हुन्छ। फैसला लेखनमा न्यायाधीशका मुख्य सहयोगी हुन् उनीहरू। त्यस बाहेक मुद्दा दर्ता, पेसी तथा साधारण तारेख तोक्ने काम उनीहरूका हातमा हुन्छ ।

## न्यायाधीश

न्यायाधीश न्यायालयका निर्णायक अधिकारी हुन्। उनीहरूले गर्ने फैसला, दिने आदेशले नै व्यक्तिले न्याय पाए/नपाएको निर्धारण हुन्छ । त्यसैले निर्णयको स्तर, अवस्था, न्यायको दृष्टिमा त्यसको औचित्य जस्ता आधारमा न्यायाधीशको मूल्याङ्कन गरिन्छ। न्यायाधीश स्वतन्त्र, सक्षम भए मात्र उसले प्रमाण र कानून बुझेर न्याय दिन सक्छ भन्ने मान्यता राखिन्छ ।

अदालतको प्रमुख अधिकारी भएकाले न्याय सम्पादनमा न्यायाधीशको निर्णायक भूमिका हुन्छ । वकिलमार्फत पक्ष विपक्षका बहस सुनेर, उनीहरूले पेश गरेका प्रमाण मूल्याङ्कन गरेर न्यायाधीशले दिने निर्णय नै अदालतको फैसला वा आदेश हो। दोषीलाई दण्डसजाय र पीडितलाई न्याय दिएर समाजमा न्यायव्यवस्था कायम गर्ने न्यायाधीश योग्य र नैतिक हुनुपर्ने मान्यता छ । न्यायाधीश पद समाजको मर्यादित मध्येमा पर्दछ। न्यायाधीशको अध्ययन, निर्णय क्षमता र व्यवहारबाटै न्यायालयको कार्य सम्पादन मूल्याङ्कन हुने गर्छ।

## न्यायालयको रोचक इतिहास[२०]

पश्चिममा न्याय प्रशासन प्रणाली पढेका धेरै नेपालीहरूले पश्चिमा शैलीको प्रणाली लागू गर्नुपर्छ भन्लान् किनभने नेपालका शैक्षिक संस्थाहरूमा कुनै समयमा नेपालमा गतिलो न्याय प्रशासन थियो भन्ने कुरा पढाइएको छैन । जनताप्रति अनुत्तरदायी राणाकालीन न्याय प्रशासन राम्रो हुनु आवश्यक थिएन भन्ने व्यापक विश्वास भए पनि अहिले अदालतमा सुधारको खाँचो देखिएका क्षेत्रहरूमा त्यसबेलै सुधारका लागि आवश्यक उपायहरू अवलम्बन गरिएका थिए। पहाड अदालत र अपील अदालतहरूले २००३ सालमा गरेको काम, विभिन्न तहका न्यायालयमा काम गर्ने मानिसहरूका विरुद्ध परेका मुद्दा, अदालतको ढिलासुस्ती र बहादुरी हेरेर २००३ सालमा कमाण्डर इन चिफ जनरल मोहनशमशेरले कसैलाई जरिवाना गरेका थिए, कसैलाई इनाम दिएका थिए। त्यसबेला मोहनशमशेरले म्याद नाघेका मुद्दा बाँकी राख्नेलाई मुद्दैपिच्छे पचास पैसा र म्याद नघाई मुद्दा छिन्नेलाई मुद्दैपिच्छे पच्चीस पैसा जरिवाना गरेका थिए।

थुप्रै अदालतहरू यस निर्णयबाट प्रभावित भए। पाल्पा, स्याङ्जा, बाग्लुङ, प्यूठान, सल्यान, डोटी, दैलेख, डडेल्धुरा, सुर्खेत, जुम्ला,

---

[२०] *काठमाडौं टुडे*, साउन १, २०५५ मा प्रकाशित खोज पत्रकारिता केन्द्रको सहयोगमा लेखकद्वारा तयार पारिएको लेखबाट उद्धृत।

पश्चिम २ नं., धादिङ, नुवाकोट, चिसापानी, चितौन, धनकुटा, पूर्व ६ नं. भोजपुर, खोटाङ, पूर्व ३ नं. उदयपुर, पूर्व २ नं., सिन्धुली, सिन्धुपाल्चोक अदालत तथा पाल्पा, डोटी र धनकुटा अपील अदालतले म्याद नाघेर मात्र मुद्दा छिनेका रहेछन्। कुनै अदालतले म्यादभित्र मुद्दा छिन्न नसकिने पर्याप्त कारण खुलाएमा त्यस्ता अदालतलाई कारबाही नगर्ने चलन पनि त्यतिबेला थियो। 'नुवाकोट अदालत, पूर्व २ नं. अदालत र धनकुटा अदालतले अड्काउ भएको बेहोरा जाहेर गरेकाले जरिवाना गर्नु नपर्ने' भनी २००२ सालमा पहाड अदालत र अपील अदालतहरूले गरेका काम हेरी २००३ साल फागुन १७ गते लगाएको खड्ग निशानामा उल्लेख गरिएको छ।

राम्रो काम गर्नेहरूलाई प्रोत्साहनस्वरूप तलब बढाइदिने चलन पनि थियो त्यतिबेला। आफूलाई मन परेका मानिसलाई विना कारण, विना योगदान मन लागेको पुरस्कार दिने चलन भएको वर्तमान अवस्थामा राम्रो काम गर्दा तलब बढ्ने र तलब बढाउँदा त्यसको कारण खोल्ने राणाकालीन चलनबाट पनि केही सिक्न सकिन्छ।

अदालत न हो, कर्मचारीहरूले त्यतिबेला घूसमा पनि नाम कमाएका थिए। काभ्रेपलाञ्चोक अदालतका डिट्ठा धर्ममान श्रेष्ठले चोरी मुद्दामा समेत पहिले भइसकेको कारबाहीलाई आफैंले बदर गरी बेरीतसँग कारबाही गरी जाहेर गरेकोमा मो.रु. ५० जरिवाना तिर्नुपऱ्यो। मोहनशमशेरले त यिनको जागिर थामिदिए। तर २००६ सालमा बबरशमशेरले यिनको जागिरै खोसिदिए। डोटी अदालतका सुब्बा वेदप्रसाद धिताल र धादिङ अदालतका डिट्ठा टीकानिधिलाई त बबरशमशेरले पजनीअगावै जागिरबाट हटाइदिए।

मोहनशमशेरले २००३ सालमा घूसमा पक्राउ परेका, आम्दानी भएको रुपैयाँ नबाँधेका, घा जाँच नगराइ दिएको, नकुटेको मान्छेको घा जाँच गरेको, बेहिसाबसँग घा जाँच गराएको आरोप लागेका अदालतका कर्मचारीहरूको मुद्दा पनि हेरेका थिए।

मोहनशमशेरका उत्तराधिकारी मिनिष्टर एण्ड कमाण्डर इन चिफ जनरल बबरशमशेरले २००४ सालमा न्यायालयले गरेको काम हेरेर

मुद्दा परे अनुसार अदालतलाई खर्च थपिदिने निर्णय गरेका थिए । डडेल्धुरा, नुवाकोट, खोटाङ, बभ्फाङ, पश्चिम २ नं., पाल्पा र डोटी अदालतले साबिकभन्दा ७३२ रुपैयाँ थप पाएका थिए । २००६ सालमै बबरशमशेरले महँगी भएकाले म्याद नघाई मुद्दा छिनेकोमा जरिवाना गरेनन् तर म्याद नाघेका मुद्दा नछिनी बाँकी राख्नेलाई जरिवाना दर बढाएर मुद्दैपिच्छे दुई रुपैयाँ जरिवाना गरेका थिए ।

नेपालको न्यायप्रणालीमा प्रजातन्त्र स्थापना भएपछि राम्रो प्रथाको सुरुआत भएको पाइन्छ। २००८ सालमा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना मित्र हरिप्रसाद प्रधानलाई काठमाडौं बोलाउनुभयो र न्याय व्यवस्थाको उच्च तहमा नियुक्त भएर हरिप्रसाद प्रधानले काम शुरू गर्नुभएको थियो । थुप्रै वाद र राजनीतिक दर्शनमा विभाजित भए पनि नेपालका वकिलहरू अहिले पनि उहाँको मुक्तकण्ठले प्रशंसा गर्दछन् । कानूनविद् प्रकाश वस्ती भन्नुहुन्छ[२१], 'न्यायप्रणालीको सन्दर्भमा आज पनि हरिप्रसाद प्रधान इतिहास होइन उद्देश्य बन्नुपर्छ।' त्यस समयमा हरिप्रसाद प्रधानले न्यायपालिकाभित्र साँच्चै न्यायिक वातावरणको सिर्जना गर्नुभएको थियो । हरिप्रसाद प्रधानले सम्पादन गरेका कार्यहरूको विवरण खोज्ने काम नेपालको न्यायिक इतिहासले नगरे पनि न्यायक्षेत्रका सम्पूर्णजसो व्यक्तित्वहरू आज पनि प्रशंसा गर्छन्, हरिप्रसाद प्रधानको ।

नेपालको इतिहासमा न्यायपालिकाको नेतृत्व गर्नेहरू धेरैजसो इमान्दार देखिएनन् । त्यसकारण प्रशस्तै विवादहरू उठ्ने गरे । जब अदालत र यसले सम्पादन गर्ने कार्यहरूका बारेमा सार्वजनिक प्रश्नहरू उठ्थे तब तत्कालीन राजाबाट आयोगहरू बनाइएको तथ्य इतिहासमा पाइन्छ । अदालतमा ढिलासुस्ती भयो, मुद्दा छिटोछरितो भएन भन्ने सन्दर्भमा २०२७ साल साउन २८ गते तत्कालीन प्रधान न्यायाधीश रत्नबहादुर विष्टको अध्यक्षतामा एउटा उच्चस्तरीय न्यायिक सुधार आयोग बन्यो । आयोगले आफ्नो प्रतिवेदनमा तत्कालीन न्यायिक

---

[२१] यो कुराकानी हुँदा वस्ती कानून व्यवसायी थिए । यसपछि उनी सर्वोच्च अदालतमा न्यायाधीश रहे ।

पदाधिकारीहरूलाई इङ्गित गर्दै भनेको थियो, 'न्यायपालिकाको मर्यादा स्वत: बढ्ने कुरा होइन। मर्यादा बढाउनेतर्फ सम्बन्धित सबैले चिन्तित हुनु पनि त्यत्तिकै आवश्यक छ।' उक्त आयोगका उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता वासुदेव ढुंगाना भन्नुहुन्छ, 'त्यसबेला न्यायाधीशको कार्यक्षमता र आचरण प्रमुख समस्याको विषय थिएन, सबैको ध्यान मुद्दा कसरी छिटो र छरितो फर्स्योट गर्ने भन्ने थियो।'[२२]

तर, त्यसपछि पनि न्यायपालिकामा भ्रष्टाचारको क्रम रोकिएन। बरु झन् झन् बढ्न थाल्यो। यसलाई मनन गरेर २०४२ सालमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश ईश्वरीराज मिश्रको अध्यक्षतामा शाही न्याय सुधार आयोग बन्यो। उक्त आयोगले आफ्नो प्रतिवेदनमा भनेको छ, 'अदालतबाट हुने न्याय निसाफमा भ्रष्टाचारले प्रभाव पार्दै लगेको जनगुनासो छ।'[२३]

'२०४६ सालअघि अदालत दरबार र पञ्चायतबाट प्रभावित भए पनि अन्य मुद्दा मामिलामा स्वच्छ नै थियो।' वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी भन्नुहुन्छ, 'तर २०४६ सालपछि भ्रष्टाचार केन्द्रबाट जिल्ला जिल्लामा दौडियो।'

## १.४ न्यायप्रणालीप्रति पत्रकारको चासो

सामान्यतया कुनै पनि विवादले समाजमा मानिसको ध्यान तान्ने गर्छ। सार्वजनिक महत्त्वका विवादले कहिलेकाहीं आफ्नो जीवनमा पनि असर पार्ने भएकाले मानिसले यस्ता विषयप्रति चासो राख्छन्। त्यसै हुनाले सञ्चारमाध्यमले पनि यस्ता विवादलाई ठाउँ दिन्छन्। धेरैजसो समाचार

[२२] यो कुराकानी हुँदा ढुंगाना सर्वोच्च अदालतका वरिष्ठ अधिवक्ता थिए। २६ असोज २०६८ मा उनको निधन भयो।

[२३] नेपालको न्यायिक क्षेत्रमा लामो समयसम्म भ्रष्टाचार, अनियमितता जनाउन बोलीचाली र औपचारिक प्रतिवेदनहरूमा समेत जनगुनासो छ, यदाकदा यस्तो सुनिन्छ, जनता यस्तो महसूस गरिरहेका छन्, जस्तो भाषा प्रयोग हुने गर्थ्यो। पछिल्ला केही वर्ष यता मात्रै न्यायालयमा भ्रष्टाचार, अनियमितता, घूस जस्ता शब्दहरू प्रयोगमा आउन थालेका हुन्।

र लेख तिनमा निहित विवाद वा द्वन्द्वका विषयले महत्त्वपूर्ण मानिन्छन्। राजनीतिक दल, व्यवसायका साझेदार, संघसंस्था, सरकार जस्ता निकाय र व्यक्ति-व्यक्तिबीचको झगडा त्यही कारणले सञ्चारमाध्यमका लागि चासो र सरोकारका विषय हुन्छन्।

धेरैजसो अवस्थामा यस्ता विवाद अदालत पुग्छन् र तिनले नाटकीय मोड लिन्छन्। तिनका विषयमा जान्न जनसाधारण उत्सुक हुन्छन्। सरकार संलग्न ठूल्ठूला विवादहरूदेखि समाजका प्रतिष्ठित वा प्रभावशाली व्यक्ति वा संस्था संलग्न भएका विवादहरूबारे जान्ने इच्छा पाठक, दर्शक र श्रोतामा हुने हुँदा पत्रकारका लागि यी छुटाउन नहुने विषय हुन्। कुनै बेला गिरिजाप्रसाद कोइरालाले गरेको टनकपुर सन्धि, मनमोहन अधिकारीले गरेको संसद् विघटन ठूल्ठूला विवादका उदाहरणहरू हुन्। यस बाहेक व्यक्ति र संस्था अथवा राज्य र व्यक्ति जोडिएका विवादहरू अदालत पुग्छन् जसका बारेमा जान्न व्यक्तिहरूमा औधी इच्छा हुन्छ।

अपराध सम्बन्धी समाचारका लागि पनि अदालत महत्त्वपूर्ण स्रोत हो। हत्या, हिंसा, लागू पदार्थ, ठगी आदि विषयको रिपोर्टिङका लागि अदालतबाट प्रशस्त जानकारी पाउन सकिन्छ। समाजमा अमनचैन कायम गर्नुपर्ने दायित्व भएको हुँदा यी र यस्ता मामिलामा राज्यले निगरानी राखिरहेको हुन्छ र यस्तो कसुरमा संलग्न दोषीहरूलाई अदालत मार्फत दण्ड दिलाउन प्रहरी तथा सरकारी वकिलमार्फत राज्यले पनि काम गरिरहेको हुन्छ। राज्य व्यवस्था सञ्चालन गर्न बनेका संविधान र कानूनको पालना राज्यबाट भएको छ कि छैन र त्यस्तो कानूनको परिपालनाबाट समाजमा कस्तो प्रभाव परेको छ भन्ने कुरा पनि अदालतमा परेका मुद्दा हेरेर थाहा पाउन सकिन्छ। राज्यको चरित्र साँच्चिकै लोककल्याणकारी छ वा छैन अथवा व्यक्तिका वैयक्तिक अधिकारको सम्मान भएको छ/छैन भन्ने बारे पनि अदालतमा परेका मुद्दामामिलाबाट अध्ययन गर्न सकिन्छ।

अदालत समाजमा भइरहेका परिवर्तन हेर्ने एउटा राम्रो ऐना पनि हो। अदालतमा पुगेका मुद्दामामिलाको प्रकृति हेरेर देशको बदलिंदो आर्थिक,

सामाजिक, सांस्कृतिक अवस्थाको संकेत पाइन्छ। उदाहरणका लागि, केही वर्ष यता ठूलो संख्यामा सम्बन्धविच्छेदका मुद्दाहरू अदालत पुग्न थालेका छन्।[२४] यसबाट नेपाली समाजमा लोग्ने-स्वास्नीको सम्बन्धमा नयाँ धारणा कसरी विकसित भइरहेको छ भन्ने देख्न सकिन्छ। राजनीति लगायत सामाजिक, सांस्कृतिक क्षेत्रमा कसरी नयाँ खालका अवधारणाहरूको विकास भइरहेका छ भन्ने थाहा पाउन अदालतका विवरणहरू सहायक हुनसक्छन्। जस्तो कि नेपालमा अहिले पनि घर परिवारसँग सम्बन्धित मामिलामा धेरै उजुरी पर्छन्। जग्गा मामिला पछि नेपालको अदालतमा पर्ने सबैभन्दा धेरै विवादहरू घरपरिवारसँग सम्बन्धित छन्। यसले नेपालका थुप्रै परिवारभित्र अहिले पनि पारिवारिक सम्बन्ध स्वस्थ छैन भन्ने देखाउँछ। यसको सरल निचोड भनेको अस्वस्थ परिवारको जगमा स्वस्थ समाज निर्माण सम्भव छैन भन्ने हो।[२५]

अदालत न्याय दिने निकाय हो। मर्का पर्ने मानिस न्याय पाउन न्यायालय पुग्दछ। दोषीलाई दण्डसजाय र पीडितलाई न्याय तथा क्षतिपूर्ति दिलाउनु अदालतको प्रमुख काम हो। व्यवस्थापिकाले संविधानको सीमा उल्लंघन गरेमा वा कार्यपालिकाको कामबाट कसैलाई मर्का परेमा त्यसको उपचारका लागि न्यायालय जान सकिन्छ। न्यायालय न्यायपूर्ण समाज स्थापना गर्ने महत्त्वपूर्ण अंग हो। तर स्वयं न्यायालयले गल्ती गरेमा त्यसको उपचार खोज्न जाने ठाउँ छैन्। न्याय दिने र कानूनी राज्यको अवधारणा व्यवहारमा लागू गराउने भूमिका खेल्नुपर्ने अदालत आफैं चुस्त छ कि छैन र यसका काम त्रुटिरहित छन् कि छैनन् भन्ने कुरामा चासो राख्नु पत्रकारको दायित्व हो।

सर्वोच्च अदालतले संविधान र कानूनको व्याख्या गर्दछ। यसमा सरकार र संसद्का निर्णयहरू उल्टाउन सक्ने अधिकार पनि निहित छ। न्यायालयलाई संविधानले नै स्वतन्त्र र सक्षम राख्न विशेष व्यवस्था

---

[२४] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/६८ ले देशभरिका जिल्ला अदालतहरूमा करीब ६ हजार सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको देखाउँछ।

[२५] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७६/६८ अनुसार पारिवारिक मुद्दाको संख्या मात्रै २८ हजार ४२१ छ।

गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा हुन्छ । उनीहरूलाई 'खराब आचरण र कार्यक्षमताको अभावमा' संसद्को दुईतिहाई मतले महाभियोगको प्रस्ताव पारित गरेर मात्र पदबाट हटाउन सक्दछ । पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशका हकमा न्यायपरिषद्को सिफारिसमा नियुक्ति, सरुवा र पदमुक्त गरिने व्यवस्था छ ।

यस्तो अधिकारसम्पन्न निकाय न्यायपालिकाबाट हुने न्याय सम्पादनमाथि निगरानी राख्ने काम जनताको हो । राज्यका तीनवटै अंगमाथि निगरानी राख्न जनतालाई सहयोग पुऱ्याउनु पत्रकारिताको धर्म हो । अदालतले जनचासोका मुद्दाहरूमा गरेका फैसला तथा अदालतका कामकारबाहीबारे समाचार, कार्यक्रम र सामयिक विश्लेषण प्रकाशमा ल्याएर प्रेसले यसमाथि निगरानी गर्ने दायित्व पूरा गर्नुपर्छ । आफूलाई कसैले निगरानी गरिरहेको छ भन्ने भएपछि अदालत पनि स्वच्छन्द हुने खतराबाट जोगिन सक्छ ।

नेपालमा न्याय प्रशासनका काम कारबाहीको तुलनामा अदालती निर्णयहरू र तिनले समाजमा पार्ने व्यापक प्रभावलाई महत्त्व दिने क्रम बढ्दैछ । न्यायाधीशको नियुक्ति र सरुवाबारे न्यायपरिषद्का निर्णयहरूले पचासको दशकका समाचारमा जति चर्चा पाएका थिए अहिले त्यो स्थिति बदलिएर अदालती निर्णयहरूले समाचारमा स्थान र चर्चा पाउन थालेका छन् । यसले न्यायिक निर्णयहरूलाई जनतासम्म पुऱ्याएर समाजलाई संवाद गर्न सिकाउने मामिलामा प्रेस एउटा प्रभावकारी माध्यम बन्दै गएको छ ।

२०४७ सालभन्दा पहिले अदालती कामकारबाही सम्बन्धमा औपचारिक समाचार मात्र आउनु स्वाभाविक थियो । प्रेसमाथिको कठोर नियन्त्रणले गर्दा हरेक समाचारमा हात कमाएर कलम चलाउने सञ्चारकर्मीहरूको ध्यान तुलनात्मक रूपले संवेदनशील अदालती क्षेत्रमा नपर्नु स्वाभाविकै थियो । तर २०४७ साल र त्यसयताका संविधानले स्वतन्त्र न्यायपालिका जस्तै स्वतन्त्र प्रेसको पनि व्यवस्था गरेका कारण प्रेसप्रति धेरै अपेक्षा हुनु स्वाभाविक हो ।

२०४६ पछि पत्रकारका लागि न्यायालय रिपोर्टिङको एउटा 'बिट' भयो । टनकपुर सन्धि र प्रधानमन्त्रीको संसद् भंग गर्न पाउने अधिकार (१२ भदौ २०५२ को सर्वोच्च अदालतको फैसला), संविधानसभाको विघटन हुनुका पछाडि न्यायालयको फैसला जस्ता विषयलाई सञ्चारमाध्यमले ठूलो महत्त्व दिए । यसबाट अदालतका फैसला पनि प्रमुख समाचार बन्न सक्छन् भन्ने देखियो । यसले सर्वसाधारणमा पनि अदालतसित सम्बन्धित समाचार बारे थप उत्सुकता समेत जगायो। संसद् विघटन सम्बन्धी प्रधानमन्त्रीको सिफारिस राजाले मान्नुपर्ने नपर्ने, सांसदको पेन्सनको व्यवस्था, पैतृक सम्पत्तिमाथि छोरीको अंशको अधिकार, नागरिकता विधेयक, गोपनीयताको हकसम्बन्धी विवाद, वैवाहिक बलात्कार जस्ता विषय सञ्चारमाध्यममा राम्रो ठाउँ पाउने समाचार बनेका थिए। त्यति मात्र होइन भ्रष्टाचारका मामिला जोडिएर आएका थुप्रै विषयका फैसलाले आम सञ्चारमाध्यममा महत्त्वपूर्ण स्थान पाएका छन् ।

न्यायपालिकाले आफ्नो फैसला वा आदेशमार्फत विधिशास्त्रीय विकासमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । मौलिक हक तथा मानव अधिकारको संरक्षण, गैरकानूनी थुनाबाट मुक्ति, सामाजिक न्यायको प्रवर्द्धन, लैङ्गिक न्याय, वातावरणीय न्याय तथा सुशासनका विभिन्न पक्षमा अदालतले गरेका व्याख्या र विश्लेषणले नेपालको विधिशास्त्रीय विकासमा उल्लेखनिय योगदान दिएका छन् । अदालतले यस्तो व्याख्याको माध्यमबाट सार्वजनिक नीतिमा देखिएको रित्तता पूर्ति गर्न सघाउ पुऱ्याएको छ।[२६] यी र यस्ता व्याख्यामार्फत अदालतले दिएका मार्गदर्शन पत्रकारका लागि महत्त्वपूर्ण समाचार हुन् ।

आफ्नो फैसला, आदेशमार्फत न्यायालयले निर्णय दिन्छ । ती निर्णयहरू कानूनसरह लागू हुन्छन्। तिनको पालना सबैका लागि अनिवार्य हुन्छ । त्यसैले, यस्ता निर्णयका सम्बन्धमा पत्रकारहरूले दिने सूचना,

[२६] रणनीतिक योजनाको कार्यान्वयन र न्यायपालिकाले हासिल गरेका उपलब्धिहरू, सर्वोच्च अदालत २०६६, पृष्ठ २६६

सिर्जना गर्ने बहस र छलफल तथा ल्याउने जागरणबाटै लोकतान्त्रिक र उन्नत समाज निर्माण सम्भव छ । सूचना र विचारमार्फत आम सञ्चारमाध्यमले समाजलाई सूचित, शिक्षित र जागरुक मात्रै बनाउँदैनन्, कतिपय अवस्थामा खबरदारी पनि गर्न सक्छन् । त्यसकारण पनि न्यायालय पत्रकारका लागि समाचारको महत्त्वपूर्ण स्रोत हो ।

# २. रिपोर्टिङ्का विषयवस्तु

## २.१ राजनीति, समाज र अर्थतन्त्र

अदालतमा संविधान, कानून र विधि सम्बन्धी मामिलाहरू धेरै हुन्छन्। तर, संविधान, कानून र विधि यस्ता वैधानिक औजार हुन् जसले मुलुकका समग्र विषयवस्तुलाई प्रभावित गर्छन्। राजनीति, अर्थतन्त्र, समाज, परिवार, व्यक्ति सबै कुनै न कुनै रूपमा यसमा जोडिन पुग्छन्। त्यसैले अदालत कानूनी क्षेत्र हुँदाहुँदै पनि त्यससँग जोडिएर आउने अरू धेरै समाचारहरू पाइने क्षेत्र समेत हो। त्यसकारण यो महत्त्वपूर्ण 'बिट' हो। त्यही भएर अहिले धेरै सञ्चारमाध्यम र प्रतिष्ठानहरूले यो मामिला हेर्ने छुट्टै संवाददाता नियुक्त गर्न थालेका छन्।

विधिशास्त्रीय मामिलामा न्यायालयले सिद्धान्तहरू प्रतिपादन गरिरहेको हुन्छ। गतिशील समाज र समाजमा बदलिंदा चाहना र मान्यताहरूका कारण नयाँ नयाँ अवधारणाहरू आइरहेका हुन्छन्। तिनलाई कानून वा सिद्धान्त बनाएर सम्बोधन गर्नु जरुरी हुन्छ। तिनै सिद्धान्तहरूलाई विधिशास्त्रीय सिद्धान्त भनिन्छ। आमाको नाममा नागरिकता, तेस्रो लिङ्गीका अधिकार, विवाह र सँगै बस्नुका भिन्नताहरू; यस्ता धेरै उदाहरण छन् जसमार्फत न्यायालयले समाजका बदलिंदा मान्यताहरूलाई सम्बोधन गरिरहेको छ। न्यायालयले मानव अधिकार, लैङ्गिक न्याय, वातावरणीय न्याय, सामाजिक न्याय र सुशासनका क्षेत्रमा ठोस योगदान पुऱ्याउने

लक्ष्य राखेको छ ।[२७] त्यसैले अदालतबाट प्रतिपादन हुने विधिशास्त्रीय सिद्धान्तहरू पत्रकारका लागि महत्त्वपूर्ण समाचारहरू हुन् ।

अदालतमा आउने विवादमध्ये एक राजनीति पनि हो। संवैधानिक वा कानूनी विवादको आडमा न्यायालयमा ठूल्ठूला राजनीतिक मुद्दाहरू प्रवेश गर्छन् । त्यसैले राम्रो अदालती रिपोर्टरले राम्रो राजनीतिक समाचार पनि लेख्न सक्छ । उसले न्यायालयमा आएका विवादको आँखाबाट मुलुकको राजनीतिक पद्धतिका विभिन्न पक्षहरूमा राम्रो रिपोर्टिङ गर्न सक्छ ।

सहमतिको सरकार बनाउनुपर्ने भएकोले वर्तमान प्रधानमन्त्रीलाई हटाई सहमतिको प्रधानमन्त्री छनोट गर्न उनलाई पदमुक्त गरिपाऊँ भनेर समेत अदालतमा उजुरी पर्ने गरेका छन्। त्यस्ता उजुरीको सुनुवाइ गर्दै सर्वोच्च अदालतले 'रिटको माग राजनीतिक प्रकृतिको भएकोले त्यसमा अदालतले हस्तक्षेप गर्न नमिल्ने' भनेको छ ।[२८] यसको अर्थ के हो भने प्रत्यक्ष रूपमा राजनीतिक मामिलाहरू पनि कुनै न कुनै संवैधानिक विवादको आडमा अदालतसम्म पुग्छन्। तिनको फैसला मार्फत अदालतले मुलुकको राजनीतिमा पनि एउटा थिति बसाउन खोजिरहेको हुन्छ। यो पत्रकारका लागि महत्त्वपूर्ण समाचार हो ।

२०५२ सालमा प्रधानमन्त्री मनमोहन अधिकारीको सरकारले संसद् विघटन गरेर निर्वाचनको माग गरेपछि विपक्षी दलका नेता शेरबहादुर देउवा समेतले प्रधानमन्त्रीको सो निर्णय संविधानसम्मत नभएको भनेर अदालतमा रिट निवेदन दर्ता गरेका थिए । नेपालको राजनीतिक इतिहासमै अदालत पुगेको एउटा ठूलो राजनीतिक विवाद मानिएको सो विषयमा महीनौं बहस भएपछि अदालतले प्रधानमन्त्री अधिकारीको

---

[२७] रणनीतिक योजनाको कार्यान्वयन र न्यायपालिकाले हासिल गरेका उपलब्धिहरू: सर्वोच्च अदालत २०६६, पृष्ठ १३१

[२८] अधिवक्ता सरोजकुमार थापा र पारसमणि भट्टराईले १५ साउन २०६९ मा सर्वोच्च अदालतमा दर्ता गरेको यस सम्बन्धी रिट निवेदनलाई २१ साउनमा न्यायाधीश ताहिर अली अन्सारीले पहिलो सुनुवाइमै खारेज गरिदिएका थिए ।

निर्णय संविधानसम्मत नभएको भनेर खारेज गरिदिएको थियो।[२९] आज पनि सो फैसलाका पक्ष र विपक्षमा जनमत विभाजित छ। तर, त्यो फैसलापछि नेपालमा न्यायपालिकाका गतिविधिले राम्रो 'कभरेज' पाउन थालेको हो भन्दा अत्युक्ति हुँदैन।

यसपछि पनि संसद् विघटन गर्न पाउनु प्रधानमन्त्रीको अधिकार हो कि होइन अथवा प्रधानमन्त्रीले संसद् विघटन गर्न कुनै पूर्वशर्त पूरा गर्नुपर्छ या पर्दैन भन्ने जस्ता प्रश्नहरू उठिरहेकै छन्। ती विवादहरू पत्रकारहरूका लागि महत्त्वपूर्ण समाचार सामग्री हुन्। नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत राष्ट्रपतिलाई मन्त्रिपरिषद्ले गरेको निर्णयमाथि पुनर्विचार गर्न वा अन्यथा निर्णय गर्ने अधिकार छ/छैन भन्ने विवाद पनि अदालत पुगेर निर्क्योल भएको छ।[३०]

यसैगरी समाज र अर्थतन्त्रसँग सम्बन्धित मामिला पनि विवादका रूपमा अदालत पुग्छन्। समाजको एउटा इकाइ परिवारभित्र हुने त्यस्ता गतिविधि, जसको सार्वजनिक महत्त्व छ, समाचारका राम्रा विषय हुन्। यस्ता मामिलाको अध्ययन गरेर पत्रकारले समाज कता जाँदैछ यसका मान्यताहरू कसरी बदलिँदैछन् भनेर आफ्ना पाठक, दर्शक र श्रोतालाई सूचना दिने र विचार बनाउन सहयोग गर्ने काम गर्न सक्छन्।

राजनीति जस्तै पारिवारिक मामिलाका धेरै विवादहरू अध्ययन अनुसन्धान र रिपोर्टिङ गर्न पाइने थलो अदालत हो। हाल नेपालका अदालतहरूमा विचाराधीन मुद्दा मामिला मध्ये करीब एकचौथाइ विवादहरू पारिवारिक मामिलासँग सम्बन्धित छन्[३१]। मुलुकभरका अदालतमा विचाराधीन १ लाख २२ हजारमध्ये २८ हजार ४०० मुद्दा पारिवारिक मामिलासँग सम्बन्धित छन्। नेपालको कानूनले अंश, अपुताली, धर्मपुत्र,

---

[२९] १२ भदौ २०५२ मा तत्कालीन प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय सहित सर्वोच्च अदालतको पूर्ण इजलासको सो फैसला नेपालमा विवादास्पद र चर्चित अदालती फैसलामध्ये एक हो।

[३०] यस विषयमा आदालतले मन्त्रिपरिषद्को निर्णय र राष्ट्रपतिको क्षेत्राधिकारबारे वृस्तीत रूपमा व्याख्या गरेको छ।

[३१] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०६७/६८

नाता कायम, बहुविवाह, बालविवाह, अनमेल विवाह, सम्बन्धबिच्छेद जस्ता विवादलाई पारिवारिक विवाद मान्ने गरेको छ ।

पारिवारिक विवादभित्र पनि धेरैजसो मुद्दामा अंश, नाता कायम र सम्बन्धबिच्छेदका मुद्दा देखिन्छन् । समग्रमा न्यायालयभित्र जाने विवादमध्ये एकचौथाइ विवादहरू पारिवारिक मामिलासँग सम्बन्धित छन् । अर्थात् नेपालमा दाजुभाइ, बाबुआमा र लोग्नेस्वास्नी बीचका विवादहरू धेरै छन्। यसको सोझो अर्थ भनेको नेपालको ठूलो संख्याका परिवारभित्र विवाद र किचलो छ। यसको समाधान विना परिवारभित्र शान्ति कायम गर्न सम्भव छैन। जब परिवारभित्र शान्ति छैन भने समाजमा कसरी शान्ति स्थापना हुनसक्छ? यस्ता रोचक तथा गम्भीर विषयवस्तु पाउन सकिन्छ, न्यायालयमा।

अदालतमा दर्ता हुने मुद्दाको सूचीमा जग्गाजमिनसँग सम्बन्धित मामिलाको स्थान एक नम्बरमा छ। हाल नेपालका अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा धेरै ३७११५ (३०.३८ प्रतिशत) मुद्दा जग्गा जमिनसँग सम्बन्धित छन्। दोस्रोमा पारिवारिक २८४२१ (२३.२६ प्रतिशत), तेस्रोमा लेनदेन सम्बन्धी ११२२० (९.१८ प्रतिशत), चौथोमा जालसाजी १०८८६ (८.९१ प्रतिशत) र पाँचौंमा ज्यान ७६८७ (६.२९ प्रतिशत) मुद्दा रहेका छन्।[३२] यसबाट सामान्यत: नेपाली समाजमा अहिले पनि जग्गाजमिनमा झमेला गर्ने, घरपरिवारभित्र किचलो गर्ने, लेनदेनमा विश्वासिलो सम्बन्ध नहुने, जालसाजी गर्न पछि नपर्ने र ज्यान लिने जस्ता काम सहजै हुने अपराध रहेछन् भनेर बुझ्नुपर्ने हुन्छ। यसको अर्थ के हो भने हामीले मुलुकको शासन व्यवस्थाका लागि लोकतन्त्र वा प्रजातन्त्रको दुहाइ दिए पनि हाम्रो समाज र परिवार अहिले पनि परम्परागत चिन्तनबाट बाहिर निस्कन सकेको छैन। पत्रकारलाई समाज चिनाउन चाहिने यति महत्त्वपूर्ण तथ्य र विवरणहरू अदालतमा पाइन्छन्।

उमेर पुगेका केटाकेटी विवाह नगरिकन पनि सँगै बस्न सक्छन् भन्ने सर्वोच्च अदालतको व्याख्या छ। त्यसैगरी असमझदारी बढ्दै

[३२] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०६७/६८

गएमा वा मन नमिलेमा विवाहित जोडी पनि छुट्टिएर बस्न पाउँछन् भनेर आएका अदालती फैसलाका कारण सम्बन्धबिच्छेद अब हिजोजस्तो जटिल विषय रहेन । त्यसैगरी श्रीमतीको अनुमति विना श्रीमानले शारीरिक सम्पर्क राख्न खोज्नु पनि बलात्कार हो भन्ने जनाउ अदालतले दिएको छ, जसलाई हामी वैवाहिक बलात्कार सम्बन्धी विषय भनेर जान्दछौं । यस्ता उदाहरणहरूले के देखाउँछन् भने नेपाली समाज परम्परागत सोचमा ठूलो फड्को मारिरहेको छ। यस्तो कुरा अदालती रिपोर्टिङमार्फत बाहिर ल्याउन पाउनु कानून पत्रकारका लागि राम्रो मौका हो ।

## २.२ अधिकार, सम्पत्ति र नाता

अदालतमा सम्पत्ति, नाता र अधिकारका मामिलामा पनि प्रशस्तै उजुरी पर्छन् । ती विवादहरू पत्रकारका लागि महत्त्वपूर्ण समाचार सामग्री हुन् ।

१ **अधिकार** : न्यायालय सिद्धान्ततः अधिकारको स्रोत हो । न्यायालयबाट न्याय पाउनु मानिसले अधिकार पाउनु हो । त्यसैले न्यायालय र अधिकार एकअर्कासँग सम्बन्धित छन् । कसैको अधिकार हनन भएमा उसले न्यायालयको ढोका ढकढक्याउन पाउने संवैधानिक र कानूनी व्यवस्था गरिएको हुन्छ । व्यक्तिको अधिकारका मामिलामा पहुँच हुनेहरूले नहुनेलाई, बलियाले निर्धालाई, संगठितले असंगठितलाई हेप्ने, पेल्ने वा उपेक्षित गर्न सक्ने सम्भावना रहन्छ। यसो भएमा उसले न्यायालयबाट उपचार पाउने हक सुरक्षित राखिन्छ। पत्रकारका लागि समाचार, विचार वा कार्यक्रम निर्माण गर्न यो ठूलो विषय हो ।

२ **सम्पत्ति** : सम्पत्ति कमाउने र भएको सम्पत्ति सुरक्षा गर्ने मामिलामा मानिस गम्भीर हुन्छ। त्यसैले कमाउने मामिला होस् वा भएको जोगाउने, यी विषयमा अदालतमा प्रशस्त उजुरी र विवादहरू पुग्ने गर्छन् । जिल्ला अदालत, पुनरावेदन अदालतमा पुगेका स्थानीय तहमा चर्चित वा सार्वजनिक महत्त्व राख्ने परिवार वा व्यक्तिसँग सम्बन्धित विवादहरूदेखि राष्ट्रिय रूपमा चर्चामा आएका व्यापारिक वा

व्यावसायिक घरानाभित्रका सम्पत्ति मामिलाका विवादहरू थाहा पाउने रुचि मानिसमा हुन्छ । यी सबै महत्त्व राख्ने समाचार हुन सक्छन् । सम्पत्तिको मामिलामा मानिसहरू आफ्नो बारेमा मात्रै होइन अरूको बारेमा पनि जान्न चाहन्छन् । जस्तो कि छिमेकी भारतमा चर्चित उद्योगी दाजुभाइ अनिल अम्बानी र मुकेश अम्बानीबीचको सम्पत्ति विवाद भारतीय सत्ता राजनीति जत्तिकै चर्चित विषय मानिन्छ ।

३ **नाता** : समाजमा प्रशस्त देखिने नाता विवादहरू अदालतमा आएर एउटा टुङ्गोमा पुग्छन् । त्यसले परिवार र समाजको तस्वीर मात्रै होइन मुलुकको कानूनी र न्याय व्यवस्थाका विभिन्न पक्षहरू खोतल्न सहयोग पुऱ्याउँछ । सर्वोच्च अदालतमा परेको एउटा उजुरी, अदालतले त्यसबारेमा गरेको निर्णय र त्यसमा चित्त बुझेन भनेर प्रधान न्यायाधीशसमक्ष दिएको निवेदनको एउटा विवरणले[३३] देखाउँछ, अदालतमा कतिथरी विवादहरू आइपुग्छन् । यस्ता विषयमा न्यायालयले दिएका आदेशका विभिन्न पक्ष केलाएर रोचक समाचार तयार गर्न सकिन्छ । अदालतमा परेका सबैखाले उजुरी वास्तविकतामा आधारित हुन्छन् भन्ने छैन । त्यसैगरी अदालतबाट भएका सबै फैसलाहरूले पीडितलाई न्याय गरेका छन् भन्ने पनि हुन्न । त्यसमा आफ्नो विवेक प्रयोग गर्ने काम पत्रकारबाट भयो भने उसले एउटा उजुरीबाट विभिन्न कोणहरू खोजेर समाचार तयार गर्छ। चितवन जिल्ला अदालतमा परेको एउटा मुद्दा तह तह हुँदै सर्वोच्च अदालतमा आएर टुङ्गिएको छ। तर, यो मुद्दाबाट नाता कायम मात्रै होइन डीएनए परीक्षण जस्तो वैज्ञानिक विधिलाई समेत कहिलेकाहीं अदालतले प्रमाण मान्न अस्वीकार गर्दोरहेछ भन्ने देखिन्छ । *(हे. बक्स)*

---

[३३] चितवन जिल्ला पटियानी गा.वि.स. वडा नं ५ बस्ने राजीव गुरुङ्ले १५ असार २०६९ मा प्रधानन्यायाधीश खिलराज रेग्मीसमक्ष गरेको उजुरी । तर, सर्वोच्च अदालतका सहायक प्रवक्ता हेमन्त रावलसँग २०६९ भदौमा यस सम्बन्धमा कुरा गर्दा उनले अदालतले डीएनए परीक्षणलाई नमानेको नभई परीक्षण विधिप्रति सावधानी अपनाइयो वा अपनाइएन भनेर हेरेको बताएका थिए ।

मिति २०६९/३/१५

**सम्माननीय प्रधान न्यायाधीशज्यू,**
**सर्वोच्च अदालत**
रामशाहपथ, काठमाडौं ।

**विषय : न्याय पाउने ढोका खोल्ने व्यवस्थाको लागि आवश्यक पहल गरिपाऊँ ।**

म पीडित राजीव गुरुङ्ग घोर अन्यायमा परेको र सर्वोच्च अदालतका न्यायाधीशहरूले न्याय मारेको र प्रमाण छाडेको व्यहोरा निम्नलिखित अनुसार छ।

म निवेदकको घर बसोबास चितवन जिल्ला पटियानी गा.वि.स. वडा नं ५ रहेको छ । मसँग कुनै पनि किसिमको सम्पर्क नभएकी निता गुरुङ्गले विवाहपूर्व पाएको बच्चा म निवेदकको हो भनी नाता कायम मुद्दा चितवन जिल्लामा दिएकी थिइन् । विपक्षी निता गुरुङ्गले बच्चा पाउँदा अस्पतालमा अर्को मानिस चितवन शिवनगरको राजु गुरुङ्गको बच्चा हो भनी लेखाएकी छिन् । त्यसैले उनले अस्पतालमा पति भनेको व्यक्ति अर्को, ठेगाना पनि अर्को, मेरो सम्पर्क पनि छैन, बच्चा पनि होइन, नाता कायम हुन सक्दैन भनी मेरो प्रतिउत्तर परेको थियो । जिल्ला अदालतले अस्पतालमा अरू नै व्यक्तिको नाम भए पनि, सर्जमिनले जे भने पनि भन्दै एउटी नारीले राजीवको बच्चा हो भनेकी हुँदा उसैको बच्चा हो भनी ठहर गऱ्यो। मेरो तर्फबाट पुनरावेदन गरेकोमा पुनरावेदन अदालत हेटौंडाले झगडिया नै नझिकाई सदर गऱ्यो। त्यसउपर हाम्रो तर्फबाट सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याउने निवेदन पर्न गयो । सर्वोच्च अदालतको डिभिजन बेञ्चले डीएनए परीक्षण नगरी नाता कायम गरेको मिलेन भनी निस्सा दियो। अर्को डिभिजन बेञ्चले डीएनए टेस्ट परीक्षण गर्ने आदेश दियो। डीएनए टेस्ट भई आएकोमा आमा र बच्चाको डीएनए मिल्छ, बाबुको मिल्दैन; बच्चाको आमा यही हो, बाबु राजीव गुरुङ्ग हैन भनी प्रष्ट रिपोर्ट दियो। डीएनए परीक्षण गरी राय दिने विशेषज्ञलाई जिरह गराउनु भनी अर्को डिभिजन बेञ्चले आदेश दियो । जिरह भयो । विशेषज्ञले डीएनए परीक्षण नै संसारको सबैभन्दा भरपर्दो विधि हो भनी आफ्नो रायलाई समर्थन गरी बकपत्र गरेका छन् । त्यसपछि मिति २०६७/२/१० का दिन मुद्दा सुनुवाइ हुँदा माननीय न्यायाधीश

बलराम के.सी. र माननीय न्यायाधीश सुशीला कार्कीबाट डीएनए परीक्षण प्रतिवेदनलाई वास्तै नगरी प्रमाणै नलिई निताले भने अनुसार यो राजीवको गर्भ हो भन्ने जस्ता हल्का कुराको साक्षी बक्ने, सर्जमिन गर्ने केही व्यक्तिको बकपत्रको आधारमा पुनरावेदन अदालतको फैसला सदर गर्दै डीएनए परीक्षण रिपोर्टलाई ठाडै उपहास गरियो ।

उल्लिखित तथ्यको आधारमा अब हाम्रो अदालतको गन्तव्य कता हुने हो भन्ने प्रश्न उठेको छ । विज्ञानका आविष्कार, हातमा मोबाइल लिने, प्लेन चढ्ने, टी.भी. हेर्ने तर डीएनए परीक्षण प्रतिवेदन नमान्ने, पुरातन परम्परावादी भनाइलाई मान्यता दिने काम भइरहेको छ। विज्ञानलाई मान्दिनँ भनेर चुनौती दिने त्यसमा पनि डीएनए परीक्षणमा जस्तो विश्वले मान्यता दिएको कुरामा भने अब वास्तविक न्याय पाउने कसरी ? अदालतले अरूको अनुसन्धान र ज्ञान नमान्ने, आफूले नजान्ने हो भने न्याय कसरी पर्छ ? संसारका ठूला ठूला अपराध र व्यक्ति पत्ता लगाउने डीएनए परीक्षणलाई नेपालले नमान्ने भन्ने हो भने न्याय कतातिर जान्छ ?

एउटाको गर्भ धारण गर्ने र अर्काको भन्ने महिलालाई प्रश्रय दिनुहुन्न। डीएनएद्वारा जाँचेर न्याय दिने परम्परा स्थापित नगर्ने हो भने कस्तो सामाजिक विकृति र विसंगति बढ्ला ? एउटी महिलाले बच्चा बोकी हिंड्दैमा उसले जसलाई भन्यो उही व्यक्ति बाबु बन्न सक्ने हुनुहुँदैन ।

यसमा लेखिएको व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**उजुरकर्ता**
**राजीव गुरुङ**
पटियानी-५, चितवन

(उजुरीपत्रको भाषा सामान्य सम्पादन गरिएको छ ।)

## २.३ हार्ड न्यूज, सफ्ट न्यूज र फिचर पाइने थलो

अदालत पत्रकारका लागि नियमित समाचार पाइने महत्त्वपूर्ण ठाउँ हो। यहाँ दिनदिनै भइरहेका गतिविधि समेटेर 'हार्ड न्यूज' लेख्न सकिन्छ। परिवेश, पृष्ठभूमि र परिस्थितिलाई समेटेर 'सफ्ट न्यूज' र त्योभन्दा व्यापक विषयवस्तु समेटेर 'फिचर' समाचार पनि लेख्न सकिन्छ।

अदालतमा प्रशस्तै 'हार्ड न्यूज' हुन्छन्। अदालतको फैसलाका कारण कसैको प्रधानमन्त्री पद धरापमा परेको छ भने कसैले प्रधानमन्त्री हुने मौका पाएका छन्। अनि कसैको प्रधानमन्त्री पद जोगिएको पनि छ। झण्डै दुई दशकअघि प्रधानमन्त्री मनमोहन अधिकारीले अदालती फैसलाका कारण पद त्याग गर्नु परेको थियो भने त्यसपछि शेरबहादुर देउवाले प्रधानमन्त्री हुने मौका पाएका थिए। अदालती आदेशकै कारण भ्रष्टाचारको अभियोग लागेका एकजना मन्त्री अदालतबाट सीधै जेल गएका छन्। त्यसरी जेल जाने सार्वजनिक पदाधिकारीको संख्या अनगिन्ती छ। अदालती फैसलाका कारण अधिकारीहरू पदमा कायम भएका र पदमुक्त भएका उदाहरण कति छन् कति। त्यसबाहेक राजनीतिक, आर्थिक, सामाजिक र अन्य मानवीय चासोका समाचार लेख्न जिल्लादेखि सर्वोच्च तहसम्मका अदालती आदेश र फैसलाहरू व्यापक सन्दर्भ सामग्री बन्ने गरेका छन्।

सफ्ट न्यूज लेख्न पनि प्रशस्त आधारहरू पाइन्छन् अदालतमा। न्याय माग्न आउने, न्याय पाउने, नपाउने र न्यायिक प्रक्रियामा संलग्न न्यायाधीश, वकिल, कर्मचारी र मुद्दाका पक्षहरूका विविध पक्षमा यस्ता समाचार तयार गर्न सकिन्छ। जस्तो कि तारेख लिन नवलपरासीबाट काठमाडौंसम्म हिंडेर आएका कथाहरू, काठमाडौंमा बस्नु पर्दाका साह्रो-गाह्रोहरू, २५/३० वर्षसम्म मुद्दा नटुङ्गिएर व्यहोर्नु परेका हैरानीहरू समाचारका राम्रा विषय हुनसक्छन्। जिल्ला र पुनरावेदन अदालतहरूमा पनि मुद्दा दर्तादेखि फैसला हुँदै त्यसका कार्यान्वयन सम्मका विविध विषयमा समाचार तयार गर्न सकिन्छ। मुद्दा जितेर पनि त्यसको अर्थ नहुने अवस्था सिर्जना हुँदाका पीडाहरू समाचारका राम्रा विषय हुन्।

'काभ्रेको भुम्लुटारकी सम्झना श्रेष्ठले नातामा आफ्नो हजुरबुबा पर्ने खड्गबहादुर श्रेष्ठले दुर्व्यवहार गर्न खोजेपछि आत्मरक्षा गर्ने क्रममा प्रतिवाद गरेको १० दिनपछि खड्गबहादुर मरे। २०६५ माघ ४ गते आफ्नो सतीत्व रक्षाका लागि गरेको प्रतिवादका कारण उनले पाँच वर्ष जेल सजाय भोग्नु परेको' कथा एउटा रोचक फिचर समाचार हो।[३४] यस्तो फिचर समाचारले एकैचोटि एक भन्दा धेरै विषयवस्तुका बारेमा जानकारी दिन्छ र पाठक, दर्शक र श्रोतालाई केही सोच्न बाध्य बनाउँछ। न्यायालय फिचर समाचारका लागि उर्वर ठाउँ हो भन्दा फरक पर्दैन।

[३४] विनिता दाहाल, नागरिक दैनिक २०६८ साउन २० गते शनिबार पृष्ठ १

# ३. अपराध, विवाद र यौन

## ३.१ अपराध

अपराधबारे थाहा पाउन मानिसलाई औधी रुचि हुन्छ। अपराध मामिला आफैंमा महत्त्वका साथ छापिने वा प्रसारण हुने समाचार हो। अपराधमा संलग्न व्यक्ति तथा पीडितहरूका बारेमा धेरै तरिकाले समाचार तयार गर्न सकिन्छ। अपराध सम्बन्धी विवादहरू अदालतमा आइपुग्ने हुँदा सम्बन्धित मुद्दाका विवरण र मिसिल अध्ययन गरेर रोचक तथा पठनीय समाचार बनाउन सकिन्छ। उदाहरणका लागि, खुमबहादुर खड्का र सलिम मियाँ अन्सारीको नाम जोडिएको एउटा मुद्दा कुनै बेला पठनीय समाचार बनेको थियो। उक्त मुद्दाको मिसिल अंश यस्तो थियो :

> *"बाजेको नाम रघुनाथ, बुबाको नाम दामोदर, मेरो नाम हरेराम चौधरी हो। स्थायी घर भारतको गोपालगञ्ज बिहार हो। अहिले काठमाडौं महानगरपालिका ३५ महादेवस्थानमा बस्छु, ४० वर्षको भएँ। भारतकै राजेश यादवले मलाई नेपालका पूर्व मन्त्री सलिम मियाँ अन्सारीलाई वीरगञ्जमा भेट गराएका हुन्। पछि पप्पु देव भन्ने अनिल शर्माले पनि सलिमलाई भेट्न खोजेपछि मैले नै उनलाई सलिमको घरमा लगेर भेट्टाइदिएको थिएँ। त्यसपछि निज दुवै जनाको बीचमा राम्रो सम्बन्ध हुँदै गयो। दुई वर्ष जति अघि सलिम मियाँ अन्सारीले पप्पु देव भन्ने अनिल शर्मालाई रु.२२ लाखमा चार नाल एके ४७ भन्ने राइफल दिएपछि पप्पु देवले ती हतियार भारत पुऱ्याएका थिए।*

*करीब दुई वर्ष अघि विराटनगरका उमेश गिरीले पप्पु देव र मलाई तत्कालीन गृहमन्त्री खुमबहादुर खड्कासँग मन्त्री क्वाटर हरिहर भवनमा भेट गराएका थिए। त्यसबेला खड्काले सलिम मियाँ अन्सारीको हत्या गर्नुपर्छ भनेपछि पप्पु देवले विचार गरौंला भनेका थिए। त्यसपछि खड्का र पप्पु देवको पटक-पटक भेट हुने गर्थ्यो। त्यसै क्रममा पप्पु देवले उमेश गिरी मार्फत तत्कालीन गृह मन्त्री खुमबहादुर खड्कालाई सेमी अटोमेटिक राइफल दिएका थिए। मैले थाहा पाए अनुसार खड्काले कम्प्युटर प्रिन्टको चिट बनाई सलिम मियाँ अन्सारी ९४ नम्बरको मित्सुविसी गाडीमा हिंड्छ, निजको हत्या गर भनी पप्पु देवलाई दिएका थिए।"*

नक्कली भारतीय मुद्राको कारोबारमा पक्राउ परेका भनिएका हरेराम चौधरी नाम गरेका व्यक्तिले काठमाडौं जिल्ला अदालतमा दिएको यो बयान अहिले पनि त्यहाँ मिसिलमा सुरक्षित छ। २० असार २०६० मा जिल्ला सरकारी न्यायाधिवक्ता सूर्यनाथ प्रकाश अधिकारी समक्ष बयान दिने क्रममा चौधरीले यो तथ्य खुलासा गरेका थिए।[३५] मुलुकको न्यायालयमा लिपिबद्ध भएर रहेका यस्ता विवरणहरू हाम्रा लागि समाचारका भरपर्दा स्रोत हुन्। यसबाट के स्पष्ट हुन्छ भने न्यायालयका धुलाम्मे मिसिलभित्र देशको ठूलठूला पदमा पुगेका व्यक्तिहरूका कर्तुतहरू फेला पार्न सकिन्छ। यद्यपि, यस्ता विवरणहरू कति भरपर्दा र यथार्थमा आधारित छन् भन्ने विषयमा भने पत्रकार स्वयं पर्याप्त गम्भीर हुनुपर्छ।

न्यायालयलाई समाचारको बिट बनाएर रिपोर्टिङ गरिरहेका संवाददाताहरूले सार्वजनिक गरेका विवरणहरू धेरै रोचक समाचार बनेका छन्। त्यसमध्ये एक हो, चाल्स शोभराज प्रकरण। तीन दशक पुरानो अपराध मामिलामा संलग्न शोभराज काठमाडौंमा रहस्यमय तरिकाले पक्राउ परेपछि करीब पाँच वर्षसम्म यो अपराध

---

[३५] जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौं। हरेराम चौधरीसहितका प्रतिवादीहरूको बयानको प्रतिलिपिबाट।

मामिला कुनै न कुनै रूपले ठूलै समाचार बनिरह्यो । सर्वोच्च अदालतबाट अन्तिम तहमा सुनुवाइ भएर उनी दोषी ठहरेपछि पनि कुनै न कुनै रूपमा उनको चर्चा हुने गरेको छ । कतिसम्म भने शोभराजलाई सजाय गर्ने अदालतको फैसलामाथि उनकी प्रेमिका भनिने निहिता विश्वास र तिनकी आमा शकुन्तला थापाका टिप्पणीले अदालतको अवहेलना भएको भनेर अर्को छुट्टै मुद्दा समेत चल्यो । यस्ता धेरै अपराध मामिलाहरू छन् जसलाई पत्रकारले बाहिर ल्याएका छन् ।[३६] यस्ता मामिलामा अनुसन्धान गरेर रिपोर्टिङ गर्ने पत्रकारहरूको सामाजिक र व्यावसायिक प्रतिष्ठा मात्रै बढेको छैन, उनीहरू आफ्नो पेशाभित्र स्थापित पनि हुँदै गएका छन् ।

## ३.२ **विवाद** :

विवादबारे थाहा पाउन मानिसमा निकै चासो हुन्छ । आफन्त, छरछिमेकहरू संलग्न भएको विवाद मात्रै होइन, कुनै साइनो सम्बन्ध नै नभएको व्यक्ति व्यक्ति वा संस्था- संस्थाबीचको विवाद पनि थाहा पाउने चाहना मानिसमा निकै तीव्र हुन्छ । अदालत विवादको चाङमा बसेको हुन्छ । त्यसैले अदालत विवाद मामिला समाचारको खानी नै हो भन्दा फरक पर्दैन ।

अदालतमा धेरैखाले विवादहरू हुन्छन् । व्यक्ति व्यक्तिबीचका विवादहरू पनि कतिपय अवस्थामा सार्वजनिक चासो र बहसका विषय हुन्छन् । अझ त्यसमा न्यायालयले प्रतिपादन गर्ने विधिशास्त्रीय सिद्धान्तका कारण थप चर्चाको विषय बन्न पुग्छन् । अन्नपूर्णा राणा र उनकी आमाबीचको अंश विवाद उनीहरूको पारिवारिक मामिला

---

[३६] सो अवहेलना मुद्दामा सर्वोच्च अदालतले अदालती मामिलामा रिपोर्टिङ गर्ने पत्रकार व्यावसायिक र सक्षम हुनुपर्छ भनेको छ। या त कानूनको अध्ययनबाट सर्वोच्च अदालतमा रिपोर्टिङ गर्न सक्ने वा जिल्ला अदालत तहबाटै अनुभव हासिल गरेर सर्वोच्च अदालत तहसम्म रिपोर्टिङ गर्नुपर्छ भन्ने सो फैसलाले अदालती रिपोर्टिङ गर्ने पत्रकारको योग्यता निर्धारणतर्फ ध्यानाकर्षण गराएको ठान्छन् पत्रकार अनन्तराज लुइँटेल। लुइँटेलसँग ५ मंसीर २०६९ मा गरिएको कुराकानी।

थियो। तर काठमाडौं जिल्ला अदालतले 'पाठेघरको परीक्षण गर्न' दिएको एउटा आदेशका कारण यो सार्वजनिक बहसको विषय बन्यो।[३७] अन्तत: सर्वोच्च अदालतको आदेशपछि मात्रै यसको निर्क्योल भयो। यसरी कतिपय पारिवारिक विवादहरू पनि सार्वजनिक महत्त्वका हुनपुग्छन् र पत्रकारका लागि यो रोचक समाचारको विषय हुनपुग्छ।

न्यायालयमा संस्था र व्यक्तिबीचका विवादहरू पनि हुन्छन्। समाचारका दृष्टिले ती महत्त्वपूर्ण हुन्छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएका भ्रष्टाचार मुद्दामा पछिल्ला समयमा आएर नेपालका चर्चित राजनीतिज्ञहरू जेल जान बाध्य भएका छन्। नेपाली कांग्रेसका नेताहरू खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले र मधेशी जनअधिकार फोरमका नेता जयप्रकाश गुप्ता, पूर्व अर्थमन्त्री स्व. रवीन्द्रनाथ शर्मा सम्बन्धी विवाद र न्यायालयको आदेश व्यक्तिले भ्रष्टाचार गरेको भनेर नेपालको संवैधानिक संस्थाले दायर गरेको उजुरीमा आधारित थियो। यस्ता धेरै विवादहरू अदालतमा आउँछन् जहाँ एकातिर व्यक्ति र अर्कोतिर संवैधानिक, कानूनी र अन्य संस्थाहरू जोडिएका हुन्छन्। तिनमा न्यायालयले प्रतिपादन गर्ने सिद्धान्त ठूल्ठूला समाचारका विषय बन्छन्।

संस्था-संस्थाबीचका विवाद झनै महत्त्वपूर्ण समाचार हुन्छन्। एक दशक अघि अख्यितार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको कार्यालय बीचमा अधिकार क्षेत्रको विषयलाई लिएर विवाद भएको थियो। नेपालमा चलनचल्तीमा निषेध गरिएको भारु ५०० को नोटसहित पक्राउ परेका एक जना अभियुक्तलाई मुद्दा चलाउने नचलाउने विषयमा भएको विवादमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख सूर्यनाथ उपाध्याय र तत्कालीन महान्यायाधिवक्ता बद्रीबहादुर कार्कीबीच शक्तिसंघर्ष नै चलेको थियो। पछिल्ला समयमा संसद्को समयावधि थप गर्ने नगर्ने बारेमा परेका उजुरीदेखि मन्त्रिपरिषद्ले गरेको निर्णय मान्न राष्ट्रपति बाध्य हुने नहुने भन्ने सम्मका विवादहरू अदालत पुगेका छन्।

---

[३७] गोपनीयता सम्बन्धी परिच्छेदमा यस सम्बन्धी थप चर्चा गरिएको छ।

## ३.३ यौन :

अदालतमा यस्ता मुद्दा पनि आउँछन् जुन विषयमा परिवार वा समाजमा खुलेर कमै मात्र चर्चा हुन्छ, भइहाले पनि सतही रूपमा मात्रै हुने गर्छ। नाता कायम, अंश, सम्बन्ध बिच्छेद जस्ता विवादहरू र तिनका बारेमा अदालतले दिएको आदेश वा गरेको फैसला महत्त्वपूर्ण समाचार हुनसक्छन्। कानून, नजिर र प्रमाण समेतका आधारमा अदालतले दिने आदेश वा फैसलाबाट व्यक्तिले न्याय पाउने हुनाले यो आफैंमा समाचार हुन्छ। विवादको प्रकृति, न्याय पाउन लागेको समय, आर्थिक लगानी जस्ता विषयलाई त्यस विवादमा संलग्न नभएका मानिसले समेत चासोपूर्वक नियाल्ने भएकोले यी समाचारका विषय हुन्।

त्यसमा पनि नाता कायम, सम्बन्धबिच्छेद जस्ता मुद्दाको जगमा यौन मामिला जोडिन पुग्ने हुनाले यी पाठकका लागि थप चासोका विषय हुनपुग्छन्। 'आफ्नो लुकाउने र अरूको खोतल्ने' हाम्रो जस्तो समाजमा अदालत पुगेका धेरैजसो यौन मामिलाहरू आफैंमा समाचार बन्ने खालका हुन्छन्। धेरैजसो विवाद श्रीमान/श्रीमतीले अरू कसैलाई मन पराउन थालेको, खान-लाउन नदिएको, घर बाहिर अर्की श्रीमती राखेको वा अर्को केटासँग उठबस रहेको जस्ता हुन्छन्। तर, अदालतमा मुद्दा दर्ता गर्दा यसो भनिंदैन। कानून र व्यवहार समेतलाई ध्यानमा राखेर वकिलले मुद्दा तयार गर्दा चाहिं 'खान लाउन नदिएको, वास्ता गर्न छाडेको' जस्ता व्यहोरा उल्लेख गरेर सम्बन्धबिच्छेद मुद्दा दायर गर्ने प्रचलन छ। अदालती रिपोर्टिङमा पोख्त संवाददाताले परिवार र समाजले चासोका साथ हेर्ने सार्वजनिक महत्त्व भएका यस्ता विवादका प्रवृत्तिलाई केलाएर राम्रो समाचार बनाउन सक्छ।

२८ चैत २०६६ मा सर्वोच्च अदालतले गरेको एउटा फैसला धेरैको ध्यान तान्ने खालको छ। सप्तरीका ३७ वर्षीय सुरज डोम र उनकी ३० वर्षीया श्रीमती छोटनी अहिले सप्तरी कारागारमा छन्। हत्या अभियोगमा जिल्ला अदालत सप्तरीले २०६२ सालमा उनीहरू

दुवैलाई सर्वस्वसहित जन्मकैद गर्ने फैसला गऱ्यो । सामान्यतया २० वर्ष हाराहारी मानिने जन्मकैद समाप्त गर्दा दुवैको उमेर ५० वर्ष माथि पुग्ने हुनाले त्यसपछि आफूहरूको कुनै सन्तान नहुने हुँदा हाल जेलमै आफूहरूले भेटघाट गरेर प्रजनन अधिकार सुरक्षित गरी सन्तान जन्माउन पाउनुपर्ने माग गर्दै मानवअधिकारवादीहरूको सहयोगमा उनीहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । कैद भुक्तान गरेर निस्कँदा आफूहरूको प्रजनन क्षमता समाप्त भइसक्ने र जीवनभर सन्तानविहीन हुनुपर्ने हुनाले जेलभित्र भेटघाटको व्यवस्था हुनुपर्ने माग उनीहरूको थियो ।

२८ चैत २०६६ मा सर्वोच्च अदालतका न्यायाधीशद्वय बलराम केसी र गिरीशचन्द्र लालको इजलासले उनीहरूको प्रजनन अधिकारका पक्षमा आदेश दिँदै उनीहरूलाई भेटघाटको व्यवस्था मिलाउन कारागार प्रशासनलाई आदेश दियो । अदालतले 'लोग्ने मानिस कैदी भए उसकी श्रीमतीलाई प्रक्रिया पुऱ्याएर भेट्न दिनु सरकारको दायित्व हुन्छ । यसैगरी श्रीमती कैदी भए उसको लोग्नेलाई भेट्न दिनुपर्ने हुन्छ'[३८] भन्ने आदेश दिएको थियो । सर्वोच्च अदालतको यो आदेश नेपाली परिवेशमा नौलो र धेरैका लागि चासोको विषय त थियो नै, दक्षिण एशियाली मुलुकहरूकै लागि पनि यो नौलो उदाहरण थियो । यस्ता विषयवस्तु र ती सम्बन्धी फलोअप समाचारहरू पत्रकारका लागि चर्चा पाउने विषयवस्तु हुन्छन् । प्रजनन अधिकारलाई मानव अधिकारका दृष्टिले हेरेर अदालतले यो फैसला गरेको भए पनि यौन र प्रजनन अधिकार जस्ता मामिलामा हतपत नखुल्ने नेपाली समाजमा यो महत्त्वपूर्ण मानवीय चासोको समाचार हो ।

## ३.४ मानवीय चासोका समाचार

अदालतमा मानवीय चासोका अरू पनि समाचार हुन्छन् । कतिपय अवस्थामा संविधान, कानून र विधिसँग सम्बन्धित हुँदाहुँदै पनि ती

---

[३८] समाचार स्रोत : http://www.chitawan.com/news/?p=4181

विवादहरूको छुट्टै सामाजिक महत्त्व पनि हुन्छ। पत्रकारका लागि ती राम्रो समाचारका विषय हुनसक्छन्।

करीब एक दशकअघि पुनरावेदन अदालत, विराटनगरका न्यायाधीशद्वय श्यामबहादुर प्रधान र चोलेन्द्रशमशेर जबराको इजलासले गरेको जूवा सम्बन्धी एउटा फैसला साँच्चिकै अनौठो थियो। प्रहरीले म्यारिज खेलिरहेका केही जुवाडेहरूलाई पक्राउ गरेर अदालतमा जूवा ऐन अन्तर्गत मुद्दा दायर गरेको थियो। सो मुद्दामाथि फैसला गर्दै अदालतले म्यारिज खेल संयोगका भरमा खेलिने नभई लामो प्रक्रिया मार्फत खेलिने हुनाले त्यसलाई जूवा भन्न नमिल्ने[३९] फैसला गरेको थियो।

## फैसलाको मुख्य अंश यस्तो थियो

*"प्रथमतः तासको म्यारिज खेल जुवा ऐन २०२० को परिभाषाभित्र नपर्ने भनी प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले जिकिर लिनु भएकोतर्फ विचार गर्दा जुवा ऐन २०२० को दफा २ मा जुवा भन्नाले सम्पत्ति हार्ने वा जित्ने गरी कुनै संयोगको आधारमा बाजी थापी खेलेको खेल सम्झनुपर्ने भनी परिभाषा गरेको पाइयो।*

*तासको म्यारिज खेल जुवा ऐनको परिभाषा अनुसार संयोगका आधारमा खेलिन्छ/खेलिंदैन भन्नेतर्फ हेर्दा तासको म्यारिज खेल के कसरी खेलिन्छ भन्ने सम्बन्धमा अभियोग दाबीमा केही उल्लेख भएको नपाइए तापनि सो खेल कसरी खेलिन्छ भन्ने इजलासको जिज्ञासा सम्बन्धमा वादीतर्फका विद्वान न्यायाधिवक्ताले तथा प्रतिवादीतर्फका विद्वान अधिवक्ताहरूले एकै मिलानको जवाफ दिनुभएको पाइयो।*

*जस अनुसार दुई वा दुईभन्दा बढी अर्थात् बढीमा ६ जनासम्म व्यक्तिहरूद्वारा खेल्न सकिने, खेलका लागि तीन बुङ्ग तास चाहिने,*

[३९] ११ साउन २०५८ मा न्यायाधीशद्वय प्रधान र राणाले गरेको सो फैसला १२ माघ २०६३ मा सर्वोच्च अदालतका न्यायाधीश केदारप्रसाद गिरी र राजेन्द्रप्रसाद कोइरालाले उल्टाइदिएका थिए। स्रोत : http://www.mysansar.com/archives/2008/12/id/3418

*प्रत्येक व्यक्तिलाई २१/२१ चक्की तास बाँडिने, बाँकी रहेको बुङ्गबाट एक चक्की पल्टाउने र तास बाँड्ने व्यक्तिदेखि देब्रेपट्टिको व्यक्तिले एक चक्की पल्टाउने जसलाई जोकरको रूपमा मानिने अर्थात् जस्तो एक्का पल्टिएमा बाँकी सबै एक्काहरू जोक्करको रूपमा जनिने र पानको एक्का पल्टिएमा त्यसको बास्सा, एक्का र दुवालाई म्यारिजका रूपमा मानिने, सो खेलमा तीन सिक्वेन्स अनिवार्य रूपले मिलेको हुनुपर्ने, सिक्वेन्स भन्नाले एकै रङका जस्तो दुवा, तिक्का र चौका भएमा एक स्विकेन्स हुन्छ। त्यसरी नै क्रमशः सबै अर्थात् २१ चक्की नै जसले बाँकी रहेको तासको बुङबाट वा बायाँतर्फकाले फालेको चक्कीबाट मिलाएर देखाउन सक्छ उसले म्यारिज खेल जित्ने हुन्छ भन्ने पाइयो।*

*यसरी खेलिने तासको म्यारिज खेल सरसर्ती हेर्दा संयोगको आधारमा खेलिने खेल देखिन नआएको हुँदा तासको म्यारिज खेल जुवा ऐन २०२० को उपरोक्त परिभाषाभित्र परेको भनी मान्न मिल्ने देखिएन।"*

२० कात्तिक २०६९ को अर्को उदाहरण पनि उत्तिकै उल्लेखनीय छ। त्यस दिन सर्वोच्च अदालतले 'उमेर पुगेकाहरू आफूखुशी सँगै बस्न पाउने'[४०] आदेश सुनाएको छ। २० वर्षदेखि ४५/५० वर्षसम्म उमेरका वर्गमा प्रत्यक्ष महत्त्व राख्ने यो निर्णय ठूलो सामाजिक महत्त्व राख्ने आदेश हो। यसमा धर्म, परम्परा, विवाह र यौन जस्ता मामिलाहरू एकैपटक जोडिएर आउँछन्। त्यसैले यो समाजमा धेरै पढिने, हेरिने वा सुनिने समाचारमा पर्छ।

आदेशमा 'महिला पुरुष जस्तै, महिला महिला वा पुरुष पुरुष पनि सँगै बस्न पाउने भनिएको छ। एकजना समलिङ्गी रोशनी शाहीले आफू समलिङ्गी भएकै कारण आफ्नो पार्टनर प्रेमकुमारी नेपालीबाट छुटाउन आफूलाई माइती नेपालमा बन्दी झैं गरेर थुनेर राखिएको भनेर बन्दी प्रत्यक्षीकरण अन्तर्गत रिट दायर गरेकी

[४०] सर्वोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठ र गिरीशचन्द्र लालको इजलासले २० कात्तिक २०६९ मा दिएको आदेश।

थिइन् । यो समाचारले केवल समलिङ्गी मामिलाको मात्रै सन्देश दिंदैन, नेपाली समाजभित्र देखिन थालेको भिन्न प्राकृतिक यौनिक भावना र सम्बन्धहरूबारे पनि खुलासा गर्छ । त्यसैले अदालती रिपोर्टिङ मार्फत एउटा कुशल रिपोर्टरले समाजका बदलिंदा मान्यता, मानव इच्छा र आकांक्षाहरू केलाउने मौका पाउँछ ।

संसारका धेरै देशमा अहिले पनि विवादकै विषय रहेको तेस्रो लिङ्गी सम्बन्धी विषयमा नेपालको अदालतले धेरै अघि बढेर निर्णय गरेको छ । तेस्रो लिङ्गीलाई पहिचानका आधारमा बाँच्न पाउने हक हुने भन्दै सर्वोच्च अदालतले नागरिकता प्रमाणपत्रमा उनीहरूको पहिचान खुल्ने गरी प्रमाणपत्र दिन आदेश दिएको छ । यद्यपि यसको कार्यान्वयनमा थुप्रै समस्याहरू छन् । यसैगरी सर्वोच्च अदालतले आमाका नाममा सन्तानलाई नागरिकता प्रमाणपत्र दिन आदेश दिएको छ । यस्ता सबै आदेश समाचारका महत्तवपूर्ण विषय हुन् ।

# ४. प्रस्तुति शैली

## ४.१ सूचना सामग्री संकलन

न्याय प्रणालीसँग सम्बन्धित सबै पक्ष पत्रकारका लागि जानकारी र प्रमाणका स्रोत हुन् । विधेयक मस्यौदा गर्ने कर्मचारी, कानून बनाउने सांसद्, मुद्दाको पक्ष विपक्ष, तिनका वकिल र साक्षी, सरकारवादी मुद्दा भए प्रहरी, सरकारी वकिल, अदालतका कर्मचारी आदिबाट सार्वजनिक चासोका विषयबारे सुराक, त्यससम्बन्धी थप जानकारी र कहिलेकाहीं घतलाग्दो टिप्पणी पाउन सकिन्छ। न्याय क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूबाट सोझो जानकारी पाउन अधिकांश अवस्थामा गाह्रो भए पनि उनीहरूको संकेत बुझेर त्यसको पुष्ट्याईंका लागि अरू स्रोतको खोजी गर्न सकिन्छ ।

अदालती विषयमा रिपोर्टिङका लागि कागजातको अध्ययन महत्त्वपूर्ण हुन्छ। मुद्दाको मिसिलमा मुद्दाको उठानदेखि लिएर प्रमाण तथा साक्षीका भनाइ र फैसला आदि सबै कुरा राखिएको हुन्छ। सरोकारवालाले यस्तो मिसिल अदालतबाट तुरुन्तै झिक्न पाउने हुनाले अदालतका कागजातलाई सामान्यतया सार्वजनिक दस्तावेज मानिन्छ। न्याय प्रणालीमा अहिलेसम्म पत्रकारलाई सरोकारवाला मानिएको छैन तर पनि मुद्दाका पक्ष, उनका वकिल जस्ता सरोकारवाला मार्फत यस्ता मिसिलहरू हेर्न सकिन्छ। यस्ता कागजातबाट सम्बन्धित विषयबारे यथार्थ जानकारी मिल्दछ, त्यसका साथै त्यस सम्बन्धमा थप जानकारी दिनसक्ने मान्छेका बारेमा पनि थाहा पाउन सकिन्छ ।

अदालतका अन्य कागजातबाट पनि धेरै जानकारी लिन सकिन्छ। मुद्दाको 'कजलिस्ट' (कुन मुद्दा कुन दिन कुन न्यायाधीशको भागमा परेको छ भनेर थाहा पाउने सूची) हेरेर मुद्दा मामिलाको प्रारम्भिक जानकारी पाउन सकिन्छ। यसबाहेक कुनै वकिलको मुद्दा कुनै खास न्यायाधीशकहाँ मात्र पर्ने गरेको छ कि? यसो किन भयो होला? यसका पछाडि न्यायलाई प्रभाव पार्ने कारण पो छ कि? भनेर शङ्का गर्ने ठाउँ भेटिन सक्छ। यस्तैगरी, कुनै निश्चित मुद्दा कुनै खास न्यायाधीशकहाँ नपरेका कारण कुनै पक्षले पेसी स्थगित गरेको रहेछ भने त्यसमा पनि शंका गर्नुपर्ने ठाउँ हुन्छ। उदाहरणका लागि, काठमाडौं जिल्ला अदालतले २०५८ वैशाखमा फैसला गरेको जुनी लामाको लागू औषध सम्बन्धी मुद्दालाई लिन सकिन्छ, जुन मुद्दामा ४५ पटक पेसी सरेर फैसला भएको थियो। त्यसैगरी पछिल्लो समय पूर्व गृहमन्त्री खुमबहादुर खड्काको मुद्दालाई लिन सकिन्छ जसको आदेश सुनाउने मिति मात्रै २०६८/६९ सालमा पटक पटक सरेको थियो।

फैसलामा कैफियत छ भन्ने कुरा देखाउनका लागि पत्रकारले कसले, कसलाई, कसरी पैसा दियो र सो पैसा कहाँ, के काममा खर्च गऱ्यो जस्ता कुराको प्रमाण जुटाउनु पर्छ भन्ने छैन। कुनै मुद्दाका विषयमा न्यायाधीश र पक्ष विपक्षका काम कारबाही र फैसला अस्वाभाविक छन् भने ती कुरा उल्लेख गरेर समाचार लेख्न सकिन्छ। यसका लागि विषयवस्तु माथि गहिरो अनुसन्धान गर्नु जरुरी छ। पत्रकारलाई लाग्यो भन्दैमा जे पायो त्यही लेख्नु हुन्न। माथि उल्लेख गरिएको जुनी लामाको मुद्दा यस्तै एउटा उदाहरण हो। त्यस मुद्दामा भरियालाई जेल पठाएर लागू पदार्थका मुख्य अभियुक्तलाई निर्दोष ठहर गर्ने फैसला भएको थियो।

नेपालमा कानून सम्बन्धी धेरै पत्रपत्रिका प्रकाशन भइरहेका छन्। यस्ता पत्रिकाहरूबाट न्याय प्रणालीमा भइरहेका विसंगति बारेमा पनि थाहा पाउन सकिन्छ। उदाहरणका लागि जुनी लामाको मुद्दा नेपाल बार एसोसिएसनबाट प्रकाशित 'न्यायदूत' द्वैमासिकमा 'जस्ताको तस्तै' शीर्षकमा छापिएको थियो। यस्तैगरी, ३३ वर्षपछि पनि मुद्दा नटुङ्गिएपछि

अलपत्र जिन्दगी बिताइरहेकी ८४ वर्षीय सफलादेवी श्रेष्ठको कथा कानून व्यवसायी क्लबको द्वैमासिक प्रकाशन 'कानून'मा छापिएको थियो । (जुन कानूनी विषयको मात्र समाचार नभएर पहुँच नहुने सिंगो नेपाली समाजले भोग्ने पीडाको कथा पनि हो ।) त्यस्तै न्यायपरिषद् बुलेटिन पत्रकारहरूका लागि राम्रो सामग्री हुनसक्छ जसबाट नेपालभरिका न्यायाधीश र न्याय सेवाका अधिकृत तहका कर्मचारीको नियुक्ति, कार्यक्षेत्र र अवकाश मिति जस्ता तथ्यहरू थाहा पाउन सकिन्छ ।

नेपाल राजपत्र सरकारी निर्णय र कानून विषयको आधिकारिक जानकारी छापिने प्रकाशन हो । यस्ता प्रकाशनको अध्ययनबाट कुनै कुराको पृष्ठभूमि मात्र थाहा पाइने होइन कहिलेकाहीं अकाट्य प्रमाण पनि भेट्न सकिन्छ । सर्वोच्च अदालतले हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रकाशित गर्छ । यो आधिकारिक र सार्वजनिक दस्तावेज हो । यसमा नेपालको अदालत र न्यायप्रणालीको स्वरूप झल्केको हुन्छ । अदालतमा मुद्दाको चाप, अदालतका लागि पर्याप्त बजेट उपलब्ध नगराएर कार्यपालिकाले गरेको अर्घेल्याइँ जस्ता जानकारी पनि यसबाट पाइन्छ । यो यस्तो प्रकाशन हो जसबाट हामी नेपालभरिका मुद्दाको संख्या, कुन प्रकृतिका मुद्दा बढ्दैछन्, कुन प्रकृतिका घट्दैछन् जस्ता कुरा थाहा पाउँछौं । वार्षिक प्रतिवेदनले त्यस वर्षको समग्र चित्र प्रस्तुत गर्ने हुनाले अदालती मामिलामा खोजी पत्रकारिता गर्न इच्छुक पत्रकारका लागि यो धेरै उपयोगी हुन्छ ।

यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वर्षेनि आफ्नो प्रतिवेदन प्रकाशन गर्ने गर्छ । यस्तो प्रतिवेदनमा आयोगले अनुसन्धान गरी दायर गरेका मुद्दा, तिनका सम्बन्धमा अदालतबाट भएका फैसला र आयोग हारेका मुद्दामा आयोगले पुनरावेदन गर्नुका कारण बारेमा पनि उल्लेख गरिएको हुन्छ । यस्ता प्रतिवेदनबाट आयोगको अनुसन्धान प्रक्रिया र अदालतले कसैलाई कसुरदार ठहऱ्याउन खोज्ने प्रमाण जस्ता विषयमा प्रशस्त जानकारी पाइन्छ । त्यसैगरी महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन र प्रहरी प्रधान कार्यालयका प्रतिवेदनहरूमा समेत न्याय क्षेत्रसँग सम्बन्धित सूचनाहरू प्राप्त गर्न सकिन्छ ।

कहिलेकाहीं अदालती क्षेत्रसँग असम्बन्धित कागजातबाट पनि अदालतका काम कारबाही सम्बन्धी जानकारी पाउन सकिन्छ। उदाहरणका लागि, करीब एक दशकअघि भेरी अञ्चल यातायात व्यवसायी संघको लेखा परीक्षण प्रतिवेदनमा 'न्यायाधीशलाई घूस खुवाउनु परेको' भन्ने लेखिएको भेटियो । सोही प्रतिवेदनमा उल्लेख भएका जानकारीका आधारमा खोज्दै जाँदा सो घटना कास्की जिल्ला अदालतसँग जोडिएको पाइयो। यस्ता सूचनालाई नै सम्पूर्ण तथ्य मान्नुको सट्टा तिनलाई पुष्टि गर्ने अरू आधारहरू छन् कि छैनन् जस्ता कुरा हेर्नुपर्ने हुन्छ । जस्तै, सोही घटनामा अदालतबाट पनि शंकास्पद खालको निर्णय भएको रहेछ भने त्यहाँ पैसाको लेनदेन भएको हुनसक्छ भनेर त्यो मामिला खोतल्न सकिन्छ ।

अदालतका चार पक्षसँग सन्तुलित सम्बन्ध बनाउनु पत्रकारको खुवी हो। न्यायाधीश, वकिल, कर्मचारी र मुद्दाका पक्षहरू समाचारका मुख्य स्रोत हुन्। यीमध्ये एक वा केहीले दिएको सुराकी वा जनाउबाट हामी गतिलो समाचार बनाउन सक्छौं । तर त्यो सुराकी वा उजाउ मार्फत आफूलाई कसैले प्रयोग गरिरहेको छ कि अथवा त्यो समाचार लिक गर्नुका पछाडि उसको अर्को कुनै गम्भीर स्वार्थ छ कि भनेर सतर्क रहने जिम्मेवारी पनि पत्रकारकै हो।

## ४.२ पुष्टयाइँ र लेखन

न्याय क्षेत्रको रिपोर्टिङ गर्दा पनि आफूले प्राप्त गरेको जानकारीको पुष्टयाईं नगरी समाचार दिनुहुँदैन । अन्यत्र झैं न्याय क्षेत्रमा पनि समाचार दिने मान्छेको अरू कुनै स्वार्थ हुने सम्भावना रहन्छ। आफ्नो पक्ष बलियो बनाउन उनीहरूले अर्को पक्षका बारेमा गलत कुरा भनेका हुनसक्छन् । कुनै पनि मुद्दा फैसला हुँदा एउटा पक्ष हार्छ । हार्ने पक्षले अर्को पक्षलाई र फैसला गर्ने न्यायाधीशलाई लाञ्छना लगाउने सम्भावना धेरै हुन्छ। त्यसैले अदालती मामिलामा रिपोर्टिङ गर्दा प्राप्त जानकारी पुष्टि गर्नु झन् जरूरी हुन्छ । कुनै कुराको जानकारी दिने पक्षले गलत जानकारी दिएर आफूलाई हतियार बनाउन लागेको छ कि

भन्नेमा अरू विषयमा रिपोर्टिङ गर्दा भन्दा धेरै सतर्कता अपनाउनुपर्छ। 'सूचनाको एउटा मात्र स्रोत स्रोत नै होइन' भन्ने पत्रकारिताको सिद्धान्त यस क्षेत्रमा रिपोर्टिङ गर्दा झन् बढी ख्याल गर्नुपर्छ।

कुनै फैसलाका बारेमा अदालतबाट पूर्ण जानकारी पाउन नसकिएको अवस्थामा उक्त मुद्दामा संलग्न कानून व्यवसायी, कानून व्यवसायीहरूको संस्था नेपाल बार एसोसिएसन, सम्बन्धित अदालतका कर्मचारी तथा वादी प्रतिवादी मार्फत त्यस्तो जानकारी प्राप्त गर्न र पाएको जानकारी पुष्ट्याईं गर्न सकिन्छ। कुनै कुरा अस्पष्ट भएमा वा गलत अर्थ लाग्ने भएमा जानकार पक्ष वा विशेषज्ञसँग बुझ्न आवश्यक हुन्छ। अदालतले आदेश वा फैसलामा के भनेको छ त्यो ठीकसँग थाहा पाएर, बुझेर त्यही लेख्नुपर्छ। तर, अहिलेको हाम्रो अभ्यास यस मामिलामा अत्यन्त फितलो छ। कुवेर सिंह रानालाई प्रहरी अतिरिक्त महानिरीक्षक नियुक्ति गर्ने तयारी भएकोमा 'मानवअधिकार उल्लंघन गरेकोले बढुवा गर्न हुन्न भन्ने आदेश जारी गरिपाउन' अदालतमा रिट परेकोमा सो रिटका निवेदकको यस सम्बन्धमा कुनै सरोकार नभएकोले रिट खारेज हुन्छ भन्ने अदालतको आदेश थियो। तर सञ्चारमाध्यमले त्यसलाई 'कुवेर सिंहलाई बढुवा गर्न अदालतको आदेश' भन्ने आशयका समाचार दिए। त्यसपछि उनी प्रहरी महानिरीक्षक (२०६९) बनेका थिए। यो दृष्टान्त दिँदै सर्वोच्च अदालतका सहायक प्रवक्ता हेमन्त रावल टेलिभिजन, अनलाइन र रेडियोमा छिटो समाचार दिने होडबाजीमा पत्रकारले धेरै गल्ती गर्ने गरेको बताउँछन्।[४१]

झण्डै एक दशक अघिको कुरा हो। अधिवक्ता माधव बस्नेतले सूचना तथा सञ्चार मन्त्री जयप्रकाश गुप्ता विरुद्ध दायर गरेको मुद्दामा एफएम स्टेशनहरूलाई सरकारले 'यो यो सूचना मात्र प्रसारण गर्नू' भनी दिएको निर्देशन खारेज गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो। त्यस सम्बन्धमा भोलिपल्टका दैनिक पत्रिकामा लेखिएका समाचार पाठकलाई अल्मल्याउने खालका थिए। एउटा दैनिकले "धारा १६ ले

---

[४१] रावलसँग २०६९ भदौमा गरिएको कुराकानी।

सूचनाको हक सम्बन्धमा संवैधानिक व्यवस्था गरेकोले सूचना प्रवाहमा रोक लगाउने गरी मन्त्री गुप्ताबाट भएको निर्णय अदालतले बदर गरेको" समाचार छापेको थियो। तर अर्को दैनिकको बुझाइ त्योभन्दा फरक थियो । सो दैनिकले 'समाचार प्रसारणमा प्रतिबन्ध लगाउने कानून नबनाइकन त्यस्तो आदेश गर्न नपाइने कारण' मन्त्री गुप्ताको आदेश बदर गरिएको हो भनेर समाचार छापेको थियो ।

## ४.३ जटिल भाषा र शैली

अदालती कारबाहीको भाषा पत्रकारिताको भाषा जस्तो सरल र सोझो नभई धेरै ठाउँमा जटिल र घुमाउरो हुन्छ। कतिसम्म भने केही वर्ष अघिसम्म त म फलानाको छोरा हूँ भनी सोझै भन्नुको सट्टा 'बाबु फलानाको वीर्य र आमा फलानाको कोखबाट जन्मिएको' भन्ने खालको भाषा शैली अदालती कारबाहीमा चलाइन्थ्यो । हाल आएर भाषामा परिमार्जन गरिन थाले पनि त्यो पर्याप्त छैन। जस्तो कि 'कर्तव्य' भन्नाले साधारण बोलीचालीमा राम्रो काम भन्ने बुझिन्छ तर अदालती भाषामा 'कर्तव्य गरी ज्यान मारेको' भनेपछि गम्भीर अपराध भन्ने बुझिन्छ । यस्तै जग्गा पजनी, अदल, करणी, उत्प्रेषण, परमादेश जस्ता अदालतमा प्रयोग हुने भाषालाई यही क्षेत्रमा लागेकाहरूले मात्र बुझ्दछन् । यी शब्दका अर्थ सामान्य मानिसले बुझ्न सक्दैनन् । परम्परागत अदालती ढाँचामा लेखिने फैसला वा आदेशहरू बुझ्न सामान्य पत्रकारलाई हम्मे पर्छ । यस्ता कुरा नबुझिकन लेखेको खण्डमा कहिलेकाहीं अदालतको आशयको उल्टो समाचार तयार हुनपुग्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशी विरुद्ध दायर गरेको शिक्षकको स्थायी भर्ना सम्बन्धी मुद्दामा भएको फैसला यसको एउटा राम्रो उदाहरण हो । उक्त मुद्दामा जोशीले गरेको निर्णय 'शिक्षा ऐन तथा नियमावली अनुसार नै गैरकानूनी भएकाले उक्त निर्णयमाथि केही बोलिरहनु परेन, रिट खारेज हुने ठहर्छ' भन्ने थियो । यस फैसलामा जोशी विरुद्धको रिट खारेज हुँदा जोशीको जित भएको भनियो भने अनर्थ हुन्छ। किनकि अदालतले

जोशीको काम शिक्षा तथा नियमावलीको विपरीत भएकोले थप आदेश दिइरहनु परेन भनेको मात्रै हो ।

नेपाल पत्रकार महासंघका तर्फबाट अध्यक्ष शिव गाउँले र अधिवक्ता भक्तिराम घिमिरेले सरकारी सञ्चार माध्यमहरूलाई विपक्षी बनाई 'श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नभएकाले कार्यान्वयन गर्न आदेश जारी गरिपाऊँ' भनेर दिएको निवेदनमाथिको आदेश पनि यस्तै थियो। 'श्रमजीवी पत्रकार ऐनको पालना गर्नु सरकारी सञ्चारमाध्यमको दायित्व भएको हुँदा कानून कार्यान्वयन गर्न थप आदेश दिइरहनु परेन[४२]' भन्ने आशय अदालतको थियो। यसबाट नेपाल पत्रकार महासंघको माग दावीलाई अदालतले औचित्यहीन भनेको भन्ने अर्थ लगाउन मिल्दैन । त्यसैले अदालतका आदेशहरूको भाषा मात्रै बुझेर पनि पुग्दैन त्यसको सार के हो भन्ने पनि थाहा पाउनुपर्छ । अदालती आदेशलाई पहिले आफूले राम्ररी बुझेर त्यसपछि सबैले बुझ्न सक्ने सरल भाषामा लेख्नु आवश्यक हुन्छ ।

## ४.४ पीडित र न्यायको पक्ष

अदालती समाचार भनेको मूलत: न्याय मामिलाको समाचार हो । त्यसैले कुनै पनि आदेश वा फैसलाले पीडितलाई न्याय दियो कि दिएन भन्ने कुरा मनमा राखेर पत्रकारले समाचार तयार गर्नुपर्छ । त्यस अर्थमा न्यायालय र प्रेसको लक्ष्य एकै हुन्छ। व्यावसायिक र तथ्यपरक समाचार हुँदाहुँदै प्रेस पीडितको पक्षमा, न्यायको पक्षमा उभिन सक्छ। यस्तो अवस्थामा अदालती आदेश वा फैसला, पीडितको माग दावी, प्रमाण र विद्यमान कानूनी अवस्थाका बारेमा पत्रकारले मसिनो जानकारी हासिल गर्नुपर्छ ।

त्यसैगरी अदालती मामिलामा समाचार लेख्दा पीडित पक्षमाथि थप पीडा नपुगोस् भन्नेमा सतर्क रहनुपर्छ । बलात्कारका घटनामा

[४२] २२ कात्तिक २०६८ मा सर्वोच्च अदालतका न्यायाधीशद्वय कल्याण श्रेष्ठ र भरतराज उप्रेतीको इजलासले सो आदेश गरेको थियो ।

पीडित पक्षलाई हानि पुग्ने खालका जानकारी (जस्तै परिचय र घटनाको पूर्ण विवरण) दिनुहुँदैन । सामान्यतया, पीडितको परिचय लुकाएर पीडकको परिचय दिने चलन छ। तर कहिलेकाहीं पीडकको परिचय खुलाउँदा पीडितको पनि परिचय खुल्न सक्छ । जस्तै, फलाना ठाउँ बस्ने, फलाना आफ्नो हाडनातामा बलात्कार गरेको अभियोगमा पक्राउ परेका छन् भन्दा पीडितको परिचय पनि खुल्न सक्छ भनेर होशियारी अपनाउनुपर्छ ।

## ४.५ स्रोतहरूको बचावट

आफूलाई समाचार दिने स्रोतलाई बचाउनु जुनसुकै क्षेत्रको रिपोर्टिङ गर्ने पत्रकारको महत्त्वपूर्ण जिम्मेवारी हो। न्यायपालिका सम्बन्धी रिपोर्टिङका क्रममा पनि यही कुरा लागू हुन्छ। समाचार दिने न्यायाधीश, कर्मचारी, वकिल र मुद्दासँग सम्बन्धित वा असम्बन्धित भएर पनि समाचारको संकेत दिने व्यक्तिलाई पत्रकारले जोगाएर राख्नुपर्छ । त्यसैकारण पत्रकारलाई हम्मेसी स्रोत खोल्न लगाइँदैन। समाचार स्रोतको गोपनीयता कायम राख्नु पत्रकारको कर्तव्यभित्र पर्छ । कुनै सूचना/जानकारीको स्रोत खोल्दा स्रोतलाई हानि पुग्छ भने त्यस्तो अवस्थामा स्रोत नखोल्नु नै आफ्नो स्रोतको वचाउ गर्नु हो।

## ४.७ पुनःपरीक्षण

समाचार तयार भइसकेपछि पनि पत्रकारले तथ्यहरूमा कहीं कतै गल्ती भयो कि भन्ने सम्बन्धमा सचेत हुनुपर्छ । कतिपय अवस्थामा तथ्यमै फरक पर्ने, उल्टो अर्थ लाग्ने भाषा लेखिन सक्छ र गल्ती हुनसक्छ। कतिपय अवस्थामा मूल विषयवस्तु ठीकै भए पनि त्यसको पृष्ठभूमि वा सहायक सन्दर्भहरू उल्लेख गर्दा हुने गल्तीले मूल विषयवस्तुलाई पनि ओझेलमा पार्ने खतरा रहन्छ। त्यसमा पत्रकार सजग हुनुपर्छ। लेखक स्वयंको एउटा अनुभवले यसलाई स्पष्ट पार्छ। हिमाल खबरपत्रिका मा 'सर्वोच्च अदालतमा घूस' शीर्षकको आवरण कथामा अदालतका एकजना कर्मचारी र मुद्दाका पक्षका बीचमा पैसा लेनदेन भएको टेलिफोन वार्ताको

रेकर्ड छापिएको थियो । न्याय क्षेत्रमा सीडी काण्डका नामले चर्चित सो समाचारमा गल्तीवश 'सो मुद्दा सो न्यायाधीशकोमा पार्ने काम प्रधान न्यायाधीश दिलीपकुमार पौडेलले गरेका थिए' भन्ने वाक्य उल्लेख हुनपुग्यो । जुन गलत थियो । किनकि त्यसबेला दिलीपकुमार पौडेल प्रधान न्यायाधीश भएकै थिएनन् । त्यसउपर अदालतमा अवहेलना मुद्दा पनि पऱ्यो । त्यसमाथि अदालतले 'आगामी दिनमा कुनै पनि प्रकारले गलत तथ्यमा आधारित भई समाचार प्रकाशित नगर्नू नगराउनू'[४३] भन्ने आदेश दिएको छ ।

[४३] अधिवक्ता अरुणकुमार ज्ञवाली विरुद्ध हिमाल मिडिया प्रालि निर्णय नम्बर ८५३८ । हिमाल खबरपत्रिका १-१५ चैत २०६३ मा छापिएको आवरण समाचार विरुद्ध ज्ञवालीले सर्वोच्च अदालतमा अदालतको अवहेलना मुद्दा दर्ता गरेका थिए ।

# ५. अवहेलना, गाली बेइज्जती, सूचनाको हक र गोपनीयता

## ५.१ अवहेलना

न्यायालय विरुद्ध अनावश्यक आक्षेप लगाएर यसप्रति जनसाधारणको विश्वास घटाउने काम नै सारमा अदालतको अवहेलना हो। न्यायपालिकाको जग जनआस्था हो । अदालत गएमा न्याय पाइन्छ, न्याय किनबेच हुँदैन र न्यायालयले ऐन, कानून सबुद/प्रमाण, आधार/कारण बुझेर फैसला गर्छ र न्याय दिन्छ भन्ने मान्यतामा विना आधार खलल पार्नु न्यायालयको अवहेलना गर्नु हो । अर्थात् अदालतका बारेमा निराधार कुरा गरेर जनविश्वास घटाउनु वा बदनियतपूर्वक झूट प्रचार गर्नु अदालतको अवहेलना हो । ख्यातिप्राप्त कानूनवेत्ता टोपबहादुर सिंहको कानूनी शब्दकोश अनुसार अवहेलना भन्नाले, '...अधिकार नभएको व्यक्ति वा पक्षबाट अदालतको कारबाहीमा हस्तक्षेप गर्नु, अदालतको अनुशासन पालना नगर्नु, न्यायाधीश, जुरी वा अधिकारप्राप्त व्यक्ति वा पक्ष वा वकिललाई असम्मानपूर्ण भाषा प्रयोग गर्नु ... इत्यादि पर्दछन् ।'[४४]

न्यायालय सम्बन्धी समाचार, सम्पादकीय टिप्पणी लेख्दा वा कार्यक्रम सञ्चालन गर्दा यस्तो नहोस् भनेर पत्रकारहरूले सदैव ध्यान दिनुपर्छ । नेपालमा अदालतको अवहेलना सम्बन्धी छुट्टै कानून छैन ।

[४४] टोपबहादुर सिंह कानूनी शब्दकोश, प्रकाशक पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय सन् १९८८ पृष्ठ १४

यस्तो अवस्थामा केलाई अवहेलना मान्ने र केलाई नमान्ने भन्ने विषयमा सञ्चारमाध्यम र न्यायालय दुवैले व्याख्या र मान्य सिद्धान्तलाई आधार मान्नुपर्ने अवस्था छ । के गरे अदालतको अवहेलना हुन्छ र के गरे हुन्न ? अवहेलना मामिलाको लक्ष्मणरेखा के हो ? के चाहिं गर्नै हुन्न ? अवहेलना सम्बन्धी छुट्टै कानून नभएको अवस्थामा यी विषयमा अदालतबाटै स्पष्ट सिद्धान्त तय हुनु आवश्यक छ । यस्तो सिद्धान्त न्यायालय, समग्र समाज र नेपाली प्रेसलाई पनि एउटा मार्गदर्शन हुन सक्छ । तर यसको निचोड भनेको 'अदालतलाई निर्णय प्रक्रियामा र फैसला कार्यान्वयनमा अवरोध गरेमा अवहेलना हुने उदार प्रजातान्त्रिक मान्यता हो । हाम्रो लक्ष्मणरेखा त्यही हदसम्म सीमित हुनुपर्छ र अवहेलना अदालतको अहंकारको विषय बन्नुहुँदैन ।'[४५]

यही पृष्ठभूमिमा २०६७ सालमा सर्वोच्च अदालतले अरुणकुमार ज्ञवाली विरुद्ध हिमाल मिडिया प्रालि भएको अदालतको अवहेलना सम्बन्धी मुद्दामा एकहदसम्म सिद्धान्त निर्माण गर्न खोजेको छ। 'सर्वोच्च अदालतमा घूस'[४६] भन्ने हिमाल खबरपत्रिका को आवरण समाचारले अदालतको अवहेलना भयो भनेर मुद्दा पऱ्यो । पत्रिकाका प्रकाशक कनकमणि दीक्षित र सम्पादक शिव गाउँलेलाई अवहेलनामा कारबाही हुनुपर्ने माग गरिएको सो रिट निवेदनको मागदावीलाई अदालतले अस्वीकार गऱ्यो । तर, अदालतले यो आदेशमा प्रेस स्वतन्त्रता र न्यायालयको मर्यादाका बारेमा केही व्याख्या गरेको छ:

> *"जनसाधारणमा अदालत वा त्यसबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने कुनै कार्य गर्नु वा अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कार्य गर्नु अवहेलनाजनक कार्य हुने।*
>
> *केवल औपचारिकता निर्वाह गर्ने क्रममा पछिल्लो अङ्कमा प्रकाशित समाचार गलत रहेको भनी खेद व्यक्त गर्दैमा पहिले प्रकाशित समाचारले पारेको*

[४५] निहिता विश्वास र एमिकस क्युरी, शिव गाउँले ८ अप्रिल २०१० *कान्तिपुर* दैनिक

[४६] *हिमाल* खबरपत्रिका १-१५ चैत २०६३

*क्षतिलाई पर्याप्त मात्रामा सम्बोधन गर्न सक्ने अवस्था रहँदैन । शुरूमै समाचार प्रकाशन गर्दा नै त्यसको आधिकारिकता र विश्वसनीयताप्रति सजग रहनु अत्यन्त जरूरी हुन्छ । तसर्थ यस्तो घटना नदोहोरिनेतर्फ समस्त सञ्चारजगतले दृष्टि पुऱ्याउनु आवश्यक देखिने ।*

*आफ्नो स्वतन्त्रताको उपभोग गर्ने नाममा अर्काको स्वतन्त्रता र सम्मानमा आँच आउने अवस्था सिर्जना गर्न नहुने तर्फ पनि सम्बन्धित सबै पक्ष सजग एवं सचेत रहनु अत्यावश्यक हुन जान्छ । प्रेस स्वतन्त्रताको उपयोग गर्दै जुनसुकै आम सञ्चारमाध्यमले सत्यतथ्यमा आधारित भई अदालतको स्वस्थ आलोचना गर्न सक्छन् । यस्तो स्वस्थ आलोचनाले अदालतलाई समेत आफ्ना कमजोरी सुधार गर्ने अवसर प्राप्त हुन सक्ने ।*

*प्रेसले आफ्नो स्वतन्त्रताको उपभोग गर्दा अदालतको मर्यादामा आँच नआउने तर्फ पनि सदैव सतर्क रहनुपर्दछ भन्ने मान्यतालाई ग्रहण गर्ने हो भने कुनै पनि अतिरञ्जनापूर्ण समाचारहरूले छुट नपाउने, यसका लागि प्रेस तथा पत्रकारहरू कारबाहीको भागीदार बन्ने अवश्यंभावी हुन जान्छ। यस्ता कार्य (अतिरञ्जनापूर्ण समाचार दिने) रोकी दोषीलाई कारबाही गर्नु अदालतको समेत परम कर्तव्य हुने ।*

*प्रेस स्वतन्त्रताले न्यायपालिकाको पनि स्वतन्त्रताको सम्मान एवं रक्षा गर्नुपर्ने कुरामा सम्पूर्ण सञ्चारजगतलाई निर्देशित पनि गरेको हुँदा प्रकाशित समाचारले न्यायपालिकाप्रतिको जनआस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आघात पुऱ्याएमा कुनै पनि सञ्चारमाध्यमले प्रेस स्वतन्त्रताको आड लिई उन्मुक्ति पाउन नसक्ने ।”*[४७]

तर यसअघिका झण्डै डेढ दशकसम्म न्यायालयको रवैया अलिक भिन्न थियो । २०४९ सालमा तत्कालीन प्रधान न्यायाधीश विश्वनाथ

---

[४७] न्यायाधीश खिलराज रेग्मी र वैद्यनाथ उपाध्यायको इजलासले २५ माघ २०६७ मा दिएको आदेश । नेपाल कानून पत्रिका २०६८ वैशाख पृष्ठ ८९ निर्णय नम्बर ८५३९

उपाध्यायलाई बाँदरको रूपमा प्रस्तुत गरेर नरिवल थापिरहेका राजनीतिक नेताहरूको कार्टून छापेबापत साप्ताहिक विमर्शका सम्पादक हरिहर विरहीलाई 'क्षमायाचना नगरे रु.५०० जरिवाना र ७ दिन जेल सजाय गर्ने'[४८] आदेश गरिएको थियो। क्षमायाचना नगरेपछि सम्पादक विरही ७ दिन जेल बसेका थिए। २०५६ सालमा गोरखापत्रमा 'न्यायाधीशहरू अर्दलीको तलब पनि आफैं हजम गर्छन्' शीर्षकको समाचार छापिएको थियो । त्यसमा प्रयोग भएका शब्द चयनमा सामान्य असावधानी भएकोसम्म मान्न सकिने अवस्था भए पनि अदालतले त्यस प्रकाशनको नियतमै प्रश्न उठाउने प्रयत्न गरेको थियो। विगतको यस प्रकारको रवैयामा विस्तारै परिवर्तन आइरहेको छ। तत्कालीन प्रधान न्यायाधीश मोहनप्रसाद शर्मालाई आफूले मुद्दा हेरिरहेको पक्षसँग बसेर फोटो खिचाउने, भोज खाने, उसले आयोजना गरेका कार्यक्रमको प्रमुख अतिथि हुने मात्र होइन उसैले दिएको गाडी पनि चढ्ने भनी गरेको समाचार लेख्दा पनि कुनै सञ्चारकर्मीलाई अवहेलनामा कारबाही भएको थिएन ।[४९] त्यसपछिका प्रधान न्यायाधीशहरूले पनि अवहेलना मुद्दामा तुलनात्मक रूपमा अदालत उदार हुनुपर्ने दृष्टिकोण राख्न थालेको आभास हुन्छ । अदालतको यस्तो व्यवहारले अदालती विषयवस्तुको रिपोर्टिङ गर्ने पत्रकारहरू झन् जिम्मेवार हुनुपर्ने दायित्व थपेको छ।

## ५.२ गाली बेइज्जती

गाली बेइज्जती सम्बन्धी कानूनी व्यवस्था र अभ्यास न्यायालय र कानूनी क्षेत्रको समाचार संकलन गर्नेलाई लागि मात्र होइन सबै सञ्चारकर्मीलाई थाहा हुनुपर्ने विषय हो। गाली बेइज्जती ऐन २०१६ ले व्यक्तिको मान र ख्यातिलाई संरक्षण गरेको छ। कसैको इज्जत विरुद्धमा गरिने कामलाई दण्डनीय मानेको छ । 'कसैले अरू कुनै

[४८] थिरप्रसाद पोखरेल विरुद्ध हरिहर विरही भएको अवहेलना मुद्दामा सर्वोच्च अदालतले २०४९ कात्तिक ३० गते यस्तो आदेश दिएको थियो।

[४९] हेर्नुहोस् 'प्रधान न्यायाधीशबाटै आचारसंहिता उल्लंघन', शिव गाउँले, पत्रिका सातदिने २०५५ माघ।

व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार वा चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिने'[५०] कानूनी व्यवस्था छ । तर कानूनको आशय र पत्रकारको धर्म के हो भने कुनै पनि विषयमा आधार, प्रमाण भए समाचार लेख्न हिचकिचाउनु हुन्न । त्यस्तो अवस्थामा कहिल्यै गाली बेइज्जती हुन्न । कसैले गाली बेइज्जती मुद्दा दर्ता गरिहाल्ला कि भनेर डराउने पत्रकारले खोजी पत्रकारिता गर्न मुश्किल हुन्छ ।

व्यवहारमा पत्रकारहरूले गाली बेइज्जती सम्बन्धी कानूनको यो प्रावधानलाई गम्भीर रूपमा लिइएको पाइँदैन । कुनै पत्रकारका विरुद्ध न्यायालयमा मुद्दा परिहालेको अवस्थामा न्यायालयले केही सांकेतिक जरिवाना गरेर मुद्दा छिन्ने गरेका कारणले पनि यसो भएको हुनसक्छ। तर, संगठित अवस्थामा रहेको आजको प्रेस र असंगठित अवस्थामा रहेको व्यक्तिबीच विवाद हुँदा अदालतले असंगठित पक्षको हकको ख्याल गर्नुपर्ने अवस्था पनि आउन सक्छ। यस्तो अवस्थामा, व्यक्तिको मर्यादाको ख्याल नगरेको भनेर न्यायलयले कठोर फैसला गर्न पनि सक्छ। किनकि कानूनले अहिले न्यायालयलाई असीमित जरिवाना गराउन सक्ने अधिकार दिएको छ । स्वतन्त्रताको दुरुपयोग नरोकिएको खण्डमा एक न एक दिन विधायिकाले पनि गाली बेइज्जती र मानहानिका मामिलामा कडा कानून बनाउने र अदालत पनि प्रेसप्रति कठोर बन्न सक्ने दिन आउन सक्छ । यसप्रति हामी बेलैमा सजग हुनुपर्छ ।

कतिपय अन्तर्राष्ट्रिय अनुभवहरूले व्यक्तिको मर्यादा र सम्मान गर्ने मामिलामा संचारमाध्याम गम्भीर नहुने हो भने प्रेस स्वतन्त्रताको उपयोग उसका लागि महँगो पर्न जान्छ भनेर देखाएका छन् । एउटा उदाहरण यस्तो छः दक्षिणी भारतको टेलिभिजन च्यानल 'टाइम्स नाउ' ले सन् २००८ को सेप्टेम्बर महीनामा प्रसारण गरेको भ्रष्टाचार सम्बन्धी एउटा

---

[५०] गाली बेइज्जती ऐन २०१६ को दफा ३

समाचारमा त्रुटिवश १५ सेकेण्ड अर्कै व्यक्तिको फोटो देखायो । ती व्यक्ति थिए न्यायाधीश पीबी सावन्त । टेलिभिजन च्यानलले तत्कालै गल्ती स्वीकार गर्‍यो । क्षमा माग्यो । त्यति मात्रै होइन, उसले पाँच दिनसम्म निरन्तर टेलिभिजनको 'स्क्रोल' (स्क्रीनको तलपट्टि अक्षर बगिरहने ठाउँ) मा समाचार दिएर क्षमा माग्यो । तर न्यायाधीश सावन्तले चित्त बुझाएनन् । उनले अदालतमा मुद्दा हाले । अदालतले न्यायाधीश उनको माग दावी बमोजिम १०० करोड (एक अर्ब) भारतीय रुपैयाँ क्षतिपूर्ति भराउने आदेश दियो । सो आदेश विरुद्ध टेलिभिजन च्यानलले अपील गर्‍यो । मुम्बई हाईकोर्टले टेलिभिजन च्यानललाई यस मुद्दाको अपील सुन्नलाई २० करोड नगद र ८० करोडको ब्याङ्क ग्यारेण्टी प्रस्तुत गर्न भन्यो । टेलिभिजन च्यानलले मुम्बई हाइकोर्टको आदेश विरुद्ध भारतको सर्वोच्च अदालतमा पुनरावेदन गर्‍यो । २९ कात्तिक २०६८ मा भारतको सर्वोच्च अदालतले मुम्बई हाइकोर्टको आदेशमा हस्तक्षेप गर्न अस्वीकार गर्‍यो ।[५१] अर्थात् उसको निर्णयलाई सदर गर्‍यो । व्यावसायिक कर्तव्य पालना गर्ने क्रममा भएको स्वाभाविक त्रुटि भनेर भारतका पत्रकारहरूले यो निर्णयको विरोध गरिरहेका भए पनि १५ सेकेण्ड त्रुटिवश देखाएको तस्वीरका कारण टाइम्स नाउ टेलिभिजन च्यानलले १०० करोड भारतीय रुपैयाँ क्षतिपूर्ति तिर्नुपर्ने भयो ।

## ५.३ सूचनाको हक र गोपनीयता

नागरिकलाई आफ्नो र सार्वजनिक सूचनाको हक सुनिश्चित गर्न सूचनाको हक सम्बन्धी कानून बनेको हो । जनतालाई राज्य प्रणालीमा प्रत्यक्ष सहभागी गराउनु र शासन पद्धतिमा उनीहरूको पहुँच स्थापित गर्नु लोकतन्त्रको महत्त्वपूर्ण पक्ष हो । यसका लागि अभिव्यक्ति स्वतन्त्रता अनिवार्य मानिन्छ । जनतालाई कुनै कुरा अभिव्यक्त गर्न सार्वजनिक महत्त्वका विषयमा सही जानकारी चाहिन्छ। सार्वजनिक महत्त्वको विषयमा

[५१] http://indiatoday.intoday.in/story/pf-scam-supreme-court-times-now-p-b-sawant-defamation case/1/159995.html

सूचना माग्ने र पाउने व्यवस्था गर्न यस्तो कानून जरूरी हुन्छ । यसै कुरालाई ध्यानमा राखेर हामीकहाँ सूचनाको हक सम्बन्धी कानून बनेको छ । सूचना दिनुपर्छ भन्ने चर्चा हुन थालेको छ । सञ्चारकर्मीहरूकै बीचमा सीमित भए पनि सूचना माग्न जानुपर्छ भन्ने सोच विकास हुँदै गएको छ । सर्वोच्च अदालत सहित नेपालका न्यायपालिकाहरूमा पनि सूचना माग्न आउँदा दिनुपर्छ भन्ने भावना विकास हुँदै गएको छ ।

सूचनाको हक सम्बन्धी कानून बनेपछि केही देख्न सकिने परिवर्तन भएको छ । सरकारी कार्यालयमा नाम मात्रका भए पनि सूचना अधिकृतहरूको व्यवस्था हुन थालेको छ । सूचना लुकाउने कुरा होइन, दिने हो भन्ने भावना विकास हुँदैछ । तर, अझै पनि सूचना वर्गीकरणका नाममा लुकाउन खोज्ने, गोप्य सूचनाको आफूखुशी परिभाषा गर्ने, राष्ट्रिय सुरक्षाको प्रश्न उठाउने जस्ता प्रवृत्ति कायमै छन् । राज्यका अन्य निकायको तुलनामा अनुदार र परम्परागत मानिने न्यायालयभित्र यसको प्रयोग प्रभावकारी बनाउन पत्रकारहरूको सक्रियता जरूरी हुन्छ ।

अमेरिकाका कतिपय राज्यहरूमा दिन मिल्ने अदालती कागजातहरू प्रेसलाई सहजताका साथ उपलब्ध गराउने सरल प्रक्रिया अवलम्बन गरेको पाइन्छ । सन् २००४ को जून महीनामा अमेरिका भ्रमणमा रहेको नेपाली पत्रकारहरूको एउटा टोलीलाई कोलोराडो राज्यको ‘फेडरल कोर्ट’ मा देखाइएको व्यवस्था नेपालमा पनि अनुसरण गर्न लायक थियो । त्यहाँ हरेक दिन दर्ता भएका मुद्दा, सो दिन आदेश भएका मुद्दा र सो दिन फैसला भएका मुद्दालाई तीन वटा फाइलमा राखिंदो रहेछ । त्यहाँ जान अनुमतिप्राप्त सञ्चारकर्मीले आवश्यकता अनुसार त्यसको फोटोकपी गरेर लैजान सक्दा रहेछन् । यसले अदालत र सञ्चारकर्मीबीच अनावश्यक विवाद र बहस हुनबाट रोक्ने रहेछ । सूचनाको हक सम्बन्धी कानूनको व्यवस्थालाई व्यवहारमा पालना गर्न यस्तो विधि उपयुक्त हुनसक्छ ।

तर, पत्रकार लगायत कसैको पनि सूचनाको हक असीमित छैन । पत्रकारले कुनै पनि सूचना दावी गर्न त्यो विषयवस्तु सामान्यतया सार्वजनिक महत्त्वको हुनै पर्छ । कानूनले तोकेको अवस्थामा बाहेक निजी

मामिलाबारे कसैलाई आफ्नो इच्छा विपरीत कुनै कुरा बताउन बाध्य पार्न हुँदैन। त्यो उसको मौलिक हक हो। व्यक्तिलाई अत्यन्त महत्त्व दिने मान्यताको विकास भइरहेको आजको संसारका धेरै देशहरूले कुनै न कुनै रूपमा गोपनीयताको हकलाई संरक्षित गरिरहेका हुन्छन्। कसैले संविधानमै यसको व्यवस्था गरेका छन् त कसैले कानून बनाएर यसको रक्षा गरेका छन्। नेपालको अन्तरिम संविधान २०६३ ले पनि यस हकलाई मान्यता दिएको छ। संविधानको धारा २८ मा भनिएको छ, "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।"

संविधानको यो मर्मको संरक्षण गर्न कानूनी व्यवस्था पनि गरिएका छन्। हुलाक ऐनले पत्राचार सम्बन्धमा सुरक्षा गरेको छ भने दूरसञ्चार ऐनले सङ्कटकाल वा सुरक्षाका कारण बाहेक व्यक्तिको टेलिफोन अवरोध गर्ने, टेप गर्ने जस्ता कुरामा नियन्त्रण गरेको छ। प्रमाण ऐनले पेशागत वा पारिवारिक गोप्य कुरा प्रकट गर्नु नपर्ने व्यवस्था गरेको छ।

त्यति मात्र होइन राज्यले कुनै विषयमा अनुसन्धान गर्नुपर्दा वा अपराधसँग सम्बन्धित सबुतप्रमाण खोज्नुपर्दा पनि गोपनीयताको हकको सम्मान गर्नुपर्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको १७२ नम्बरमा अपराध अनुसन्धानको सिलसिलामा खानतलासी र अपराधसँग सम्बन्धित प्रमाण संकलन गर्दा अपनाउनुपर्ने विधिको व्यवस्था गरिएको छ। पूर्व सूचना दिएर, अधिकारप्राप्त अधिकारीले तोकिएका व्यक्तिका माझमा, महिलाको तलाशी लिनुपर्ने भएमा निजको बेइज्जती नहुने गरी निजले पत्याएकी अरू कुनै महिलाबाट लिनुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी, नागरिक अधिकार ऐन २०१२ ले व्यक्तिको बासस्थानको सुरक्षाको अधिकारलाई नागरिक अधिकारको रूपमा परिभाषा गरेको छ।

अन्नपूर्णा राणाको बहुचर्चित मुद्दामा काठमाडौं जिल्ला अदालतले उनको 'पाठेघर परीक्षण' गर्न दिएको आदेशका विरुद्ध सर्वोच्च अदालतमा सुनुवाइ हुँदा अदालतले त्यसो गर्नु उनको गोपनीयताको हक विरुद्ध भएको भनी रोक लगाएको थियो। अदालतले भनेको थियो- "मन्जुरी

बेगर कसैको जीउ आदि जाँच गराउँदा गोपनीयताको अतिक्रमण हुन जान्छ । त्यसमा पनि मन्जुरी बेगर महिलाको योनि जस्तो गुप्ताङ्गको जाँच गराउँदा संविधानको धारा २२ ले प्रदान गरेको हकबाट बञ्चित हुन जान्छ । गोपनीयताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जीउ अङ्गको गोपनीयतामा अतिक्रमण गर्न नपाइने गरी गोपनीयताको हकको संवैधानिक सुनिश्चितताको स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भए पनि यदि शरीरको त्यस्तो अङ्ग निजको मन्जुरी वेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिलाई सो गोपनीयताको हकबाट वञ्चित गर्नुसरह हुने स्पष्ट देखिन आउँछ ।'[५२]

नेपालको अन्तरिम संविधान २०६३ का मस्यौदाकार वरिष्ठ कानूनवेत्ता लक्ष्मणप्रसाद अर्यालका अनुसार त गोपनीयताको हकको सम्बन्ध बाह्य सम्पत्ति, आवास, सूचनाको खुलासा वा प्रवाहसँग मात्र नभई मानिसको मानसिक र आध्यात्मिक विकाससँग सम्बन्धित कुरा पनि हो। मानिस एकान्तमा बसी चिन्तन गर्ने चिन्तनशील प्राणी हो। एकान्त साधनाबाट प्राप्त ज्ञानले नै समाजलाई ठूलो देन दिएको हुन्छ। यस्तो एकान्त वातावरणका बीच गरिने चिन्तनमा बाधा व्यवधान पनि गोपनीयताको हकको उल्लंघन हो ।[५३]

भनिन्छ, मुद्दाका पक्षले लोग्ने/स्वास्नीबीच भन्न नसकेका कुरा पनि आफ्ना वकिललाई बताएको हुन्छन् । आफ्नो पक्षको अहित नचिताउने भएकाले वकिललाई पक्षहरूले निजी मामिलाबारे पनि खुलेर बताएका हुन्छन् । त्यसैले वकिललाई मुद्दाको वास्तविक कुरा थाहा हुन्छ । यस्ता कुरा अरूलाई बताउनु व्यावसायिक आचरण विरुद्ध मानिन्छ । कानून व्यवसाय सम्बन्धी मान्यता अनुसार यो अपराध नै हो । यस्तो अपराध प्रमाणित भएमा उसको व्यावसायिक प्रमाणपत्र खारेज पनि हुन सक्छ । पत्रकारले सूचना संकलन गर्ने क्रममा यस्ता विषयमा थाहा पाउनुपर्छ ।

---

[५२] अन्नपूर्णा राणा विरुद्ध काठमाडौं जिल्ला अदालत समेत, नेपाल कानून पत्रिका २०५५ अङ्क ८ पृष्ठ४७६ ।

[५३] अर्यालसँग यो कुराकानी २०५८ सालमा गरिएको थियो । ३१ भदौ २०६६ मा उनको निधन भयो ।

## ५.४ शक्ति सन्तुलनको प्रभाव अदालतमा

अदालत पनि सबै अवस्थामा एकनासले अघि बढ्दैन भन्ने धेरै उदाहरण छन्। विवादका पक्ष र समय, परिस्थिति ठम्याएर मात्रै अदालतले पनि कुनै विवादमा हात हाल्ने गर्छ। जस्तै:

*“स्वयं प्रधानन्यायाधीश केदारप्रसाद गिरी प्रमुख अतिथि र सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश मीनबहादुर रायमाझी विशेष अतिथिका रूपमा उपस्थित सर्वोच्च अदालत बार एसोसिएसनले ३१ भदौ २०६५ मा आयोजना गरेको कार्यक्रममा अध्यक्ष विश्वकान्त मैनालीको अभिव्यक्ति (...न्यायाधीशको पद घूस खाने लाइसेन्स बन्न पुगेको छ...) सुनेर पनि कानमा तेल हालेर बसेजस्तो गरेका प्रमुख अतिथि र विशेष अतिथिबाट त्यसबखत कुनै प्रतिक्रिया आएन। तर, भोलिपल्ट पत्रिकामा छापिएको समाचारले न्यायालयभित्र भूकम्प नै आए जस्तो भयो।”*

*“भोलिपल्टै बसेको फूलकोर्टको बैठकले अन्नपूर्ण पोष्ट दैनिकका समाचारदाता यम विरहीलाई कारबाही गर्ने तयारी गऱ्यो। तर, नेपाल बारका अध्यक्ष मैनालीले समाचार लेख्ने पत्रकारलाई भन्दा बोल्ने व्यक्तिलाई नै कारबाही गरेर देखाउन चुनौती दिए।”*

*“न्यायालय पनि के कम ! सर्वोच्च अदालतको पूर्ण बैठकले अध्यक्ष मैनालीको वरिष्ठताको उपाधि खोस्नुका साथै ६ महीनासम्म कुनै पनि तहका अदालतमा बहस गर्न प्रतिबन्ध पनि लगाउने निर्णय गऱ्यो। नेपाल बार पनि सर्वोच्चको सो निर्णय विरुद्ध उत्रियो। यस घटनाले बार र बेञ्च (अदालत र कानून व्यवसायी)बीच द्वन्द्व मात्र सिर्जना भएन कि नेपालको इतिहासमा पहिलो चोटि केही दिनका लागि वकीलहरुबाट इजलास समेत बहिष्कार भयो। अन्त्यमा अध्यक्ष मैनाली माथिको कारबाही फिर्ता लिएर सहमति गरियो।”*

*“शाही आयोगको वैधानिकताबारे प्रश्न उठाउँदै अधिवक्ता सन्तोषकुमार महतोले दायर गरेको रिट निवेदन करीब १२ पटकसम्म पेसीमा राखेर पनि कारबाही अघि नबढेपछि एक राष्ट्रिय दैनिकले शाही*

*आयोग विरुद्धको रिट १२ पटकसम्म पेसीमा राख्दै सार्ने काम गरियो भन्ने समाचारलाई प्राथमिकताका साथ छाप्यो । यसरी राष्ट्रव्यापी रूपमा चासो बढेकाले बल्ल प्रधान न्यायाधीश सहितको विशेष इजलासले यस रिटलाई प्राथमिकतामा राख्यो । धेरै दिनको बहसपछि आखिर १ फागुन २०६२ का दिन सर्वोच्च अदालतले शाही आयोग खारेज गर्ने निर्णय गऱ्यो ।"*[५४]

---

[५४] मदन गौतम, न्यायालय र प्रेसबीचको सम्बन्ध विषयक कार्यपत्रबाट ।

# ६. अनुसूची

## ६.१ ध्यान दिनुपर्ने १० कुरा

१. आफ्नो समाचारले अदालतको अवहेलना हुन्छ कि भन्नेमा सचेत हुनुपर्छ । न्यायालयसँग सम्बद्ध कुनै व्यक्तिको काम कारबाहीलाई सिङ्गो न्यायव्यवस्थासँग जोडेर समाचार वा कार्यक्रम तयार गर्नुहुँदैन ।

२. अदालतले गरेको निर्णयमा उल्लिखित आधार र त्यसको मर्म अनुसारको शब्द समाचारमा प्रयोग भएन कि भन्नेमा ध्यान दिनुपर्छ । फैसलाका बारेमा समाचार वा सम्पादकीय टिप्पणी तयार गर्दा 'निर्णयाधार' खोज्नै पर्छ ।

३. कानूनी शब्द, शब्दावली र अभ्यासमा रहेका शब्द वा भनाइहरू प्रयोग गर्दा त्यसको अर्थ व्यापक संख्याका श्रोता, पाठक र दर्शकले ठम्याउन सक्छन्/सक्दैनन् भन्नेमा ध्यान दिनुपर्छ । उदाहरणका लागि, 'अदालतद्वारा झगडिया झिकाउने आदेश' भनेर मात्र पुग्दैन । 'झगडिया' भनेको को हो उसलाई झिकाउनु भनेको के हो भन्ने खुलाउनुपर्छ ।

४. सामान्यतया अदालती निर्णयहरू कागजातसहित सार्वजनिक हुने हुँदा औपचारिक निर्णय पर्खिनु उपयुक्त हुन्छ । तर, आफूलाई भरपर्दो र विश्वसनीय लाग्छ भने पुष्टि गरेर कुनै मामिला औपचारिक रूपमा बाहिर आउनुअघि नै पनि समाचार वा कार्यक्रमका रूपमा छाप्न/प्रसारण गर्न सकिन्छ ।

५. न्यायाधीश, मुद्दाका पक्ष, वकिल र अदालतका कर्मचारीहरू समाचारका भरपर्दा स्रोत हुन्। तर, कतिपय अवस्थामा उनीहरूमा मात्र भर पर्दा गल्ती पनि हुनसक्छ। त्यसतर्फ पत्रकार सधैं चनाखो हुनुपर्छ। जोसुकैले टेलिफोनमा टिपाउने समाचारमा पनि यो कुरा लागू हुन्छ।

६. अदालतले फैसला गरेर दोषी नभनेसम्म, अभियुक्त (दोष लगाइएको व्यक्ति) ले अपराध गरेको स्वतन्त्र रूपमा स्वीकार नगरेसम्म वा आफूसँग बलियो आधार नभएसम्म कसैलाई पनि दोषी अर्थ लाग्ने गरी समाचारमा प्रस्तुत गर्नुहुँदैन।

७. सामान्यतया अदालतले मुद्दा छिन्दा मात्र फैसला शब्दको प्रयोग गर्छ। अरू बेला उसले कागजात, साक्षी तथा अन्य प्रमाणहरू झिकाउँछ, त्यसलाई आदेश भनिन्छ। अन्तरिम आदेश र अन्तरकालीन आदेशमा रहेको भिन्नता थाहा पाउनुपर्छ। त्यसैगरी आदेश र फैसलाको भिन्नता बुझ्नुपर्छ। रिट निवेदनमा अदालतले फैसला होइन आदेश गर्छ।

८. प्रजातान्त्रिक मान्यता अनुसार, अदालतमा विचाराधीन विवादको निर्णय नहुँदासम्म थुप्रै निकायहरू 'सुनुवाइ जारी रहेको' भनेर मौन बस्छन्। पत्रकारले त्यसबारे समाचार नलेखी नहुने अवस्थामा पनि न्यायाधीशलाई कुनै पक्षमा लाग्नै पर्ने परिस्थिति निर्माण हुने गरी समाचार लेख्नुहुँदैन।

९. समाचारका पछाडि लुकेको निहित उद्देश्य नबुझी प्रकाशन/प्रसारण गर्दा आफूलाई कसैले प्रयोग गरिरहेको छ कि भनेर सचेत हुनुपर्छ।

१०. महिला, बालबालिका, अपाङ्ग जस्ता पक्ष जोडिएका विवादबारे आफूले तयार गर्ने सामग्रीले उनीहरूलाई थप पीडा नहोस् भन्नेमा संवेदनशील हुनुपर्छ।

## ६.२ अदालत र पत्रकारको सम्बन्ध

**मीनबहादुर रायमाझी**[५५]

जबसम्म समाज समुन्नत हुँदैन तबसम्म राज्यको समुन्नति सम्भव छैन। त्यसैगरी प्रत्येक नागरिक जबसम्म समुन्नत हुँदैन तबसम्म समाज समुन्नत हुन सक्दैन। यसैले देशको समुन्नतिका निमित्त प्रत्येक नागरिक समुन्नत हुनु आवश्यक छ । संवैधानिकीकरणको सञ्चार प्रत्येक नागरिकको रङमा जबसम्म हुँदैन, तबसम्म संवैधानिक लक्ष्य कोरा कल्पनामा सीमित रहन्छ। संवैधानिकको रक्तसञ्चारको प्रमुख माध्यम पत्रकारिता नै हो। यसैले पत्रकारिता राष्ट्रको अनिवार्य आवश्यकता हो भन्नु अत्युक्ति नहोला।

लिखित संविधानमा राज्यका प्रमुख अंगका रूपमा विधायिका, कार्यपालिका, न्यायपालिका स्वीकार गरिएको र तिनीहरूको अधिकार र कर्तव्य संविधानद्वारा निर्धारित गरिएको हुन्छ। शुद्ध र सक्षम पत्रकारिताका माध्यमबाट समाजमा पर्ने असर र यसको महत्त्वलाई बुझी संविधानद्वारा स्पष्ट रूपमा किटान नगरिए तापनि यथार्थमा पत्रकारितालाई राज्यको चौथो प्रमुख अंगका रूपमा स्वीकार गरिएको छ । विधायिकामा पेश हुने प्रत्येक विधेयकको औचित्य, त्यसका सकारात्मक र नकारात्मक पक्ष प्रस्तुत गर्दै उपयुक्त सुझावका साथ समाजमा जानु, कार्यपालिकाबाट भएका कामकारबाहीको समुचित मूल्यांकन गरी जनतालाई सूचना प्रवाह गर्नु, न्यायपालिकाबाट भएका फैसलाको निस्वार्थ मूल्यांकन गरी समाजमा परेको वा पर्न सक्ने असरबारे जनतालाई सुसूचित गर्नु, बौद्धिक खुराक

---

[५५] पुनरावेदन अदालत हेटौंडामा मुख्य न्यायाधीश हुँदा रायमाझीले लेखेको यो लेख २०५५ असोज २ गतेको पत्रिका सातदिने बाट साभार गरिएको हो। रायमाझी सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदबाट सेवा निवृत्त भइसकेका छन्।

दिने कार्यमा तत्पर रहनु, मानवअधिकार र सर्वतोमुखी व्यक्तिको इज्जत र प्रतिष्ठामा आघात पर्ने कार्यतर्फ सचेत रहनु पत्रकारिता जगतको धर्म रहेको कुरामा दुईमत हुनै सक्दैन ।

राज्यको चौथो अंगका रूपमा स्वीकार गरिए पनि संविधानमा पत्रकारिता जगतको अधिकार र कर्तव्यको सुव्यवस्था भएको छैन । यस अवस्थामा पत्रकारितामार्फत ल्याउन सकिने जनजागरण, जनचेतना, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका काम कारबाहीमा ल्याउन सकिने सुधार, बौद्धिक जगतलाई बौद्धिक खुराक प्रदान गर्ने अनि जनताका हकहितलाई गर्न सकिने सुरक्षा आदिलाई मूल्याङ्कन गर्दा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको भन्दा सक्षम र श्रेष्ठ भूमिका पत्रकारिता जगतले निर्वाह गर्न सक्ने स्पष्ट देखिएको छ ।

न्यायाधीश र पत्रकारिताको कार्य एउटै हो- सत्यको खोज र सत्यको निरूपण गर्नु । अदालतबाट हुने न्यायको निरूपणमा सत्य नै पहिचान हुनु आवश्यक छ तर समाजमा चेतनाको कमीबाट हुने गरेको झुटा कुराको सहाराले वा झुटा प्रमाणको परिणामबाट झुटा व्यवहारले कहिलेकाहीं स्थान लिएको पनि हुन सक्दछ । यसो हुनुमा समाजको दोष रहन्छ । कारण न्यायाधीश कानून र प्रमाणको सीमाभन्दा बाहिर जान सक्दैन । तर पत्रकारितामा पत्रकारले प्रमाणको पुष्टि दिनुपर्दैन । प्रमाणको अभावमा साँचो कुरा बोल्न र लेख्न छुट छ । तर लेखिएको र छापिएको कुरा लोकहित अनुकूल सत्य र न्यायसङ्गत हुनुचाहिं अनिवार्य शर्त हो । सत्य सर्वदा सत्य नै हुन्छ । यथार्थ रूपमा सत्य हो भने सत्यको विजय निश्चित छ । तर पनि कति कुराहरू होलान् जो सत्य भए तापनि त्यस्ता समाचार प्रकाशनले समाजमा कुप्रभाव वा राष्ट्रलाई नै खतरा वा वर्ग सन्तुलनमा आँच आउने वा व्यक्तिगत जीवन छिन्नभिन्न हुने अवस्थामा पत्रकारिता जगतले आफ्नो संयम तोडी राष्ट्र, समाज, वर्ग वा व्यक्तिको निजी जीवनसँग खेलबाड गर्न कदापि उपयुक्त हुँदैन । त्यसैले राष्ट्र, समाज र व्यक्तिका निजी जीवनका हरेक पक्षमा सन्तुलन राखेर अगाडि बढ्न सक्ने वैचारिक आलोक पत्रकारिता जगतको परम आवश्यक वस्तु बन्न पुगेको छ ।

पत्रकारको कलम गैरजिम्मेवारी कार्यतर्फ चलाउनु हुँदैन । कुनै कुरा लेख्नु वा छाप्नु अगाडि म कुनै कुभावनाबाट प्रभावित त छैन, यो खबरले समाज वा कसैको जीवनलाई अस्तव्यस्त त पार्दैन भन्नेतर्फ विशेष सोच हुनुपर्दछ । बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि समाचार लेख्ने, पाठ्यसामग्री प्रकाशित गर्ने विचार र अभिव्यक्तिको स्वतन्त्रता त प्राप्त भयो तर संविधानकै भावनाभित्र रहेको गाली, बेइज्जती, अवहेलना, सार्वजनिक शिष्टाचार, नैतिकता जस्ता कुराहरूतर्फ विचार पुऱ्याउनुपर्ने पत्रकारको जिम्मेवारी भने पूरा हुन सक्यो वा सकेन । अधिकारप्रति सचेत रहने र कर्तव्यचाहिं बिर्सने हाम्रो बानी पुरानै भइसकेको छ । आजकाल कतिपय पत्रिका पढ्दा गाली बेइज्जतीपूर्ण र शिष्टाचार विपरीतका खबर छापी हुर्मत लिने कार्यतर्फ उन्मुख भएजस्तो आभास मिल्न थालेको छ । आज हाम्रो समाजले पत्रकार जगतबाट साँचो समाचार अनि बौद्धिक खुराकको अपेक्षा राखेको छ जुन अपेक्षा विपरीत कार्य भएको अवस्थामा पत्रकार जगत नै वितृष्णाको चपेटामा त पर्ने हैन ? यो सोच्नुपर्ने बेला भइसकेको छ ।

शिक्षामा आएको जागरणको कारण हाम्रो देशको साक्षरता ४५ प्रतिशत नाघिसकेको छ । देशमा आएको शैक्षिक एवं राजनीतिक जागरणका कारण नागरिक आफ्ना संवैधानिक र कानूनी हकतर्फ सचेत छन्। पत्रिकामा छापिएका समाचारका कारण अदालतमा गाली, बेइज्जती मुद्दाको सङ्ख्यामा पनि वृद्धि भई नै रहेको छ। गाली, बेइज्जती गर्नेलाई सजाय र पीडितलाई केही हदसम्म क्षतिपूर्ति दिने ऐन पनि आइसकेको छ तर पनि अदालतको कामकारबाहीलाई विहङ्गम दृष्टि दिंदा अदालत पत्रकारिता जगतको काम कारबाहीमा आँच आउन सक्ने सम्भावनातर्फ सचेत रहेको छ। अदालत समक्ष कसैले कुनै कुराको दाबी लिइआएको अवस्थामा त्यस्ता दाबीउपर अदालतले विचार गर्नुपर्ने नै हुन्छ । यसै परिप्रेक्ष्यमा यदाकदा केही पत्रकारलाई नगण्य रूपमा थोरै सजाय भएको होला । अदालतमा पत्रकारहरू उपर परेका गाली, बेइज्जती, अवहेलना मुद्दाको सम्पूर्ण तथ्याङ्क पल्टाउने हो भने सजाय भएको शायद एक प्रतिशत पनि भेट्नु हुन्न होला। पत्रकार जगतको समस्या, शैक्षिक स्तर,

सूचना प्रवाहमा साधनस्रोतको समस्या, पत्रकारितामा संलग्न व्यक्तिहरूको न्यून सङ्ख्या आदिका कारणबाट पत्रकारितालाई जीवित राख्न पनि अदालतको यस्तो उदार धारणा बनेको हो ।

अब हिजोको अवस्थामा पत्रकारिता छैन, समाचार संकलनको साधन र स्रोत पर्याप्त छ । अब जनताको जीवनसँग खेलबाड गरी बेइज्जती जस्ता कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति दिन नसकेको अवस्थामा अदालतबाट पीडितउपर अन्याय पर्न जान्छ । जनआस्था, प्रतिष्ठा, इज्जत भन्ने कुरा आर्जन गर्न सजिलो छैन । वर्षौं वर्षको तप, त्याग र परिश्रमबाट मात्र यो सम्भव छ । जसरी वर्षौं लगाएर निर्माण गरिएका इमारत क्षणभरमा नोक्सान पार्न सकिन्छ त्यसै गरी क्षणभरमा नै कसैको इज्जत र प्रतिष्ठामा आँच आउने कार्य गर्न सकिन्छ । त्यसतर्फ हामीले सतर्कता अपनाउनुपर्छ । विधायिका, कार्यपालिका र न्यायपालिकाले आफ्ना त्रुटि, कमी-कमजोरीहरूलाई सुधार गरी संवैधानिक दायित्व निर्वाह गर्नुपर्ने कुरामा दुईमत हुन सक्दैन । जनताका हकहितको संरक्षण गर्ने कुरामा अदालत एवं पत्रकार एकअर्काका पूरक हुन् । यसैले यी दुवै निकायबीच सुमधुर सम्बन्धको आवश्यकता जहिले, जुन समयमा पनि अपरिहार्य हुन्छ । आफूले सम्पादन गरेका कार्यलाई लिएर जनतासमक्ष जाने, जनसमर्थन जुटाउने काम अदालतबाट हुँदैन । अदालतबाट भएका महत्त्वपूर्ण कार्यलाई जनसमक्ष प्रस्तुत गरेर अदालतको इज्जत र प्रतिष्ठा जगेर्नाका निमित्त पत्रकार जगत निरन्तर रूपमा प्रयत्नशील भइरहनुपर्छ । यो काम नभएमा अदालत कमजोर हुन्छ । अदालतको शक्ति भनेको नै जनआस्था हो ।

## ६.३ अदालत र प्रेसको जवाफदेही

**दमननाथ ढुंगाना**[५६]

पत्रकारहरूद्वारा मलाई सोध्ने गरिन्छ 'हामीले अदालतमा भ्रष्टाचार छ, न्यायाधीशहरूले भ्रष्टाचार गरेका छन् भनेर पनि लेख्न नपाउने ?' मैले जवाफमा भन्ने गरेको छु, 'तपाईंहरू तथ्यमा आधारित समाचार लेख्नुहोस् ।' मलाई लाग्छ, प्रेस अदालतसँग अनावश्यक रूपमा डराइरहेको छ । अदालतको मानहानिसँग प्रेस जति डराएको छ, त्यति अदालतले पनि मनपरी गरी केही गर्न सक्दैन । यस अर्थमा प्रेस अदालतसँग अनुचित मात्रामा डराएको छ । अदालतबारे प्रेसमा पनि अज्ञानता छ । त्यस्तै, अदालतमा पनि प्रेसको समग्र भूमिकाबारे अज्ञानता छ । नयाँ प्रजातन्त्रमा यस्तो हुन्छ । समयले र अभ्यासले स्थिति, सीमा, संयम, संस्कार तथा पारस्परिक समझदारी बनाउँदै लैजान्छ । प्रश्न यति मात्र हो, समयलाई पर्खने कि यथास्थानबाट गर्नुपर्ने कुरा गर्न अग्रसरता पनि देखाउने ?

न्यायपालिकालाई सार्वजनिक प्रतिक्रियाले सजग बनाइरहेको हुन्छ । नाजायज ठाउँमा हात हाल्यो भने आफैं झुटा ठाउँमा पर्छु भन्ने न्यायपालिकालाई पनि थाहा हुन्छ । न्यायाधीशहरू पनि यही समाजका मानिस भएकाले गुण, दोष उनीहरूमा पनि हुन्छन् । त्यसकारण प्रेसले सत्य-असत्य छुट्ट्याएर सबैलाई सचेत बनाउनुपर्छ भन्ने मलाई लाग्छ ।

---

[५६] पूर्वसभामुख तथा वरिष्ठ अधिवक्ता ढुंगानाले १२ वर्षअघि विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल प्रेस इन्स्टिच्युटद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा व्यक्त गरेको विचार आज पनि उत्तिकै सान्दर्भिक छ । हिमाल खबरपत्रिका १६-३० जेठ २०५६ बाट साभार ।

अदालतको मानहानिको सन्दर्भमा नेपाली प्रेस अनावश्यक रूपमा डराएको यसकारण पनि हुन सक्छ कि, उसलाई अदालतको मानहानि भनेको के हो र यसको क्षेत्र कति छ भन्ने थाहा छैन। अदालत र न्यायाधीशको सम्बन्धमा लेखेकै कारण पुर्जी काट्न पाइँदैन। न्याय प्रभावित हुने गरी मात्र केही लेख्न नपाइने हो। त्यसबाहेक जस्तो, अदालतमा तारेखमा झुलाएर राख्ने, ५०औं पेसी सारी मात्र राख्ने, पेसी एउटै न्यायाधीशकहाँ पार्ने, आफूले ठीक ठानेको न्यायाधीशकहाँ नपरे मुद्दा हटाउने जस्ता कामहरूभित्र पनि त धेरै समाचार हुन्छन्। यस्ता कति कुराहरू छन् जसलाई हामी मानहानिका डरले लेख्दैनौं। एउटा मुद्दामा कति वटा पेसी चढेका छन्, कसरी फैसला भइरहेको छ, खोइ त हामीले लेखेको? अहिलेसम्म पनि हाम्रो धारणा यो छ कि अदालतका बारेमा हामीले केही लेख्नुहुँदैन। हामीसँग कानूनी क्षेत्र हेर्ने संवाददाताहरू पनि धेरै छैनन्।

स्वतन्त्र प्रेसको उद्देश्य संविधानको रक्षा गर्नु पनि हो भने यो एउटा मिसन हो भन्ने बिर्सनु भएन। तथ्यपूर्ण समाचार प्रवाह गरेकै कारण सजाय भयो त भयो, हिम्मत किन नगर्ने? हामी यो पेशाप्रति इमान्दार भएपछि जेल जान किन डराउने? अपील गर्ने, त्यसपछि नभए जेल बस्ने। यसपछि त अवहेलना सम्बन्धी कानून बन्ला र त्यसले परिभाषा गर्ला कि कुन कुरा लेखे मानहानि हुन्छ, कुन कुरामा हुँदैन। प्रजातन्त्रको विकासका लागि समयको माग छ, हाम्रो प्रेसले क्रुसेडरकै भूमिका खेलोस्।

अदालतको मानहानिका सम्बन्धमा कस्तो कानून चाहिन्छ भन्ने सम्बन्धित क्षेत्रले जान्ने कुरा भयो। तर दुनियाँको व्यवहारमा के पाइन्छ भने सञ्चारसँग सम्बन्धित संस्थाहरूले यसको पहल गर्ने गरेका छन्। प्रेसले यस्ता विषयहरूमा आफ्नै पहल र प्रयत्न पनि गर्नुपर्छ भन्ने मलाई लाग्दछ। मानहानि सम्बन्धी छुट्टै कानूनको व्यवस्था हुँदा प्रेस र अदालतबीचको संकीर्णता र अविश्वास धेरै नै हट्छ। दृष्टि र दायरा फराकिलो हुन्छ। आफ्ना कमजोरी र भ्रष्टाचार लुकाउन अदालतले मानहानिको हतियार अगाडि सार्दछ भन्ने जनधारणा पनि घट्दै जान्छ।

हामीले संविधान निर्माण गर्दा अभिव्यक्ति स्वतन्त्रताको आधुनिकतम

पक्षमा ध्यान पुऱ्याई वर्तमान संसदीय व्यवस्थाको एउटा मूल आधार सूचनाको हक हुनुपर्ने ठहऱ्याएका छौं। यातना विरुद्धको हकलाई मौलिक हकको विशिष्ट स्थानमा राखेका छौं। तर व्यवहारमा यातना सम्बन्धी उजुरीहरू देखिएका छैनन्। तर कुनै सार्वजनिक पदमा बसेको व्यक्तिले कानूनको उल्लंघन गरेमा यातना सम्बन्धी कानूनका आधारमा त्यसलाई ठीक ठाउँमा ल्याउन सकिन्छ। नत्र कर्तव्य पालनाको नाममा कसैले हद जति नाघे पनि दण्डविहीन भइरहन्छ। जस्तो कि एउटा प्रहरी अधिकृतमाथि पनि ज्यान मुद्दा लाग्न सक्छ, उक्त प्रहरीको कारबाही आफ्नो कर्तव्यपालनाको सिलसिलाभन्दा बाहिर छ भने। यातनासम्बन्धी कानूनले कर्तव्यको सीमा नाघेर यातना दिन निषेध गरेजस्तो मानहानिसम्बन्धी छुट्टै कानून बनेपछि त्यसले अहिले भएजस्तो भ्रम र भयमुखी कुहिरो हटाएर धेरै कुरा छर्लङ्ग पार्न र व्यवस्थित गर्न सक्छ।

अदालतको मानहानि सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त के हो भने न्यायाधीशलाई उसले गर्ने फैसलामा प्रभाव पार्न अथवा देखादेख अवरोध खडा गर्न खोजियो भने मात्र यो आकर्षित गरिन्छ। त्यसकारण मानहानिको दायरा र क्षेत्र फराकिलो छ भन्ने सबैको सदाशय प्रेसले प्रतिनिधित्व गरेको मानिनेछ। मैले त अहिले अदालतको मात्र होइन प्रेसको पनि कमजोरी देखेको छु। प्रेस पनि अनावश्यक रूपमा डराएर अदालतप्रति लेख्न सकिने विषयहरूमा पनि केही लेखिरहेको छैन। अदालतप्रतिको जनधारणा र जनताको अनुभव प्रेसले पनि जिम्मेवारीसाथ सार्वजनिक गर्नुपर्छ। अदालत र जनताबीचको वास्तविक भावना वा खाडल व्यापक जानकारीको विषय बन्नुपर्दछ। यो सार्वजनिक गर्ने काममा प्रेसको अग्रगण्य भूमिका हुनै पर्दछ।

प्रेसको भूमिका नै जनसरोकारको कुरा व्यापक रूपमा थाहा दिनु र सुधारको बाटो खोज्न मद्दत गर्नु हो। यसमा न्यायपालिकाको संस्थालाई मात्र प्रेसले अपवाद बनाएर राख्न मिल्दैन। यसो गर्दा अदालत जनमतप्रति जवाफदेही नहुनुपर्ने छुट्टै टापू हुन पुग्छ। सधैंभरि मेरो जोड केमा छ भने सरकार र विधायिका जनताप्रति जवाफदेही हुनुपरे जस्तै न्यायपालिका पनि आफ्नो विशिष्ट मर्यादा अनुरूप जनताप्रति जवाफदेही हुनै पर्छ।

## ६.४ एक पूर्व प्रधान न्यायाधीशको टिपोट

**ओमभक्त श्रेष्ठ**[५७]

१. लोकसेवा आयोग पास गर्न नसकी शाखा अधिकृत हुन समेत अयोग्य ठहरेका, व्यवसायमा स्थापित नभएका, न्यूनतम योग्यता मात्रै पुगेका खास राजनीतिक धारमा आवद्ध व्यक्तिहरू, केही कानून व्यवसायीहरूलाई न्यायाधीशमा नियुक्त गर्ने चलनले गर्दा सिर्जित नकारात्मक प्रभाव न्यायपालिकामा सधैंका लागि रहने भएको छ । सत्तारुढ दलमा आबद्ध १० वर्ष पुरानो प्रमाणपत्रधारीहरू नियुक्तिको चर्चा चल्नेबित्तिकै महत्त्वाकाङ्क्षामा बहकिएर आफूलाई माननीय न्यायाधीशको कल्पना गर्न थाल्ने विडम्बनापूर्ण संस्कृतिको विषवृक्षले जरा गाडिसकेको छ । त्यसैले न्यायाधीशको पद कुहिएको गोलभेंडा जस्तो भएको छ ।

२. हामीकहाँ योग्य र इमान्दार न्यायाधीशहरूको कमी छैन, मात्र तिनको सही मूल्यांकनको कमी छ। योग्यता र क्षमता मूल्यांकनका आधार बन्न सकेका छैनन् । राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने र खराब काम गर्नेलाई निरुत्साहित गर्ने अर्थात् गुणीलाई कदर र दोषीलाई सजाय गर्ने परिपाटी नभएसम्म सद्चरित्रको जगेर्ना हुँदैन।

३. न्यायाधीशहरूको नियुक्ति र छनोटमा कोटाबन्दी भएको छ, गुटबन्दी भएको छ, संरक्षण र भागबण्डाले प्रश्रय पाएको छ ।

---

[५७] यी अंशहरू सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको चौथो सम्मेलनमा सर्वोच्च अदालतका तत्कालीन वरिष्ठ न्यायाधीश ओमभक्त श्रेष्ठ (जो पछि प्रधान न्यायाधीश पदबाट सेवा निवृत्त भए) ले प्रस्तुत गरेको कार्यपत्रबाट झिकिएका र काठमाडौं टुडे १ फागुन २०५४ बाट साभार गरिएका हुन् ।

४. नियुक्तिकर्ताहरूले नियुक्तिमा प्रष्ट आधार र मान्यता खडा नगरी, न्यायिक नियुक्तिको आधारभूत सिद्धान्तसम्म अवलम्बन नगरी मरमोलाहिजामा वा मनोगत आधार खडा गरी त्यसलाई कुनै तर्क र आधारबाट प्रमाणित नगरी गलत उद्देश्यबाट गरिएका न्यायिक नियुक्तिका आलोचनाहरूलाई भने नियुक्तिकर्ता सबैले संवेदनशील रूपमा लिनुपर्ने हुन्छ । आगामी दिनहरूमा यस्ता गल्तीहरूलाई सच्याउँदै लैजानु श्रेयस्कर हुनेछ ।

५. न्यायाधीश हुन खोज्नेहरूबीच दुई वटा प्रवृत्तिहरू देखा परेका छन् । कानून व्यवसायीको पेशामा स्थापित हुन नसकेका तथा न्यायाधीश हुन पाए राम्रै जीविकोपार्जन हुन सक्छ भन्ने धारणा राख्ने एकथरी छन् भने दाम कमाइयो अब नाम कमाउन पाए हुन्थ्यो भन्ने प्रवृत्ति भएका अर्काथरी छन् ।

६. हामी अझै पनि पुरातन मान्यता र प्रक्रिया अनुरूप नै संवैधानिक अधिकारको प्रयोग गर्दै आएका छौं। त्यसैले नयाँ व्यवस्थापन, नयाँ प्रविधि र नयाँ चिन्तनद्वारा नयाँ विधिशास्त्रको विकास गर्ने कुरा टाढै रहे । गतिशील समाजको आवश्यकता अनुकूल कल्पनाशील न्यायपालिकाको निर्माण गर्न हामीले अझै सकेनौं र न्यायलाई छिटोछरितो, कम खर्चिलो र भरपर्दो बनाउन सकिएन ।

७. न्यायाधीशको सेवालाई सस्तो र नि:शुल्क बनाइयो । न्यायाधीश भनेको नि:शुल्क उपलब्ध हुने र मूल्यहीन प्रकृतिप्रदत्त वस्तुजस्तो होइन । कानूनी रीत पुऱ्याई नियुक्ति र अख्तियारी दिँदैमा जो कोही पनि न्यायाधीश हुन्छ भन्ने हो भने बेग्लै कुरा हो नत्र भने त्यस्तो प्रवृत्ति अनुत्तरदायी र खतरनाक हुन सक्छ । यसरी न्यायको विकास हुने होइन विनाश हुन सक्छ ।

८. कसैप्रति जवाफदेही नभएको न्यायपरिषद्बाट हुन सक्ने दुष्परिणाम रोक्नका लागि कुनै संवैधानिक प्रावधान नभएकाले प्रजातन्त्रमा यस्तो संस्थाको औचित्य कति रहन्छ भन्ने कुरा विचारणीय छ । न्यायपालिका धुन्धुकारी हुनुहुँदैन ।

९. न्यायपालिकालाई पनि प्रजातन्त्रीकरण गर्नु आवश्यक छ। किनभने अनुत्तरदायी तथा स्वेच्छाचारी प्रवृत्ति बढेको छ।

१०. एकातिर आर्थिक नि:शस्त्रीकरण र अर्कोतिर राजनीतिक आधारमा जति पनि अदालत गठन गर्ने प्रवृत्तिको चापमा न्यायपालिका परेको छ।

११. लोकसेवा आयोगको शाखा अधिकृत परीक्षामा सफल व्यक्ति उपसचिव र बढीमा जिल्ला न्यायाधीश सम्म हुनसक्ने र सोही परीक्षामा असफल हुने व्यक्ति चाहिं पुनरावेदन अदालतको न्यायाधीश हुन पाउने व्यवस्था आफैंमा विडम्बनायुक्त छ र यसरी एउटा ठट्टाको राम्रो नमूना बन्नु न्यायपालिकाका लागि हितकर छैन।

१२. लुकाएको सम्पत्ति खोज्न सक्ने र झुटो विवरण दिनेलाई सजाय गर्ने कानूनी व्यवस्थाको अभावले भ्रष्टाचार नियन्त्रण प्रभावकारी भएको छैन।

## ६.५ न्यायाधीशको आचारसंहिता, २०५५[५८]

१. न्यायाधीशले आफ्नो पदीय हैसियतबाट अथवा निजी तवरबाट समेत अदालतको विश्वसनीयता वा गरिमामा आँच पुग्ने किसिमको कुनै काम कारबाही गर्न वा गर्न दिन उक्साउनुहुँदैन ।
२. न्यायाधीशले आफू वा आफ्नो परिवारको कुनै सदस्य शेयरहोल्डर रहेको कुनै कम्पनी वा संस्था सम्बन्धित भएको कुनै विवादको निरुपण गर्नुहुँदैन ।
३. न्यायाधीशले शेयर, डिबेन्चर खरिद-बिक्री गराउने वा अन्य यस्तै प्रकृतिको सट्टाबाजी व्यवसाय सञ्चालन गर्नुहुँदैन ।
४. न्यायाधीशले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफू एक्लै वा कुनै समूह वा व्यक्तिसँग आबद्ध भई वा नभई कुनै व्यापार, व्यवसायमा संलग्न हुनुहुँदैन ।
५. न्यायाधीशले आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थाबाट कुनै किसिमको उपहार, दान वा चन्दा ग्रहण वा स्वीकार गर्न तथा कुनै किसिमबाट जुनसुकै प्रयोजनका लागि चन्दा, दान वा सहयोग उठाउने काममा लाग्नुहुँदैन ।
६. न्यायाधीशले प्राप्त गर्ने भनी कानूनद्वारा स्पष्ट रूपमा उल्लेख भएको तथा सरकारले निर्णय गरी स्पष्ट रूपमा प्रदान गरेको सुविधाबाहेक पद वा सेवाको लागि अपरिहार्य वा आवश्यक पूर्वशर्त वा पूर्वाधार हो भनी वा यस्तो सुविधा लिन मिल्छ भन्ने व्याख्या गरी कुनै किसिमको वित्तीय वा अन्य सुविधा वा सहुलियत लिने वा दिलाउने प्रयत्न गर्नुहुँदैन ।

---

[५८] सर्वोच्च अदालत बुलेटिन

७. न्यायाधीशले आफ्नो परिवारको कुनै पनि सदस्य (पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाईं, दाजु, भाइ, दिदी, बहिनी) लाई आफूले निरुपण गर्ने विवादको निरुपणको क्रममा आफूसमक्ष वा अदालतमा उपस्थित हुन वा विवादमा संलग्न हुन अनुमति दिनुहुँदैन।

८. न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य कानून व्यवसायी भएको मुद्दा निरुपण गर्नुहुँदैन।

९. न्यायाधीशले आफ्नो पदीय हैसियतबाट कानून बमोजिम प्रयोगका लागि प्राप्त गरेको कुनै किसिमको सुविधाको दुरुपयोग गर्न वा गर्न दिनुहुँदैन।

१०. न्यायाधीशले अदालतमा विचाराधीन रहेको वा अदालतबाट निरुपण भइसकेको कुनै विवाद वा प्रसङ्गलाई लिएर अदालतको मर्यादा, गरिमा र विश्वसनीयतामा आँच पुग्ने किसिमले कुनै सञ्चारमाध्यम मार्फत अन्तर्वार्ता दिन वा राय एवं प्रतिक्रिया व्यक्त गर्नुहुँदैन।

११. न्यायाधीशले कुनै अदालतमा विचाराधीन रहेको विषय राजनीतिक प्रकृतिको विषय तथा अदालतमा न्यायिक निरुपणका लागि प्रस्तुत हुनसक्ने कानूनी प्रश्न निहित भएको सार्वजनिक सरोकारका विवादास्पद विषयहरूमा आफ्नो राय वा प्रतिक्रिया व्यक्त गर्नुहुँदैन।

१२ न्यायाधीशले आफ्नो परिवारको कुनै सदस्य वा नजिकको नातेदार वा घनिष्ठ मित्रसँग सम्बन्धित बाहेक अदालतमा विचाराधीन रहेको वा निरुपणका लागि अदालतमा प्रस्तुत हुने क्रममा रहेको कुनै मुद्दा वा विवादसँग सरोकार रहेको कुनै व्यक्ति वा पदाधिकारीबाट आतिथ्य, दान वा उपहार स्वीकार वा ग्रहण गर्नुहुँदैन।

१३. न्यायाधीशले कानून र न्यायसँग सम्बन्धित बाहेक पदीय कर्तव्यमा प्रभाव पार्ने अन्य कुनै किसिमको संस्थाको कार्यकारी पदमा रहनु वा त्यस्तो पदमा उम्मेदवारी दिनु वा त्यस्तो संस्थामा हुने मतदानमा भाग लिनुहुँदैन।

१४. न्यायाधीशले मुद्दासँग सरोकार रहेका पक्षहरूसँग कुनै किसिमको कारोबार गर्नु/गराउनुहुँदैन।

१५. न्यायाधीशले मरमोलाहिजा, पक्षपात, भनसुन वा द्वेष तथा प्रतिशोधको भावना राखी निर्णय गर्नुहुँदैन ।

१६. न्यायाधीशले न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षता अक्षुण्ण राख्न सदैव तत्पर रहनुपर्दछ । न्यायाधीशले न्यायाधीशप्रति सधैं असल व्यवहार गर्नुपर्छ ।

१७. न्यायाधीश आफू र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल-अचल सम्पत्तिको सम्पूर्ण स्थिति र त्यसको स्रोतसमेत न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिहरूले न्यायाधीशको पदमा नियुक्ति भएको मितिले एवं बहाल रहेका न्यायाधीशहरूले आचारसंहिता लागू भएका मितिले ३५ दिनभित्र न्यायपरिषद् सचिवालयमा पेश गर्नुपर्दछ र यसरी पेश गरिएको विवरण प्रत्येक दुई वर्षमा अद्यावधिक गराउनुपर्दछ ।

१८. न्यायाधीशले अदालतको उच्चतम मर्यादा र गरिमामा आँच पुग्ने कुनै किसिमको काम कारबाही हुन नदिन सदा सचेष्ट रहनुपर्दछ ।

१९. न्यायाधीशले मूलतः अदालतको गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठामा नै आफ्नो पनि गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठा सन्निहित रहेको सम्झी कर्तव्य निर्वाह गर्नुपर्दछ ।

## ६.६ पत्रकार आचारसंहिता

**पत्रकार र आम सञ्चारमाध्यमले के गर्नुहुँदैन ?[५९]**

१. बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन र वितरण गर्नुहुँदैन ।

२. सामाजिक न्याय र सद्भावना प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

३. समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा वा अनुमति बेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनुहुँदैन ।

४. संचारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएको सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

५. जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ जस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

६. पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्वीर, चित्र र

---

[५९] प्रेस काउन्सिल नेपालको पत्रकार आचारसंहिता २०६०, (संशोधित तथा परिमार्जित-२०६४) बाट

दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

७. यौनजन्य अपराध र सामाजिक अवहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको समेत स्वीकृति विना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

८. विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्तो क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्वीर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन ।

९. समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

१०. कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

११. कुनै टिप्पणी वा स्पष्टताविना तस्वीर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

१२. विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्नु, विज्ञापन मार्फत समाचारको खण्डन गर्नुहुँदैन । त्यस्तै एउटा सञ्चारमाध्यमबाट प्रकाशित-प्रसारित समाचारको खण्डन सामान्यत: अर्को सञ्चार माध्यमले गर्नुहुँदैन ।

१३. कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुन: प्रकाशन-प्रसारण वा वितरण गर्नुहुँदैन। त्यसरी उद्धृत गर्दा सामान्यत: मूलस्रोतको सहमति लिनुपर्दछ ।

१४. पत्रकार वा सञ्चारमाध्यमले समाचार स्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति संचारमाध्यमको दुरुपयोग गर्नुहुँदैन ।